# परिच्छेद एक : परिचय

## १.१ . अध्ययनको पृष्ठभूमि

परापूर्व कालदेखि गुरुकुल हुदै विकासक्रममा रहेको नेपाली शैक्षिक इतिहास पटक पटक हेरफेर, परिमार्जन तथा परिवर्तन हुदै आधुनिक कालसम्म आइपुग्दा उथल पुथलका साथ गुज्रिरहेको छ । वि.सं. १९१० मा स्थापित दरवार हाइस्कुलसगै औपचारिक तर सिमित रुपमा वामे सरेको शैक्षिक गतिविधिले हाल सामुदायिक र सस्थागत दुई किसिमको विद्यालयको स्वरुप धारण गरेको छ । तत्कालीन समयदेखि वर्तमानसम्म आइपुग्दा धेरै आशातित एवं वान्छनीय उपलब्धीहरु हासिल हुन सकेका छैनन् । यस परिप्रेक्षमा शिक्षालाई प्रमुख विषय वनाई विकसित गर्नु एक अपरिहार्य कुरा हो ।

विद्यालयमा शैक्षिक लगानीको तुलनामा उत्पादन वढी हुनु, स्तरीय पठनपाठन हुनु, भौतिक सुविधा राम्रो हुनु, मानवीय स्रोत र साधनलाई व्यवस्थित रुपमा परिचालन गर्नु, निर्णय प्रक्रिया स्पष्ट तथा पारदर्शी हुनुलाई व्यवस्थापकीय दक्षता सम्वन्धि गुण वा विशेषताका रुपमा लिन सकिन्छ (कोइराला र श्रेष्ठ, २०५९) ।

हरेक बर्ष विद्यालयको संख्यात्मक वृद्धि हुनु , सामुदायिक तथा संस्थागत विद्यालय वीच प्रतिस्पर्धा हुनु त्यसमाथि गुणस्तरीय शिक्षा प्रदान गर्नु पर्ने परिप्रेक्षमा त्यसो हुन नसक्नु एक दुर्भाग्य वनेको छ । वि.सं. २००७ साल पछि संख्यात्मक रुपमा शिक्षण सस्थाको विकास भए पनि गुणात्मक विकास भएको देखिदैन । जसको प्रमुख कारण विद्यालयको आन्तरिक दक्षातालाई लिन सकिन्छ , जुन कुरा विभिन्न समयमा गठित राष्ट्रियस्तरका शिक्षा योजना, समिति तथा आयोगका प्रतिवेदनहरुले देखाएका समस्याहरु र दिएका सुझावहरुबाट पनि स्पष्ट हुन्छ । जस्तो सातौ योजना (२०४२ २०४७) ले शिक्षाको गुणस्तर वढाउन प्रतिस्पर्धाको वातावरण सिर्जना गरी स्तरयुक्त शिक्षा प्रदान गर्ने विद्यालयहरुलाई मूल्याङ्कनको आधारमा पुरस्कार दिने व्यवस्था गरेको देखिन्छ भने आठौ योजना (२०४७ २०५४) ले तालिम प्राप्त शिक्षकको संख्या बृद्धि, विद्यालयको भौतिक सुधार , देशको आवश्यकता अनुसारको पाठ्यक्रम, पाठ्यपुस्तकको व्यवस्था नियमित तथा प्रभावकारी सुपरीवेक्षणको

व्यवस्था जस्ता पक्षको विकासमा जोड दिनुपर्ने कुरा उल्लेख गरेको छ र नवौं योजना ( २०५४ २०५९) ले उदार कक्षोन्नती, पिछडिएको वर्ग र समुदायका वालवालिकालाई छात्रवृत्ति तथा विद्यालय पोशाकको व्यवस्था गरेको देखिन्छ । त्यसैगरी दशौं योजना (२०५९ २०६४) ले अध्यापन अनुमति पत्र तथा प्राथमिक विद्यालमा शिक्षकको न्यूनतम शैक्षिक योग्यता प्रविणता प्रमाणपत्र तह वा सो सरह र तालिम अनिवार्य गर्न पूर्वाधारको विकास गर्ने कुरा उल्लेख छ भने अन्तरिम योजना (२०६४ २०६७) ले शिक्षामा सवै नागरिकको पहुँच सुनिश्चित गरी साक्षर वनाउनु र गुणस्तर युक्त एवं रोजगारी मुलक शिक्षा प्रदान गर्ने भन्ने कुरा उद्देश्यमा उल्लेख छ ।

त्यसै गरी विद्यालयको आन्तरिक दक्षता व्यवस्थापनको गुणत्मक विकास हुन नसकेको कुरालाई मध्यनजर गर्दै वि.सं. २०३६/२०३७ सालमा सुदुर पश्चिमाञ्चल विकास क्षेत्रमा ग्रामिण विकासका निम्ति सेती परियोजनाको सञ्चालन हुनु एक उदाहरण हो । जसको आवश्यक्ता महसुस भइसकेपछि वि.सं. २०४९/२०५० मा आधारभुत तथा प्राथमिक शिक्षा परियोजना शुरु भएबाट पनि यो कुराको पुष्टि गर्न सकिन्छ । वि.सं. २०४६ साल पछि शिक्षालाई समय सापेक्ष वनाउन र यसको गुणस्तरमा सुधार ल्याउन विकेन्द्रिकरणको माध्यमबाट जन सहभागिता वढाउनु पर्ने कुरालाई जोड दिएबाट प्रष्ट हुन्छ । राष्ट्रको विकासमा शिक्षालाई समसामयिक वनाइ सुधार गर्नका लागि वि.सं. २०४७ देखि २०६१ सम्म रा.शि.आ.को प्रतिवेदन २०४९, उच्च स्तरीय रा.शि.आ. २०५५, तथा शिक्षा सम्वन्धी उच्च स्तरीय कार्य समितिको प्रतिवेदन (२०५८) गठन भएका विभिन्न आयोग, कार्यटोली र समितिहरुले दिएको सुझावमा सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्न जनसहभागिता वढाउनु पर्ने कुरा उल्लेख गरेका छन् । त्यस्तै शैक्षिक जनशक्ति विकास केन्द्रले व्यवस्थापन सम्वन्धि एक महिनेप्र.अ.व्यवस्थापन तालिम सञ्चालन गरेबाट पनि विद्यालय व्यवस्थापनलाई महत्व दिएको पुष्टि हुन्छ । उक्त केन्द्रले प्रकाशन गरेको पुस्तिका "Primary School Headmaster's Training Package 1994" मा समेत विद्यालय व्यवस्थापनलाई जोड दिदै शिक्षण सस्थामा विद्यार्थी व्यवस्थापन, शिक्षक व्यवस्थापन, भौतिक व्यवस्थापन, आर्थिक व्यवस्थापन, समुदाय व्यवस्थापन जस्ता शैक्षिक व्यवस्थापनका पक्षमा जोड दिएको छ ( लम्साल २०६५) ।

सवैका लागि शिक्षा राष्ट्रिय कार्य योजना (सन् २००१-२०१५) ले राखेका छ वटा लक्ष्य मध्ये गुणस्तरीय शिक्षाका सवै पक्षहरु सुनिश्चित गर्नु पनि एक हो । (सेरिड २०६४) को अध्ययनले गुणस्तरीय शिक्षाका आधारभुत आवश्यकताहरुमा योग्य तथा सक्षम शिक्षकको पर्याप्त संख्या , शिक्षक तालिम, भौतिक सुविधा, शैक्षणिक सामग्री , अनुगमन तथा निरीक्षण , शिक्षण सिकाइ प्रक्रिया , निरन्तर विद्यार्थी मूल्याङ्कन , प्र. अ. को प्रभावकारी नेतृत्व, सक्रीय विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ र पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकालाई सवै सरोकारवाला समूहले लिएको उल्लेख गरेको छ । यसरी विद्यालयको आन्तरिक दक्षताको अध्ययनमा लगानी, प्रक्रिया र उत्पादन वीचको अन्तर सम्वन्ध अत्यन्त आवश्यक पर्दछ । लगानी अन्तर्गत विद्यार्थी भर्ना दरको स्थिति, विद्यालयमा विद्यार्थीको निरन्तर उपस्थिति, कक्षागत उपलव्धी, विद्यालयको शैक्षिक अवस्था, विद्यार्थीको आर्थिक तथा सामाजिक परिवेश र विद्यालय प्रति समुदाय तथा अभिभावकको भूमिकाका आधारमा विद्यालयको आन्तरिक अवस्थाको अध्ययन गर्न सकिन्छ र जसले सुधारात्मक एवं प्रभावकारी भूमिका खेल्नेमा दुइ मत छैन । प्रक्रिया र उत्पादनका पक्ष अन्तरगत विद्यालयको भौतिक अवस्था , गुणस्तरीय प्रगती , विद्यालयको चौतर्फि विकासमा समुदाय तथा अभिभावकको सहभागिता, शिक्षकको दक्षता, विद्यार्थीको पृष्ठभूमि, विद्यालय व्यवस्थापन समितिको भूमिका जस्ता तत्वहरुको आधारमा वर्तमान स्थितिलाई उजागर गर्न सकिन्छ । त्यसैगरी कतिपय कमजोर, कक्षा दोहो-याउने , नियमित उपस्थित नहुने, वीचैमा कक्षा छोड्ने दर कम गर्ने प्रयास चुनौतीपूर्ण रुपमा रहेकोले विद्यालय शिक्षालाई दक्षतापूर्ण तरिकाले सञ्चालन गर्नु आजको आवश्यकता हो । त्यसैले विद्यालयको आन्तरिक दक्षता सवल वनाउन विद्यार्थीको भर्नामा सुलभता प्रदान गर्ने , कक्षा दोहो-याउने, कक्षा छाड्ने दर न्यून गर्ने , गुणस्तरीय शिक्षा दिने, विद्यालय व्यवस्थापन तथा अनुगमन र निरीक्षण कार्यमा समुदायको सहभागिता गराइ विश्लेषण गर्नु आवश्यक देखिन्छ ।

## १.२. समस्याको कथन

आन्तरिक दक्षताले विद्यालयमा गरिएको लगानीबाट हुने उत्पादनलाई देखाउछ । कम लगानीमा वढी प्रतिफल प्राप्त गर्न सकिएमा ती विद्यालयलाई राम्रो मान्न सकिन्छ । नेपालमा औपचारिक शिक्षाको डेढशताव्दी हुदा समेत शैक्षिक गुणस्तरले समयानुसार फड्को

मार्न सकेको छैन । व्यवस्थित र गुणस्तरीय शिक्षा आजको आवश्यकता जस्ता नाराहरु सैद्धान्तिक तथा कागजी वन्नुले पनि व्यवहारिक शिक्षा एवं दक्षता अभिवृद्धि गर्ने खालको स्थिति सिर्जना हुन सकेको छैन । त्यसैले सरकारी अनुदानमा सञ्चालित सामुदायिक विद्यालयको शैक्षिक स्तर निकै खस्केको पाइन्छ । आम जनमानसमा सामुदायिक विद्यालयमा पढाइनै हुन्न भन्ने छाप परेको छ । हुने खानेले आफ्ना वालवालिकाहरु सामुदायिक विद्यालयमा पढाउदा स्तर कम हुने ठानी सकभर सस्थागत विद्यालयमा नै पढाउने गरेका छन् ।

यद्यपी सामुदायिक विद्यालयको परिस्थितिलाई नियालेर हेर्दा धेरैजसो विद्यालयहरु भौतिक स्रोत र साधनले भरिपूर्ण छन् । त्यहाँ तालिम प्राप्त र अनुभवि शिक्षकहरु भेटिन्छन् । सुविधाका दृष्टिकोणमा सस्थागत विद्यालयका शिक्षकहरु भन्दा वढी पाका छन् । यति हुदा हुदै पनि सामुदायिक विद्यालयको पठनपाठन कमजोर छ भन्ने कुराको पुष्टि अझै पनि ४० प्रतिशत भन्दा वढी विद्यार्थीहरु प्रवेशिका परीक्षामा अनुतीर्ण भएबाट जान्न सकिन्छ । जुन एक काहालिलाग्दो ज्वलन्त उदाहरण हो । तर सस्थागत विद्यालयमा भने यस्ता किसिमका सुविधाहरु उपलव्ध नभए पनि शत प्रतिशत नतिजा प्राप्त गर्न सफल भएका छन् अत प्रवेशिका परीक्षाको नतिजामा एकाधिकार जमाउन सक्षम भएका छन् ।

भौतिक पूर्वाधारले सम्पन्न तथा सरकारी लगानी पर्याप्त हुदा हुदै पनि हरेक बर्ष विद्यार्थी संख्या घट्दै जानु , उदार कक्षोन्नतिको व्यवस्था हुदा पनि कक्षा छाड्ने तथा दोहो-याउने दर कम हुन नसक्नु जस्ता समस्याहरुबाट सामुदायिक विद्यालयहरु पिरोलिएको देखिन्छ । वर्तमान अवस्थामा विद्यार्थीको अनुपस्थिति , शिक्षकको हेलचेक्राई, प्रशाशकमा जिम्मेवारी वोधमा कमि जस्ता कारणले जनताले गुणस्तरीय शिक्षा पाउन सकेका छैनन् (वाग्ले अन्तराष्ट्रिय मञ्च २०५९) । जवसम्म विद्यालयको व्यवस्थापन सुदृढ हुदैन अर्थात आन्तरिक दक्षता सक्षम हुदैन तवसम्म शिक्षामा गुणस्तरको कल्पना गर्न सकिदैन । वर्तमान अवस्थामा विद्यालयमा भौतिक, आर्थिक , शैक्षिक, विद्यार्थी तथा समुदाय व्यवस्थापन सम्वन्धि थुप्रै समस्याहरु छन् । यसरी यी विभिन्न शैक्षिक पक्ष र नेपालको खस्कदै गएको शैक्षिक अवस्थालाई अझै विग्रनबाट जोगाउन तथा सुधार गर्न विभिन्न समयमा विभिन्न आयोगहरुको गठन नभएका होइनन् । तर पनि ती आयोगहरुले गरेका अधिकांस सिफारिस व्यवहारिक रुपमा लागु गर्न नसकिएकोले नै शैक्षिक गुणस्तरमा अपेक्षाकृत सुधार हुन नसकेको हो ।

## १.३. अधययनको औचित्य

शिक्षानै विकासको जननी हो, देशको विकाशको मेरुदण्ड पनि हो । शिक्षित जनशक्ति नै राष्ट्रका अमूल्य सम्पदा र प्रगतिका संवाहक पनि हुन् भन्नुमा अत्युक्ति हुदैन । त्यसैले शिक्षित जनशक्ति उत्पादनका लागि शिक्षालाई गुणस्तरीय वनाउन विद्यालयको शैक्षिक व्यवस्थापनलाई जोडदिनु आवस्यक हुन्छ ।

यस सन्दर्भमा उदयपुर जिल्लाको मुर्कुची स्रोत केन्द्रका सामुदायिक विद्यालयको आन्तरिक दक्षता सम्वन्धि अध्ययन गर्न वान्छनीय देखिएकोले विद्यालयहरुको वर्तमान आन्तरिक दक्षताको स्थिति , दक्षता कम हुनुका कारण तथा सरोकारवालाहरुको विद्यालय प्रतिको धारणा र व्यवस्थापनमा देखा परेका समस्याहरु तथा समाधानका उपायहरु पत्ता लगाउने उद्देश्यमा केन्द्रित रहेर यो अनुसन्धान गरिएको छ ।

सामुदायिक विद्यालयको आन्तरिक दक्षताको वर्तमान स्थिति र तिनका समस्याहरु उजागर गर्न तथा उचित व्यवस्थापनको अभावको कारणले विद्यालयको आन्तरिक दक्षता सुदृढ हुन नसकिरहेको हालको अवस्थामा विद्यालयको वर्तमान आन्तरिक दक्षताको स्थिति , दक्षता कम हुनुका कारण , आन्तरिक दक्षता व्यवस्थापनका कठिनाइ तथा सरोकारवालाहरुको विद्यालय प्रतिको धारणाहरुको बारेमा जनचेतना वृद्धि गर्न यो अध्ययन उपयोगी देखिन्छ ।

यो अध्ययन प्रतिवेदनले भविष्यमा सामुदायिक विद्यालयहरुको आन्तरिक दक्षताको बारेमा अध्ययन गर्न चाहने अनुसन्धान कर्ताका लागि आधार प्रदान गर्ने छ । यस अध्ययन अनुसन्धानमा मुख्य गरी विद्यालयको भर्ना दर, उत्तीर्ण दर, कक्षा छाड्ने तथा कक्षा दोहो–यउने दर कम हुनु जस्ता समस्याहरु समेटिनुका साथै आन्तरिक दक्षता वृद्धिगर्न प्रोत्साहन गर्दै समस्या समाधान गर्न आवस्यक पर्ने महत्वपूर्ण सुझावहरु समेत दिइने छ । त्यसैले यस अध्ययन प्रतिवेदनले सामुदायिक विद्यालयहरुको आन्तरिक दक्षताको स्थिति सुधार गर्न चाहने हरुका लागि पनि मार्गदर्शकका रुपमा रही सहयोग पु-याउन मद्दत गर्नेछ

भने अर्कातर्फ व्यवस्थापन समिति , प्र. अ. तथा विद्यालयसंग प्रत्यक्ष वा परोक्ष रुपमा चासो राख्ने सम्पूर्ण पक्षहरुलाई समेत ठोस सहयोग पु-याउने छ ।

## १.४. अध्ययनको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्यहरु निम्नानुसार रहेका छन् :

१) विद्यालयको आन्तरिक दक्षता सम्बन्धि स्थिति विश्लेषण गर्नु ।

२) विद्यालयको आन्तरिक दक्षताको सूचकहरुको लेखा जोखा गर्नु ।

३) विद्यालयको आन्तरिक दक्षता व्यवस्थापनका कठिनाइहरु पत्ता लगाउनु ।

४) आन्तरिक दक्षता वृद्धि हुने उपायहरु खोजी गर्नु ।

## १.५. अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनले निम्न समस्याहरुको समाधान खोज्ने प्रयास गरेको छ ।

१) विद्यालयको आन्तरिक दक्षता के कस्तो छ ? भर्ना दर, उत्तीर्ण दर, कक्षा छाड्ने तथा दोहोऱ्याउने दर कस्तो छ ?

२) विद्यालय भित्र दक्षता व्यवस्थापनका समस्या के कस्ता छन् ?

३) विद्यालयको आन्तरिक दक्षता सम्वन्धि सहभागी (शिक्षक, विद्यार्थी, वि.नि. तथा स्रोत व्यक्ति, वि.व्य.स. तथा शि. अ. संघका अध्यक्ष) हरुको धारणा कस्तो छ ?

४) विद्यालयको आन्तरिक दक्षता वृद्धि गर्न सरोकारवालाहरुले के कस्तो भूमिका निर्वाह गर्न जरुरी छ ?

## १.६. अध्ययनको परिसिमा

अनुसन्धानले जति धेरै क्षेत्रलाई समेट्न सक्यो त्यसको विश्वसनियता र वैद्यताको स्तर पनि त्यतिनै उच्च रहन्छ (वराल २०६४) । तर सिमित स्रोत , साधन र समयका कारणले त्यसलाई व्यापक वनाउन कठिन हुन्छ । यसै कारणले गर्दा यस अध्ययनले उदयपुर जिल्लाको मुर्कुची स्रोतकेन्द्रभित्र पर्ने पाँच वटा सामुदायिक माध्यमिक विद्यालयको आन्तरिक दक्षता सम्वन्धि अध्ययनमा शैक्षिक पक्षमा मात्र केन्द्रित गरिएको छ ।

यो अध्ययन सम्वन्धित विद्यालयका प्र. अ., वि. व्य.स.का अध्यक्ष , स्रोत व्यक्ति, निरीक्षक तथा शि.अ.संघका अध्यक्ष, शिक्षक तथा विद्यार्थीमा मात्र सिमित रहेको छ । उपरोक्त व्यक्तिहरुको विचार र प्रत्यक्ष अवलोकनबाट प्राप्त सूचनालाई मुख्य आधार मानी सिमित समय, स्रोत र साधनबाट तयार पारिएको हुनाले अन्यत्र सामान्यायीकरण गर्न सकिदैन ।

## १.७. शव्दावलीहरुको परिभाषा

| | | |
|---|---|---|
| क) व्यवस्थापन | : | कुशलतापूर्वक साधन र स्रोतको परिचालन गर्ने कार्य नै व्यवस्थापन हो । |
| ख) शैक्षिक व्यवस्थापन | : | शैक्षिक सेवाहरु प्रभावकारी एवं सफलता पूर्वक सञ्चालन गराउने प्रक्रिया नै शैक्षिक व्यवस्थापन हो । |
| ग) दक्षता | : | दक्ष हुनाको भाव वा उपस्थिति ,सिपालु पना, कुशलता, सक्षमता, छिटो छरितो पना । |
| घ) आन्तरिक दक्षता | : | विद्यालयको लगानी र उत्पादनको अनुपातको स्तर जस्तै भर्ना दर , कक्षा उत्तीर्ण दर, कक्षा छाड्ने तथा दोहोऱ्याउने दर आदि लाई जनाउछ । |
| ङ) सामुदायिक विद्यालय | : | नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति पाएका विद्यालयलाई सामुदायिक विद्यालय भनिन्छ । |
| च) संस्थागत विद्यालय | : | नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी आफ्नै लगानीमा सञ्चालित विद्यालयहरुलाई संस्थागत विद्यालय भनिन्छ । |
| छ) विद्यालय निरीक्षक | : | विद्यालयको शैक्षिक , प्रशासनिक, आर्थिक , भौतिक तथा मानवीय साधनहरुको यथार्थ अध्ययन गरी आवश्यकता अनुसार सुधार तथा विकास गर्न |

| | | |
|---|---|---|
| | | निर्देशन र सुझाव दिने व्यक्तिलाई विद्यालय निरीक्षक भनिन्छ । |
| ज) स्रोत व्यक्ति | : | सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यकुशलतामा बृद्धि गर्न आवस्यक तालिम , राय सुझाव दिने व्यक्ति । |
| झ) विद्यालय व्यवस्थापन समिति | : | सामुदायिक विद्यालय सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका निम्ति विद्यालय तथा अभिभावकहरु द्वारा निर्माण गरिएको एक समिति । |
| ञ) अभिभावक | : | सामुदायिक विद्यालयमा अध्ययनरत वालवालिकाहरुका आमा, बाबु, दाजु, दिदी वा संरक्षक । |
| ट) सरोकारवाला | : | प्र.अ., शिक्षक, विद्यार्थी, वि.नि.तथा स्रोत व्यक्ति, वि.व्य. स. अध्यक्ष, शि. अ. संघ अध्यक्ष लगायतका व्यक्ति भन्ने वुझिन्छ । |
| ठ) नियमावली | : | शिक्षा नियमावली २०५९ (संसोघन सहित ) |

# परिच्छेद दुई : सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

अध्ययनको यस अध्यायमा सैद्धान्तिक खाका र पूर्वसाहित्यको पुनरावलोकन गरिएको छ । अध्ययनलाई दुई खण्डमा विभाजन गरी पहिलो शीर्षकमा यो अध्ययनसँग सम्बन्धित पूर्वसाहित्यको पुनरावलोकन र दोस्रो खण्डमा सैद्धान्तिक खाका प्रस्तुत गरिएको छ ।

## २.१. सम्वन्धित साहित्यको पुनरावलोकन

सम्वन्धित साहित्यको पुनरावलोकन अन्तरगत विद्यालयको आन्तरिक दक्षता सम्वन्धि अध्ययन गरिएका शोध तथा अनुसन्धान प्रतिवेदनहरुको पुनरावलोकन गरिएको छ ।

प्राथमिक तालिम पुस्तिका (२०५५) ले विद्यालय व्यवस्थापन तर्फ विद्यार्थी व्यवस्थापन, शिक्षक व्यवस्थापन, भौतिक व्यवस्थापन जस्ता कुराहरु उल्लेख गरेको पाइन्छ । उक्त पुस्तिकामा विद्यार्थी भर्ना प्रक्रिया , कषाकोठा व्यवस्थापन, विद्यार्थी बसाइ व्यवस्था विद्यार्थी अनुशासन जस्ता विषयहरु समावेश गरिएको पाइए पनि आन्तरिक दक्षताका पक्षहरु जस्तै विद्यार्थी भर्ना कस्तो छ ? कक्षा छाड्ने स्थिति के छ ? अन्तिम परीक्षामा विद्यार्थीको सहभागिता र उत्तीर्ण दरका वारेमा मौन रहेकाले यो अध्ययन सान्दर्भिक देखिन्छ । विद्यालय व्यवस्थापन प्रभावकारी र शिक्षण सिकाइमा सुधार गर्न आवस्यक सीप , विधिहरु, सामग्रीहरु आदि वारेमा छलफल गरेता पनि आन्तरिक दक्षता वृद्धि गर्ने सम्वन्धमा तालिम पुस्तिका प्रष्ट छैन ।

लम्साल (२०६५) का अनुसार शैक्षिक संगठनलाई जीवन्तता प्रदान गर्न , समयको परिवर्तन सगै समायोजित हुनसक्ने क्षमता विकास गर्न शैक्षिक व्यवस्थापनको आवस्यकता पर्दछ । विद्यालयले प्रवाह गर्ने सेवामा सुधार ल्याउन, विद्यार्थीहरुको सिकाइ उपलव्धिमा सुधार ल्याउन र सरोकारवालाहरुको वीचमा समन्वय कायम गरी सम्पूर्ण प्रयासलाई विद्यालय विकासमा परिलक्षित गर्न शैक्षिक व्यवस्थापनको भूमिका महत्वपूर्ण देखिन्छ भन्ने कुरा उल्लेख छ । साथै विद्यालयले प्रत्यक्ष रुपमा विद्यार्थी र तिनका अभिभावक एवं प्रत्यक्ष रुपमा समाज , समुदाय र मुलुकलाई नै प्रभाव पार्ने हुनाले विद्यार्थी, समुदाय, सरकार जस्ता सरोकारवालाहरुलाई परिचालन गरी विद्यालयको विकास गर्न सकिने कुरा

उल्लेख छ । यसो गर्दा लक्षित समुहले विद्यालयबाट प्रवाह हुने शैक्षिक सेवा प्रभावकारी तवरले पाउछन भनेर विष्लेशण गरेको पाइन्छ । यस लेखमा पनि विद्यालयको आन्तरिक दक्षता के कस्तो छ र सुधार गर्न के गर्नु पर्छ ? भन्ने विषयमा उल्लेख गरेको पाइन्छ ।

सवैका लागि शिक्षा कार्यक्रम (१९९०) ले वालवालिकाको बौद्धिक , शारीरिक विकास एवं उनिहरुको अधिकारकासम्वन्धमा महत्वपूर्ण निर्णयहरु गरी सबै राष्ट्रहरुलाई प्रतिवद्धता जाहेर गर्नआग्रह गरेको थियो मानवलाई समाजमा वाच्न , आफ्नो क्षमाताको सहीप्रयोग गर्न , कामप्रति इज्जतको भावना विकास गर्न , विकास कार्यमा सहभागि हुन , जीवन सुदृढ पार्न प्राप्त ज्ञानका आधारमा सही निर्णय गर्न, सिकाइमा निरन्तरता दिन र आधारभुत सिकाइले मानवलाई समाजमा वाच्न वचाउन सक्ने जस्ता कार्यमा मद्दत पु-याउने गरी आधारभुत शिक्षा दिनुपर्ने कुरामा सम्मेलनमा जोड दिएको पाइन्छ । उक्त सम्मेलनले शिक्षा सम्वन्धि तीनवटा लक्षहरु पुरा गर्न घोषणा पत्रमा निम्न लिखित प्रतिवद्धताहरु उल्लेख गरेको पाइन्छ (अधिकारी ,२०६४ :५९९) ।

आधार शिक्षा सवै बाल, युवा, तथा प्रौढलाई दिनुपर्दछ ।सिकाइको निर्धारित तहसम्म पुग्न सबैले मौका पाउनुपर्छ । महिला र वालवालिकालाई शिक्षामा प्राथमिकता दिनु पर्दछ ।शिक्षाको अवसरमा वर्तमान असमानतालाई कम गर्दै सवै जनजाति तथा वर्गका मानिससम्म शिक्षा पुऱ्याउनु पर्दछ ।अपाङ्गका लागि विषेश शिक्षाको व्यवस्था गरिनु पर्दछ । शिक्षाको उद्देश्य विद्यार्थी भर्ना गर्नु मात्र नभई विद्यार्थीले पाउने वास्तविक ज्ञानलाई नै शिक्षाको आधार मानिनु पर्छ । आधार शिक्षाकोलागि सम्भाव्य सवै  उपायहरु प्रयोग गरिनु पर्दछ ।पौष्टिक आहार, स्वास्थ्य, सुरक्षा, शारीरिक र संवेगात्मक सहयोग जस्ता माध्यमबाट शिक्षाको सहभागितामा वृद्धि गरिनु पर्दछ । शिक्षामा सवै क्षेत्रको सहभागिता खोजिनु पर्दछ ।

यसरी उक्त कार्यक्रममा प्राथमिक शिक्षालाई जोड दिएको पाइन्छ भने यस अध्ययनमा  प्राथमिक तहदेखि माध्यमिक तह सम्मको शिक्षालाई प्रभाव पार्ने आन्तरिक दक्षताका वारेमा खोज अनुसन्धान गरिएको छ ।

अधिकारी (२०६१) का अनुसार सामुदायिक विद्यालयका समस्या र समाधानका उपायहरु भन्ने शीर्षकमा शिक्षा प्राप्त गर्नु मानव जातिको जन्म सिद्ध अधिकार

भएपनि वर्तमान समाजमा राष्ट्रका सवै नागरिकहरुलाई शिक्षा प्राप्त गर्ने समान अवसर छैन । हुने खाने वर्गका छोराछोरीहरु सुविधा सम्पन्न संस्थागत विद्यालयमा तथा विपन्न वर्गका छोराछोरीहरु सामुदायिक विद्यालयमा अध्ययन गरिरहेका छन् । यस स्थितिमा सुविधा सम्पन्न संस्थागत विद्यालयमा अध्ययन गरेका विद्यार्थीसंग,दूर्गम भौतिक सुविधा नभएका , शिक्षक दरवन्दी पुरा नभएका विद्यालयमा अध्ययन गरेका विद्यार्थीहरुले कसरी प्रतिस्पर्धा गर्न सक्छन ? यसका लागि संघर्ष गरिरहेका सामुदायिक विद्यालयले संस्थागत विद्यालयसंग प्रतिस्पर्धा गर्न ठूलो संघर्ष, एकता तथा प्रतिवद्धताको खांचो छ । त्यसैले सबैभन्दा पहिले सामुदायिक विद्यालयका समस्या पहिचान गरी ती समस्या समाधान गरेमा यस्ता विद्यालयले सृजनात्मक तथा गुणस्तरीय शिक्षा दिन सक्छन भन्ने कुरा उल्लेख छ । विद्यालयका समस्या समाधानका उपायहरुमा सरोकारवालामा सकारात्मक दृष्टिकोण हुनु पर्दछ । शिक्षा क्षेत्रमा देखिएका समस्या समाधान गर्न शिक्षक, अभिभावक, वि. व्य.स.को संयुक्त प्रयासबाट मात्र संभव छ । कुनै एक पक्षको सहयोगले मात्र शैक्षिक गुणस्तर बृद्धिहुन सक्दैन । शैक्षिक गुणस्तर बृद्धिगर्नको लागि सवैको एकता र प्रतिवद्धताको आवस्यकता छ भन्ने उल्लेख गरेको छ । माथि उल्लेखित समस्याहरु विद्यालयको आन्तरिक दक्षता वृद्धिसंग संवन्धित भएपनि आन्तरिक दक्षताका सूचकहरुका बारेमा छलफल गरेको पाइएन ।

पाण्डे २०६६ का अनुसार यहाँ ती विद्यालयहरुको चर्चा हुदै छ , जुन स्थानीय जनताको चाहनामा वने । उनिहरुकै पसिनामा वने र उनिहरुकै छोराछोरीका लागि वने । तर अहिले उनिहरुको त्यो पसिना यिनिहरुकै आगनमा खण्डहर वन्दै गएको छ । कारण, ती विद्यालयले उनिहरुकै छोराछोरीहरुलाई विद्यार्थीका रुपमा पाइरहेका छैनन् । अहिले उनिहरु वोर्डिङमा पढ्छन । त्यसैले उनिहरुलाई विद्यालय सुक्दै गएको पत्तो हुन छाडेको छ । असाध्य रोग लागेर सासमात्र फेर्न सक्ने र अन्तिम दिन गनिरहेको मान्छे जस्तै लाग्ने काठका विद्यालय भवनहरु नगरोन्मुख क्षेत्रमा प्रसस्त छन् । जहा कतै कक्षा कोठामा मुसाको वास छ भने कतै एउटा कक्षाभित्र आधा पनि नभरिने संख्यामा विद्यार्थी छन् । आर्थिक वा अन्यकारणले अन्यत्र जान नसकेका विद्यार्थीमात्र पढ्ने यी विद्यालयहरु न सरकारले वन्द गरेको छ न त स्थानीयबासीले नै यसप्रति चासो दिएका छन् ।

उक्त लेख राजधानीका सामुदायिक विद्यालयहरुको बारेमा लेखिएको भएपनि राजधानी बाहिरका शहरी क्षेत्रका सामुदायिक विद्यालयहरु यस्तै समस्याले ग्रसित देखिन्छन् । जंहा विद्यार्थी भर्नादरमा कमी , कक्षा छाड्ने तथा दोहो-याउने दर बढी देखिन्छ । यस लेखमा विद्यालयको आन्तरिक दक्षता जनाउने विभिन्न सूचकहरु मध्येएक सूचक भर्नादरका वारेमा मात्र उल्लेख गरेको पाइयो । त्यसैले यस अनुसन्धानमा भर्नादरका साथै उत्तीर्णदर, कक्षा छाड्ने तथा दोहो-याउने दरका वारेमा समेत अध्ययन गरिने छ ।

मैनाली (२०५६) को शोधपत्रका अनुसार विद्यालय व्यवस्थापनमा प्रधानाध्यापकले सामना गर्नु परेका कठिनाइहरुका वारेमा उल्लेख गरेको पाइयो । उक्त शोधपत्रका अनुसार शिक्षाको गुणस्तर उकास्न ठूलो धन रासी खर्च गरेरमात्र हुदैन । त्यसको लागि समुचितरुपमा विद्यालय व्यवस्थापन , विद्यार्थी व्यवस्थापन, शिक्षक व्यवस्थापन, आर्थिक व्यवस्थापन, भौतिक तथा शैक्षिक व्यवस्थापन र समुदायसंग संवन्धित कुराहरुमा विशेष ध्यान दिनुपर्ने कुरा उल्लेख गरेको पाइयो । उक्त शोधपत्रमा उल्लेखित पक्षहरु विद्यालयको आन्तरिक दक्षता वृद्धि गर्नको लागि आवस्यक पर्ने धेरै पक्षहरुसंग मेल खाने देखिन्छ ।

अधिकारी (२०५९) को ललितपुर जिल्लाका सार्वजनिक माध्यमिक विद्यालयहरुमा संचालित उच्चमाध्यमिक विद्यालयहरुका समस्या समाधान एक अध्ययन शोधपत्रमा शिक्षा मानवजीवनको उन्नति र प्रगतिको लागि नभै नहुने चिज हो र २१औ शताव्दीको शैक्षिक समस्यालाई सामना गर्न शिक्षा क्षेत्रमा देखापरेका सामुदायिक उच्चमाध्यमिक विद्यालयहरुका समस्या समाधान गर्न अध्ययनले मार्ग निर्देश गरेको छ । शोधपत्र तयार पार्ने क्रममा विद्यालयसंग संवन्धित शैक्षिक , आर्थिक, प्रशासनिक तथा भौतिक क्षेत्रमा देखापरेका समस्या र तिनको समाधानका उपायहरुको बारेमा खोजी गरेको देखिन्छ । तर उक्त शोधपत्रमा विद्यालयको आन्तरिक दक्षता सम्वन्धि विद्यार्थी भर्ना, उत्तीर्ण दर , कक्षा छाड्ने तथा दोहोऱ्याउने जस्ता विषयमा मौन रहेको पाइयो । त्यसैले यो अध्ययन माथिका विषयमा केन्द्रित रहेर गरिएको छ ।

भट्टराई (२०६१) को विद्यालयीय शिक्षा सुधारका लागि प्रधानाध्यापक , शिक्षक र समाज सेवीको भूमिका भन्ने शोधपत्रमा गुणस्तरीय शिक्षाको नाराले मात्र शिक्षामा गुणस्तर

नआउने हुनाले विद्यालयलाई भौतिक तथा आर्थिक रुपले सम्पन्न पार्दै लैजानु पर्दछ । त्यसैगरी विद्यालय एउटा संगठन भएकोले यसमा गुणस्तर ल्याउन पियन देखि प्रधानाध्यापक तथा विद्यालय परिवार र समाजसेवीहरुको अहम् भूमिका रहन्छ भन्ने कुरा उल्लेख गरेतापनि विद्यालयको आन्तरिक दक्षता व्यवस्थापनलाई पाखा लगाइएको पाइयो । विद्यालयको आन्तरिक दक्षता राम्रो नभएसम्म विद्यालयीय शिक्षा गुणस्तरीय नहुने हुनाले यो अध्ययन आवस्यक ठानिएको हो ।

शैक्षिक जनशक्ति विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकासित Primary School Headmasters Training Package 1994 मा विद्यालय व्यवस्थापन सम्वन्धमा उल्लेख गरिएको छ । यसमा गएका तीन दशकहरुमा शिक्षा क्षेत्रमा ठूलो विकास भएको कुरालाई उल्लेख गरिएको छ । यसरी शिक्षामा विकास भएता पनि लगानी र अपेक्षा अनुसार शैक्षिक गुणस्तरमा विकास हुन नसकेको कुरा समेत उल्लेख गरेको पाइन्छ । उक्त प्रकाशनमा शैक्षिक क्षेत्रमा गुणस्तर वृद्धि नहुनुको कारक तत्वको रुपमा प्रधानाध्यापकको विद्यालय व्यवस्थापन सम्वन्धमा आवश्यक सीप र क्षमतालाई लिएको छ ।

विद्यालय व्यवस्थापनमा देखापरेका समस्याहरुलाई समाधान गर्नु भनेको नै विद्यालया व्यवस्थापन गर्नु हो । त्यसैले वेलावेलामा प्रधानाध्यापकलाई व्यवस्थापन सम्वन्धि तालिम दिएको पाइन्छ । जसले प्र. अ. हरुलाई विद्यालय व्यवस्थापन सम्वन्धि कार्य सरल हुन्छ भन्ने कुरा उल्लेख छ । शैक्षिक गुणस्तर वुद्धि गर्नको लागि प्र. अ. को अहम भूमिका हुने कुरालाई उल्लेख गरेपनि शिक्षक, अभिभावक, वि.नि., स्रोत व्यक्तिको भूमिका उत्तिकै रहने कुरालाई जोड दिएको पाइएन । त्यसैले यो अध्ययन यिनै कुरालाई समेटेर तयार पारिएकोले विद्यालयको आन्तरिक दक्षता वृद्धि गर्न उपयोगी हुने देखिन्छ । सेरिड, २००१ को आन्तरिक दक्षताको सुधार सम्वन्धि एक अध्ययनमा प्राथमिक शिक्षाको आन्तरिक दक्षता कम हुनुमा विभिन्न तत्वहरुले प्रभाव पार्दछन् जसलाई निम्न लिखित रुपमा वर्णन गर्न सकिन्छ भनेर उल्लेख गरेकोछ ।

१ विद्यालयसंग सम्वन्धित तत्व : विद्यालय भवन र उपयोगिताको व्यवस्था, कक्षकोठा,पुस्तकालय, खेल मैदान आदि ।

२ घर परिवारसंग संवन्धित तत्व : घरमा भाइ वहिनीलाई हेर्नु , अभिभावकलाई घरको काममा सहयोग गर्नु , घरको आर्थिक अवस्था जसले वालवालीको शिक्षामा प्रभाव पार्दछ ।

३ विद्यार्थीसंग संवन्धित तत्व : विद्यालय छाड्ने र दोहोऱ्याउने कारणहरुमा घरपरिवारकोकाम,आर्थिकअवस्था, गाईवस्तुलाई हेर्नुपर्ने र विद्यालयको दुरी हो । लैङ्गिक पक्षपात, चेतनाको अभाव र उमेर आन्तरिक दक्षता कमहुने कारणहरु हुन भनी उल्लेख गरिएको छ ।

आन्तरिक दक्षता सम्वन्धि शिक्षाविभागको एक अनुसन्धानमा आन्तरिक दक्षता पकेट भनेर जात जाति, पेशा, शिक्षालाई लिई अध्ययन गरी कुनमा आन्तरिक दक्षता वढी र कम के छ भनिएको छ । त्यसमा उल्लेख भए अनुसार दलित, जनजति र कृषकमा कम र व्राम्हण, व्यापारी, शिक्षित एवं नेपालका जागिरे अभिभावकका छोराछोरीमा वढी देखिएको निचोड छ । त्यसैगरि सुदुर पशिचमाञ्चलमा आन्तरिक दक्षता उच्च भएको जनाइएको छ । जसको प्रमुख कारण प्राथमिक स्तरका छात्राहरुलाई दिइने छात्रवृत्ति र पोषण कार्यक्रम वढी भएकोले भन्ने उल्लेख छ । आन्तरिक दक्षता वढाउन चालिएका कदममा The early childhood program' छात्रा छात्रवृत्ति कार्यक्रम, दलित छात्रवृत्ति, पोषण कार्यक्रम, नियमित मूल्याङ्कन , वैकल्पिक शिक्षा र अनिवार्य प्राथमिक शिक्षा कार्यक्रम आदि छन् भनेर पहिचान गरिएको छ ।

शिक्षा सम्वन्धि उच्चस्तरीय कार्य समितिको प्रतिवेदन २०५८ ले सार्वजनिक विद्यालयहरुको गुणस्तर वृद्धि नहुनुमा शिक्षामा व्यपक राजनैतिक हस्तक्षेप, विद्यालयमा पेशागत दक्षता र नेतृत्व दिने क्षमता भएका प्र.अ. हरुको कमी, सम्पूर्ण शिक्षा प्रणलीमा केन्द्रिकरण, संगठनात्मक संरचनाबाट सेवा प्रदान गर्ने निकायहरुको समन्वय र जवाफदेहिताको कमी, योग्य, सक्षम,तालिम प्राप्त र काम प्रति झुकाव भएका शिक्षकको कमी, समुदाय र विद्यालय वीच समन्वयको अभाव तथा समुदायमा विद्यालय प्रतिको अपनत्व नहुनु , कमजोर सुपरीवेक्षण तथा अनुगमन संयन्त्र, परीक्षा पाठ्यक्रम र शिक्षण

पद्धतिमा जोड, विद्यालयको बजेटको अधिकांस रकम तलवमा खर्च हुने र गुणात्मक शिक्षामा खर्चको अभाव, सिकाइ मुखि शिक्षण पद्धतिले प्राथमिकता नपाउनु जस्ता तत्वहरु कारक रहेको उल्लेख गरेको छ ( अधिकारी २०६४: ४३४) ।

माथि उल्लेख गरिएका विभिन्न पुस्तक, लेख, रचना तथा अध्ययन प्रतिवेदनमा व्यवस्था भएका विद्यालयको गुणस्तर सुधार संवन्धि प्रावधानहरुलाई आन्तरिक दक्षता संवन्धि स्थितिको अध्ययन गर्न , समस्याको पहिचान तथा लेखाजोखा ागर्न र समस्या समाधानका वैधानिक उपायहरुको खोजी गर्ने आधारका रुपमा लिएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यस अध्यायमा सैद्धान्तिक खाकाको रुपमा वैज्ञानिक व्यवस्थापनको सिद्धान्त (Scientific management theory) र मानव सम्बन्ध सिद्धान्त (Human Relation theory) गरी दुईवटा सिद्धान्तलाई सैद्धान्तिक खाकाको रुपमा उपयोग गरिएको छ । मुलतः यो अध्ययन समुदायिक माध्यमिक विद्यालयहरुको व्यवस्थापकीय पक्ष र ती विद्यालयहरुको समुदायसँगको मानवीय सम्बन्धसँग केन्द्रित रहेको छ । त्यसैले यस अध्ययनमा वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र मानवीय सम्बन्धको सिद्धान्तलाई सैद्धान्तिक खाकाको रुपमा हेरिएको छ । यि दुवै सिद्धान्तले व्यवस्थापकीय पक्षलाई कसरी सुधार गर्न सकिन्छ भनेर फरक फरक चिन्तन प्रस्तुत गरेर उत्पादकत्व वृद्धि गर्ने दिसातर्फ उन्मुख भएकोले र पछि यिनै सिद्धान्तहरु शिक्षाको व्यवस्थापनमा समेत लागू हुँदै आएका छन् । यस अध्ययनमा सामुदायिक विद्यालयको व्यवस्थापकीय पक्षलाई समेत समेटिएकोले यी दुईवटै सिद्धान्तहरुलाई यहाँ उल्लेख गर्न सान्दर्भिक देखियो ।

### २.२.१ वैज्ञानिक व्यवस्थापनको सिद्धान्त (Scientific Management Theory)

सन् १९११ मा "The principle of scientific management" भन्ने पुस्तक मार्फत Frederick Winslow Taylor (१८५६-१९१७) ले वैज्ञानिक व्यवस्थापनको सिद्धान्त प्रतिपादन गरेको देखिन्छ । जसलाई वैज्ञानिक व्यवस्थापन सिद्धान्तका पिता (Father of scientific management) पनि भनिन्छ ।

बीसौं शताब्दीका सुरुका वर्षहरुमा उत्पादकत्व बढाउने कार्य दक्ष कामदारहरुको भएकोले कार्यदक्षता बढाएर उत्पादकत्व बढाउने चुनौती थियो । त्यसबेला कामदारको

कार्यदक्षता बढाउने उद्देश्यले नै वैज्ञानिक व्यवस्थापनको शुरुआत भयो । वैज्ञानिक व्यवस्थापन भनेको मानिसलाई कुन काम गराउन खोजिएको छ र कुन काम गर्न दिएमा उनीहरुले राम्रो र किफायती ढङ्गले सम्पन्न गर्न सक्छन् भन्ने कुराको सही ढङ्गले जान्ने कला हो" (काफ्ले, श्रेष्ठ, सिन्हा, २०६०, पे. ८) ।

विद्यालयको भौतिक व्यवस्थापन, शिक्षण प्रभावकारीता र शैक्षिक गुणस्तर वृद्धिका लागि यस सिद्धान्तको उपयोग हुन सक्छ । विद्यालयको व्यवस्थापनका लागि कसले के काम गर्ने, कुनै पनि कामलाई राम्रोसँग सम्पन्न गर्न कसरी कामको बाँडफाँड तथा अधिकार प्रत्यायोजन गर्ने, कसलाई कामको जिम्मा दिने भन्ने कुराले पनि प्रभाव पार्दछ । Taylor (1911) को वैज्ञानिक व्यवस्थापनको सिद्धान्त बमोजिम विद्यालयमा उपलब्ध स्रोत र मानव संशाधनलाई अधिकतम उपयोग हुने गरी प्रयोग गर्न सकिन्छ । विद्यालयको प्रधानाध्यापक, शिक्षक/शिक्षिका, विद्यालय व्यवस्थापन समिति, अभिभावक, समुदायलाई आ-आफ्नो जिम्मेवारी वहन गर्न र विद्यालयको हरेक क्रियाकलापमा सम्पूर्ण पक्षलाई उत्तरदायी बनाउँदै लैजान यस सिद्धान्तलाई महत्वपूर्ण रुपमा लिन सकिन्छ । यसप्रकार वैज्ञानिक व्यवस्थापन सिद्धान्तले विद्यालयको शैक्षिक क्रियाकलापलाई सुनिश्चित गर्न, संगठित गर्न र प्रभावकारी बनाउन प्रत्यक्ष रुपमा सहयोग पुऱ्याएको छ ।

Taylor (1911) को प्रमुख मान्यता उत्पादकत्व क्षमता बढाउनु भनेको न्यूनतम लागतमा अधिकतम नाफा आर्जन गर्नु मात्र होइन कामदारलाई उत्पादन क्षमताका आधारमा पारिश्रमिक समेत वृद्धि गर्नु हो । कामदारको मनोवल उच्च राख्न उनीहरुलाई लाभांसको भागिदार समेत बनाउनु पर्दछ (Koontz & O' Donnel, 1976) । उत्पादनमा कमी आउने कारणमा व्यवस्थापनमा हुने लापरवाही र कामदरलाई वेवास्था (Ignore) गर्नु पनि हो । कठोर कानुनी प्रावधान भन्दा वैज्ञानिक व्यवस्थापनले मानवीय शक्ति र प्रयासको अधिक मात्रामा उपयोग गरी उत्पादकत्व वृद्धि गर्न सकिन्छ (पूवर्वत्, पे. ३५) । कामदारहरुलाई पुरस्कारको व्यवस्था, कामदरहरुका कमी कमजोरी हटाउन उपयुक्त तालिमको व्यवस्था, कामदार र मालिकका बीचको मैत्रिपूर्ण सम्बन्ध जस्ता कार्यहरुको विकास उनका महत्वपूर्ण योगदानहरु भित्र पर्दछन् (शर्मा, २०५६) ।

वैज्ञानिक व्यवस्थापन कुनै नयाँ अन्वेषण होइन नत यो नयाँ अस्विकार नै हो । यसले विगतका संयोजन नभएका तत्वहरु विशेष गरी पुरानो ज्ञान, विश्लेषण, सामुहिकरण र

वर्गिकरण गरी कानुन तथा नियमका आधारमा संयोजन गर्दछ । यसले व्यवस्थापक र कामदारको मानसिक अवधारणामा परिवर्तन ल्याई यी दुवै बीचको आपसी भूमिका र दायित्व बुझ्न सघाउँछ । वैज्ञानिक व्यवस्थापन एकल तत्व होइन बरु यो विभिन्न तत्वहरुको संयोजन हो (पूवर्वत्, पे. १६) । वर्तमान समय व्यक्तिगत उलब्धी हाँसिल गर्न सक्ने सक्षम व्यक्तिका पक्षमा छ । तर आफ्नो क्षमताका आधारमा उपयुक्त भूमिका निर्वाह गर्न नसक्ने कामदारले अन्य व्यक्तिहरुसँग मिलेर काम गर्नु पर्दछ (पूर्ववत्, पे. १७) ।

शर्मा (२०५६) ले वैज्ञानिक व्यवस्थापनको प्रयोग शिक्षा क्षेत्रमा निम्न अनुसार हुँदै आएको कुरा उल्लेख गरेका छन् । शैक्षिक व्यवस्थापनको परम्परागत रुपमा चल्दै आएको रुढिवादी धारणालाई अनुसन्धान तथा विश्लेषणद्वारा निर्मित सिद्धान्तका आधारमा अगि बढाउनु पर्दछ भनि अनुसन्धनात्मक कार्यहरुको प्रयोगको सुरुआत । शैक्षिक योजना निर्माण गरी योजना अनुसारका मानवीय, भौतिक स्रोत र साधनहरुको परिचालन गरी शिक्षाका उद्देश्यहरु पुरा गर्ने-गराउने कार्यको थालनी भएको । प्रत्येक शिक्षक, कर्मचारीका कामहरुको विश्लेषण (Job analysis) गर्ने र यस्तो कार्य विश्लेषणको विस्तृत रुप पाठ्यक्रम निर्माणका समयमा निश्चित गरी पाठ्यक्रममा समावेश गरिन थालिएको । शिक्षकहरुको शिक्षण दक्षता र कार्यदक्षताको अभिवृद्धिका लागि तालिमको व्यवस्था गरियो । विद्यार्थीका उपलब्धिहरुको मापनको लागि मूल्यांकनका विविध प्रविधि/ प्रक्रियाहरुको विकास गरियो । शिक्षा प्रशासनमा रेखा कर्मचारी पद्धतिको संगठनात्मक प्रक्रियाको थालनी । शैक्षिक प्रशासनमा विद्यालय शिक्षकको सहयोगार्थ, शिक्षकको दक्षता विकास र शिक्षणको प्रभावकारिताका लागि सुपरिवेक्षण व्यवस्थाको थालनी (शर्मा, २०५६, पे. ३०-३१) ।

### २.२.२ मानव सम्बन्ध सिद्धान्त (Human Relation Theory)

मानव सम्बन्ध सिद्धान्तको विकास Prof. George Elton Mayo/ Mary Parker Follet ले गरेका हुन् । यद्धपि यस सिद्धान्तका प्रर्वतक (Founder) का रुपमा George Elton Mayo (१८८०- १९४९) लाई मानिन्छ (Agrawal, 2006) । मानव सम्बन्ध सिद्धान्तले मानव सम्बन्ध भनेको व्यवस्थापन र कामदारको अर्न्तक्रियामा निर्भर हुने कुरा उल्लेख गरेको छ । व्यक्तिको सोचाई, प्रवृत्ति र व्यवहार अर्को व्यक्तिसँग कसरी प्रस्तुत हुन्छ त्यसमा नै मानव सम्बन्ध निर्भर हुने गर्दछ । यसमा मनोविज्ञान, व्यक्तिगत गुण र मानवीय तत्वले प्रत्यक्ष प्रभाव परिरहेको हुन्छ । यसरी मानव सम्बन्धका विविध आयामहरुलाई

मध्यनजर गरेर विद्यालय व्यवस्थापनका हरेक सवालमा राम्रो र आपसि सम्बन्ध कायम गर्न मानव सम्बन्धले महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ ।

"मानव सम्बन्ध सिद्धान्त सन् १९५० ताका प्रचलित सिद्धान्त हो । यस अगाडिका सिद्धान्तले संगठन र कार्यलाई यान्त्रिक दृष्टिकोणले हेरेको कारण यो सिद्धान्तको सुरुआत भएको हो । शास्त्रीय व्यवस्थापनले काम गर्ने ठाउँमा मेलमिलाप र उत्पादन कार्यकुशलतामा सन्तोषप्रद सुधार ल्याउन नसकेकोले व्यवहारिक व्यवस्थापनमा नयाँ नयाँ विचारहरु विकसित भएका हुन् । कुनै पनि संगठनमा कार्य गर्नेहरुकाबीच राम्रो मानव सम्बन्ध भएमा काम सम्पादन राम्रो, चाँडो र स्तरीय हुने र यसको विपरित मानव सम्बन्ध भएमा कार्य सम्पादन ढिलो, नराम्रो र कम गुणस्तरीय हुने कुराले धेरैमा छुन थाल्यो । यस सिद्धान्तलाई Interpersonal behaviour पनि भनिन्छ" (कोइराला र श्रेष्ठ २०६२) ।

ढकाल (२०५६) ले मानव सम्बन्ध सिद्धान्तको प्रयोग निम्न अनुसार हुँदै आएको कुरा उल्लेख गरेका छन् । शिक्षा व्यवस्थामा प्रजातान्त्रिक संस्कार भित्रिन गयो । पाठ्यक्रम निर्माण देखि शिक्षाका सम्पूर्ण क्रियाकलापमा शिक्षकको सहभागितालाई प्रयोगमा ल्याउने प्रयास हुन गयो । शिक्षा प्रशासनलाई प्रजातान्त्रिकरण गर्न थालियो, व्यवस्थापक र शिक्षकबीचको सम्बन्धलाई सुमधुर बनाउनु पर्दछ भन्न थालियो । शिक्षा विकासमा सामाजिक संघ, राज्य र अन्य निकाय सबैको सामुहिक जिम्मेवारीको धारणाको विकास हुन गयो । नेतृत्वको तानाशाही प्रवृति हटाई प्रजातान्त्रिक ढङ्ग अनुरुप काम गर्नु पर्दछ भन्न थालियो । बालकको शिक्षण सिकाइ प्रजातान्त्रिक धारणा अनुरुप हुनुपर्दछ भन्ने धारणा आयो । विद्यालयको विकासमा सबैको सहभागिता हुनुपर्दछ भन्न थालियो (ढकाल, २०५६, पे. २२-२३) ।

मानव सम्बन्ध भन्नाले मानवलाई मानव जस्तो व्यवहार गर्नुपर्दछ, मानवलाई संगठनको वस्तु वा अन्य कुनै सम्पत्तिको रुपमा लिनु हुँदैन यसको आफ्नै मानवीय अस्तित्व छ भनी स्वीकार गर्नुपर्दछ । यदि सबै मिलेर उद्देश्यहरु पूर्ति गर्नु छ भने एकले अर्कोलाई पक्कै चिन्नु पर्दछ । यस अनुसार मानव सम्बन्ध यस्तो कला हो व्यवस्थापकले बुझेर व्यवहार गर्नुपर्दछ । जति धेरै मानवीय सम्बन्ध स्थापना गर्न सक्यो त्यति नै राम्रो सम्बन्ध कायम भै काममा स्तरीयता एवं प्रभावकारिता हाँसिल हुन्छ भन्ने मानव सम्बन्ध सिद्धान्तको सार हो ।

वैज्ञानिक व्यवस्थापनको सिद्धान्तले कामदारको कार्य शैलीलाई परिवर्तन गरी वैज्ञानिक बनाउनु पर्ने, पारिश्रमिकको वैज्ञानिक निर्धारण (कामको आधारमा ज्याला), कामको विभाजन, कामदारको छनौट गर्ने कार्यको वैज्ञानिकरण जस्ता पक्षलाई जोड दिएको छ । मानव सम्बन्ध सिद्धान्तले मानव सम्बन्ध तथा मानवीय पक्षमा जोड दिँदै मानिसहरुको मनोविज्ञान, व्यक्तिगत व्यवहार, आपसी अन्तरसम्बन्ध, व्यक्तिगत गुणहरु, नेतृत्व अनुयायी तथा यिनलाई प्रभाव पार्ने सबै मानवीय तत्वहरुको अध्ययनमा जोड दिएको देखिन्छ ।

## २.३ पुनरावलोकनको उपादेयता

यस अध्ययनको लागि प्रयोग भएका वैज्ञानिक व्यवस्थापनको सिद्धान्त (Scientific Management Theory) र मानव सम्बन्ध सिद्धान्त (Human Relation Theory) ले फरक फरक धारणा प्रस्तुत गरेता पनि अन्ततोगत्वा संगठनको उत्पादन वृद्धि गरेर संगठनलाई बलियो पार्न विशेष जोड दिएका छन् । यस प्रकार यि सिद्धान्तहरु कामदारलाई प्रोत्साहन गरी उद्योगको उत्पादन बढाउने मान्यतामा आधारित भए पनि शिक्षा क्षेत्रको व्यवस्थापनमा यिनको प्रयोग हुँदै आएको छ । शैक्षिक व्यवस्थापनमा प्रयोग हुँदा जुन उपलब्धिहरु शिक्षा क्षेत्रले पायो त्यसै का आधारमा शेध कर्ताको अध्ययनबाट आएका प्राप्तिहरुको व्याख्या विश्लेषण गर्न मद्दत पुग्यो ।

उदाहरणको लागि वैज्ञानिक व्यवस्थापनको सिद्धान्त अनुरुप शैक्षिक योजना निर्माण गरी योजना अनुसारका मानवीय, भौतिक स्रोत र साधनहरुको परिचालन भएको छ छैन, विद्यालय व्यवस्थापन समितिको कार्यदक्षता अभिवृद्धिका लागि अभिमुखीकरण तालिमको व्यवस्था गरिएको छ छैन, मूल्याङ्कनका कस्ता प्रविधिहरुको विकास गरिएको छ भन्ने जस्ता विषयवस्तु उपर गहिरो अध्ययन गर्न सहयोग पु¥यायो । त्यसैगरी मानव सम्बन्ध सिद्धान्त अनुरुप विद्यालयको विकासमा सरोकारवालाहरुको सहभागिता कस्तो
छ ? विद्यालय, अभिभावक र स्थानीय समुदायको सम्बन्ध कस्तो रहेको छ ? आदि जस्ता प्रश्नहरु उपर खोजी गर्न यस सिद्धान्तको प्रयोगले सहयोग पु¥यायो ।

आन्तरिक दक्षता, व्यवस्थापकीय पक्ष र विद्यालयसँग सम्बन्धित विविध पक्षहरुलाई समेटी अलग-अलग क्षेत्रमा गरिएका महत्वपूर्ण अध्ययनहरुले देखाएका निष्कर्षहरु र यस अध्ययनका लागि प्राप्त भएका प्राथमिक र द्वितीय तथ्याङ्कहरुको विश्लेषणबाट प्राप्त प्राप्तिहरुलाई तुलना गर्दै अध्ययन कार्यलाई अगाडि बढाउन र निष्कर्षमा पुग्न सम्बन्धित

साहित्यको अध्ययनले सहयोग पुऱ्यायो । त्यसैगरी आगामी दिनमा शिक्षासँग सम्बन्धित कस्ता कस्ता कार्यक्रमहरु ल्याउँदा सरोकारवालाहरु लाभान्वित हुन्छन् र विद्यालयको आन्तरिक दक्षता र व्यवस्थापकीय पक्ष सुदृढ हुन्छ ? भन्ने तर्फ संकेत दिन पनि सम्बन्धित साहित्यको पुनरावलोकनले महत्वपूर्ण भूमिका खेल्यो ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१. अनुसन्धानात्मक ढाँचा

यो अध्ययन गर्दा सरकारी अनुदान प्राप्त सामुदायिक बिद्यालयको शैक्षणिक योजना संग सम्बन्धित विविध पक्षहरुको वर्तमान अवस्थाको टिपोट उठाई अन्वेषणात्मक र वर्णनात्मक अनुसन्धानको ढाँचामा आधारित बनाइएको छ । यो अध्ययन पूर्णतयाः सर्वेक्षण विधिमा आधारित छ

## ३.२. तथ्याङ्क संकलन प्रक्रिया

### ३.२.१. जनसंख्या

यो अध्ययनका लागि जनसंख्या भन्नाले उदयपुर जिल्लाको मुर्कुची स्रोतकेन्द्रभित्र संचालित सरकारी अनुदान प्राप्त सामुदायिक बिद्यालय, प्रधानाध्यापक, शिक्षक, अभिभावक, बिद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र अन्य सरोकार वालाहरुलाई जनसंख्याको रुपमा लिइएको छ ।

### ३.२.२. नमूनाको आकार

अध्ययन कार्यलाई व्यवस्थित गरी सम्पन्न गर्न मुर्कुची स्रोतकेन्द्रभित्रका सामुदायिक बिद्यालयहरु मध्ये निम्नानुसारका नमूना छनौट गरी तथ्याङ्क संकलन गरिएकोछ ।

तालिका : १, नमूना छनौटमा परेका बिद्यालय तथा सरोकारवाला

| बिद्यालय / सरोकारवाला | श्री मा.बि पाँबु | श्री मा.बि. भोर्ले | श्री उच्च .मा.बि.चिलाउने | श्री मा.बि.रानीबास | श्री उच्च मा.बि.मुर्कुची | जम्मा |
|---|---|---|---|---|---|---|
| प्र.अ. | १ | १ | १ | १ | १ | ५ |
| शिक्षक | १ | १ | १ | १ | १ | ५ |
| बि.व्य.स. अध्यक्ष | १ | १ | १ | १ | १ | ५ |
| सि.अ. संघ अध्यक्ष | १ | १ | १ | १ | १ | ५ |
| बिद्यार्थी | १ | १ | १ | १ | १ | ५ |
| वि.नि./ स्रोतव्यक्ति | | | १ | | | १ |

Flash-1, २०६७, मुर्कुची श्रोत केन्द्र

### ३.२.३. नमूना छनौटको विधि

यस अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न मुर्कुची स्रोतकेन्द्र अन्तर्गतका ५ वटा सामुदायिक बिद्यालयको छनौट उद्देश्यमुलक नमूना छनौट विधि, बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शि.अ. संघका अध्यक्ष, प्र.अ.र स्रोत व्यक्तिको छनौटका लागि स्वतः र बांकी शिक्षक, अभिभावक, र बिद्यार्थीको छनौट गर्दा चिठ्ठा विधि (Random sampling method) को प्रयोग गरिएको छ ।

### ३.२.४.नमूना छनौटको आधार

यस अध्ययनमा नमूना छनौट गर्दा बिभिन्न ठाउँको, बिषयको, व्यक्तिको प्रतिनिधित्व हुने गरी समावेशी तथा समानुपातिक आधारमा, भौगोलिक अवस्था, यातायातको सुविधा, आफ्नो पहुँच, तथ्याङ्कको विश्वसनियता र बैद्यता हुने गरी साधनको पर्याप्ततालाई ध्यान दिंदै उचित र वैज्ञानिक आधारबाट नमूनाको छनौट गरिएको छ ।

### ३.३.अनुसन्धानका साधन

अनुसन्धान कार्यलाई पुरा गर्न, पूर्व निर्धारित उद्देश्य प्राप्ति गर्नका लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न प्रयोग गरिएका साधनहरु निम्नानुसार छन्:

**क**) **अन्तर्वार्ता तालिका** : प्र. अ., शिक्षक, वि.नि. तथा स्रोत व्यक्ति, वि.व्य.स. तथा शि.अ. संघका अध्यक्ष, अभिभावक संग मौखिक अन्तरवार्ता लिइएको छ र प्राप्त प्रतिक्रियालाई कपीमा टिपोट गरिएकोछ ।

**ख**) **प्रश्नावली**ः प्र. अ., शिक्षक, वि.नि. तथा स्रोत व्यक्ति, वि.व्य.स. तथा शि.अ. संघका अध्यक्ष, अभिभावकलाई सोधिने प्रश्नावली फरम तयार पारी संवन्धित ठाउमा गई तथ्याङ्क संकलन गरिएको छ ।

**ग**) **सर्वेक्षण फारम**ः विद्यालयको आन्तरिक दक्षता संवन्धि वर्तमान अवस्थाका वारेमा जानकारी लिनको लागि सर्वेक्षण फारम तयार पारी शोधकर्ता स्वयं सम्वन्धित विद्यालयमा गई तथ्याङ्क संकलन गरिएको छ ।

घ) **अभिलेख अध्ययन**: तथ्याङ्क संकलनको द्वितीय स्रोतका रुपमा अभिलेख अध्ययनलाई प्रयोग गरिएको छ ।

## ३.४. तथ्याङ्कका स्रोतहरु

अनुसन्धान कार्यलाई पूरा गर्न आवश्यक पर्ने तथ्याङ्क संकलनका स्रोतहरु प्राथमिक र द्वितीय स्रोत हुन् । यसभित्र पनि अभिलेख अध्ययनलाई द्वितीय स्रोतबाट र अन्तर्वार्ता तालिका, प्रश्नावली र सर्वेक्षण फारमलाई प्राथमिक स्रोतबाट संकलन गरिएको छ ।

## ३.५. तथ्याङ्क प्रस्तुती, विश्लेषण र व्याख्या

अभिलेख अध्ययन, सर्वेक्षण फारम, प्रश्नावली र अन्तर्वार्ता तालिकाबाट प्राप्त जानकारी र तथ्यहरुलाई प्रतिक्रियाको प्रकृति हेरी सामुदायिक माध्यमिक बिद्यालयको आन्तरिक दक्षता हेर्न आवश्यक मात्रामा उद्देश्य अनुसार उपर्यूक्त शिर्षकको चयन गरी तथ्याङ्कलाई तालिकीकरण गरी व्याख्या र विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको प्रस्तुतिकरण, व्याख्या र विश्लेषण

यस परिच्छेदमा तथ्याङ्क संकलनका साधनहरुबाट प्राप्त तथ्याङ्कहरुलाई निर्धारण गरिएको उद्देश्य अनुसार क्रमशः उपयुक्त शीर्षकको चयन गर्दै तथ्याङ्कको प्रस्तुतिकरण, व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.१.वर्तमान विद्यालयको आन्तरिक दक्षता

यस अध्यायमा विद्यालयको आन्तरिक दक्षता जनाउने प्राथमिक तहदेखि माध्यमिक तह सम्मको भर्ना दर, उत्तीर्ण दर, कक्षा छाड्ने दर, कक्षा दोहोर्‍याउने दर तथा प्राप्तीको छलफल लगायतका विषय समावेस गरिएको छ । त्यसका लागि प्र.अ., शिक्षक, स्रोत व्यक्ति तथा वि.नि., वि.व्य.स. तथा शि.अ..संघका अध्यक्षहरुसंग गरिएको प्रश्नावली, अन्तरवार्ता, छलफल तथा सर्वेक्षण फारमबाट प्राप्त भएका तथ्याङ्कलाई विभिन्न तालिकामा वर्गीकरण गरेर विश्लेषण तथा व्याख्या गरिएको छ ।

### ४.१.१.विद्यार्थी भर्ना

विद्यार्थी भर्ना दरले पनि त्यस विद्यालयको आन्तरिक दक्षतालाई जनाउछ । त्यसैले विद्यालयको विद्यार्थी भर्ना दर कस्तो छ ? भनी सोधिएको प्रश्नको जवाफमा सहभागि पाँचजना प्र.अ. मध्ये चार जना ले विद्यार्थी भर्ना दर वड्दो र एक जनाले घट्दो रहेको अभिमत जाहेर गरे । त्यसैगरी भर्नादरको स्थिति बारेमा वि.व्य.स.का अध्यक्षसंग वुझ्दा ५ जना मध्ये ३ जनाले उत्साहजनक, १ जनाले सन्तोषजनक र १ जनाले घट्दो रहेको वताए । यसरी सेवा क्षेत्रका सवै वच्चाहरु भर्नाहुन नआउने हुनाले भर्ना दर कम हुदै गएको भन्ने प्रतिक्रिया एकातिर छ भने अर्कातिर आवस्यक क्षमता भन्दा वढी भर्ना हुन आउने हुनाले निश्चित समय अगावै भर्ना वन्द गर्नु पर्ने वाध्यता देखिन्छ । भर्ना दर घट्नुमा वन्द हड्तालले गर्दा पढाइमा अनियमितता तथा घरायसिकारण प्रमुख रहेको पाइयो ।

घट्दो विद्यार्थी भर्नादर वढाउन के कस्तो पहल गर्नुभएको छ ? भन्ने प्रश्नको जवाफमा प्र.(अ. हरुले भर्ना व्यवस्था सरल सुगम छ , भर्ना अभियान, घर दैलो कार्यक्रम , प्रारम्भिक कक्षामा अंग्रेजी माध्यममा पढाई र खाजाको व्यवस्था, जनचेतना मुलक कार्यक्रम (सिकाउनु पर्छ राम्रो वानी, विद्यालय जाउन हाम्रा नानी) सञ्चालन गरिएका छन् भन्ने जस्ता प्रतिक्रिया व्यक्त गरे । अंग्रेजी माध्यमबाट पढाउन थालेपछि र विद्यालयले नमुना विद्यालयको पुरस्कार पाएपछि यहाँ विद्यार्थीको चाप वढेको प्रतिक्रिया शिक्षकको छ ।

एकजना शिक्षक भन्छन् "विद्यालयले धान्न नसक्ने भएपछि विद्यार्थी फर्काउनु परेको छ"शोधार्थी स्वयम् विद्यालयमा उपस्थित भई सर्वेक्षण फारम भरी प्राप्त तथ्याङ्कलाई तालिका नं. ४.१. मा देखाइएको छ ।

तालिका ४.१. विद्यालयको विद्यार्थी भर्ना विवरण

| क.स | तह | जम्मा विद्यार्थी संख्या | | | नयाँ भर्ना | | | | | | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ०६४ | ०६५ | ०६६ | ०६४ | % | ०६५ | % | ०६६ | % | % |
| १ | प्रा. वि. | १९४१ | १९४३ | १८९१ | ६७२ | ३४.६ | ४३४ | २७.५ | ७८३ | ४१.६ | ३४.६ |
| २ | नि.मा.वि. | १८०३ | १९०८ | १८२९ | ४५१ | २३ | ४०० | २१ | ६४४ | ३५ | २६.३ |
| ३ | मा.वि. | १३७५ | १३९४ | १३२६ | २३९ | १७.४ | २५९ | १८.६ | २६५ | १९.३ | १८.४ |
| कुल जम्मा | | ५११९ | ५२४५ | ५०९५ | १३२६ | २५.९ | ११९३ | २२.७ | १६९२ | ३३.२ | २७.३ |

विद्यालयको अभिलेख , २०६७

माथिको तालिकालाई विश्ल्षण गर्दा अध्ययन गरिएका पाँचवटा विद्यालयको तथ्याङ्कलाई हेर्दा प्रा.वि. तर्फ क्रमशः ३४.६, २७.५ र ४१.६ प्रतिशत, नि.मा.वि. तर्फ २३,२१ र ३५ प्रतिशत र मा.वि. तर्फ क्रमश : १७.४, १८.६ र १९.३ प्रतिशत विद्यार्थी नयाँ भर्ना भएको देखिन्छ। तीन तहको कुल नयाँ भर्ना प्रतिशत हेर्दा २०६४ मा २५.९, २०६५ मा २२.७ र ३३.२ प्रतिशत हुन आउछ। औसतमा तीन तहमा क्रमश : ३४.६ , २६.३ र १८.४ प्रतिशत नयाँ भर्नादर रहेको छ। कुल औसत नयाँ विद्यार्थी भर्नादर २७.३ प्रतिशत रहेको छ। यसरी तहगत हिसावले हेर्दा प्रा. वि.मा भर्नादर २०६४ को भन्दा २०६५ मा ७ प्रतिशतले घटेको र २०६६ मा १४ प्रतिशतले वढेको देखिन्छ। यसै गरी नि.मा. वि. तर्फ भर्नादर २०६४ को भन्दा २०६५ मा २ प्रतिशतले घटेको र २०६६ मा १४ प्रतिशतले वढेको छ। मा.वि. तर्फ भर्नादर २०६४ को भन्दा २०६५ मा १ प्रतिशतले बढेको र २०६६ मा ०.७ प्रतिशतले वढेको अवस्था देखिन्छ।

यसरी विगत तीन वर्षको तथ्याङ्कलाई अध्ययन गर्दा विद्यार्थी भर्ना दरमा उतार चढाव देखिन्छ। यसको कारण के ठान्नु हुन्छ ? भनि प्र. अ. संग गरिएको छलफलमा राजनैतिक उथलपुथल, द्वन्द, बन्द, हड्तालले बढी प्रभाव पारेका छन् भने अर्कोतिर अभिभावकमा संथागत विद्यालय तर्फको मोह , अस्थायी र आन्तरिक बसाइँसराइँ , प्रकृतिक प्रकोपलाई लिन सकिन्छ। त्यसैगरी शि. अ. संघका अध्यक्षको धारणामा कम शुल्कमा अंग्रेजी माध्यमबाट शिक्षा दिने हेतुले समुदायद्वारा संस्थागत विद्यालयहरुको स्थापना हुनु पनि

एक हो । विशेष गरी प्रा.वि. तह सम्म सानो तिनो कमाइले पनि संस्थागत विद्यालयमा पढाउने क्षमता अभिभावकमा भएकोले यो स्थिति देखिएको हो भने मा.वि.मा एकनासको देखिनुमा सामान्य तथा मध्यम परिवारका वालवालिका प्राथमिक तह सम्म संस्थागत विद्यालयमा र त्यसपछि सामुदायिक विद्यालयमा लैजाने प्रचलन तथा नि.मा.वि.र मा.वि.मा वाह्य मूल्याङ्कन हुने भएकाले राम्रो नतिजा ल्याउन शिक्षक तथा विद्यालय प्रशासन लागिपरेकोले भन्ने जवाफ अन्तरवार्ताका क्रममा प्राप्त भए ।

अध्ययन गरिएका विद्यालयमा २०६६ मा प्रा. वि. तथा नि.मा.वि. तहमा भर्नादरमा उल्लेख्य वृद्धि देखिन्छ । यसको कारण वुझ्न खोज्दा विद्यार्थी भर्ना अभियान तथा घरदैलो कार्यक्रमको प्रभाव, समुदायको माग अनुसार तल्लो कक्षा देखिनै अंग्रेजी माध्यमबाट पढाई सुरु , तथा निरन्तर मूल्याङ्कनलाई जोड दिएकोले हो । त्यसै गरी छात्रवृत्ति, वैदेशिक रोजगार तथा देशमा शान्ति आउनुलाई मान्न सकिन्छ भन्ने जबाफ प्र.अ. को रह्यो । भर्नादरमा एकरुपता वढाउन के गर्नुपर्ला ? भन्ने प्रश्नको जवाफमा सवैभन्दा पहिला देशमा शान्ति आउनु प–यो , समय समयमा अभिभावक भेला तथा भेटघाट, जनचेतनामुलक कार्यक्रम समुदायका मानिस संग हातेमालो गर्दै अगाडि वढ्नुपर्दछ भन्ने कुरा छलफलका क्रममा प्राप्त भए ।

## ४.१.२ विद्यार्थी उत्तीर्ण दर

विद्यार्थी उत्तीर्ण दरले विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक उपलब्धिलाई जनाउने गर्दछ । विद्यार्थीहरुको शैक्षिक उपलब्धिको मुल्याङ्कन गर्दा त्रैमासिक, अर्धबार्षिक, तथा बार्षिक परीक्षाको प्राप्ताङ्कको आधारमा गर्ने गरेको पाइयो । विद्यार्थी उत्तीर्ण दर सम्बधमा सोधिएको प्रश्नमा राम्रै ,७०-९० प्रतिशत भन्दा बढी भएकोले सन्तोष जनकछ भन्ने जवाफ अधिकांश शिक्षक तथा प्र.अ.बाट पाइयो भने शि.अ.सं.का अध्यक्ष सबैले नतिजा राम्रो रहेको बताए । त्यसैगरी वि.व्य.सं.का अध्यक्षको राय बुझ्दा उत्तीर्ण प्रतिशत जिल्ला तथा राष्ट्रिय स्तरसंग मिल्दो जुल्दो रहेको प्रतिक्रया पाइयो । विद्यालयको उत्तीर्ण दरको स्थितिलाई तालिकामा हेर्दा निम्नानुसार देखिन आउछ ।

तालिका ४.२ विद्यालयको विद्यार्थी उत्तीर्ण विवरण

| विद्यालय को तह | अन्तिम परीक्षामा संमिलित विद्यार्थी संख्या | | | उत्तीर्ण संख्या | | | उत्तीर्ण प्रतिशत | | | औषत उत्तीर्ण दर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ०६४ | ०६५ | ०६६ | ०६४ | ०६५ | ०६६ | ०६४ | ०६५ | ०६६ | % |
| प्रा.वि. | १८७६ | १७७६ | १७२२ | १६७३ | १६०४ | १५९७ | ८९.२ | ९०.३ | ९२.७ | ९०.७ |
| नि.मा.वि | १७०५ | १८०६ | १७८२ | १४०५ | १५०९ | १४८१ | ८२.४ | ८३.६ | ८३.१ | ८३ |
| मा.वि. | १३०७ | १३११ | १२६९ | ११७९ | १२५२ | ११८४ | ९०.२ | ९५.५ | ९३.३ | ९३ |
| **कुल जम्मा** | **४८८८** | **४८९३** | **४७७३** | **४२५७** | **४३६५** | **४२६२** | **८७.१** | **८९.२** | **८९.३** | **८८.९** |

विद्यालयको अभिलेख , २०६७

तालिका ४.२ लाई विश्लेषण गर्दा अध्ययन गरिएका पाचवटा विद्यालयको विगत ३ वर्ष (०६४, ०६५,०६६)को तथ्यङ्कलाई हेर्दा औसतमा विद्यार्थी उत्तीर्ण दर क्रमश:प्रा.वि.मा ९०.७, नि.मा.वि.मा ८३ र मा.वि.मा ९३ प्रतिशत देखिन्छ । उत्तीर्ण दर सबै भन्दा बढी मा.वि. तहमा देखिन्छ भने सबै भन्दा कम नि.मा.वि. तहमा देखिन्छ ।

समष्टिमा हेर्दा ०६४ को अन्तिम परीक्षामा सम्मिलित भएका ८७.१ प्रतिशत विद्यार्थी कक्षा उत्तीर्ण भएको देखिन्छ भने ०६५ को अन्तिम परीक्षामा सम्मिलित भएका मध्ये ८९.२ प्रतिशत उत्तीर्ण भएका छन । ०६६ मा यो तथ्याङ्कमा केही बढोत्तरी आइ परीक्षामा सम्मिलित मध्ये ८९.३ प्रतिशत उत्तीर्ण भएको देखिन्छ । शिक्षा विभाग (०६६) द्वारा प्रकाशित विद्यालय स्तरीय शैक्षिक तथ्याङ्कमा प्रा.वि. तहमा उत्तीर्ण दर ७०.४ प्रतिशत रहेको छ भने अध्ययन गरिएका विद्यालयको उक्त तहमा उत्तीर्ण दर औसतमा ९०.७ देखिन्छ जुन राष्ट्रिय स्तरको भन्दा धरै राम्रो देखिन्छ । कुल परीक्षामा सम्मिलित संख्याको औसत उत्तीर्ण दर ८८.९ प्रतिशत भएपनि ११ प्रतिशत अनुत्तीर्ण भएकोसम्वन्धमा सोधिएको प्रश्नमा विद्यार्थीहरुको घरको वातावरण, विद्यालयमा विद्यार्थीको उपस्थितिको अनियमितता, राजनैतिक तथा शैक्षिक कारणलाई लिएको पाइयो । सरकारको नीति अनुसार प्रा.वि.मा शत प्रतिशत उत्तीर्ण गराउने भए पनि यस अध्ययनमा त्यो पाइएन । ११ प्रतिशत भन्दा बढी नै असफल भएको स्थिति सुधार गर्नु पर्ने देखिन्छ ।

## ४.१.३ विद्यार्थी कक्षा छाड्ने दर

विद्यालयमा भर्ना भएका विभिन्न कारणले गर्दा विद्यार्थीहरुले पढाइ पूरा नगरी बीचैमा छाड्ने गर्दछन् । अध्ययनको लागि छनोटमा परेका विद्यालयहरु पनि यस किसिमको समस्याबाट मुक्त हुन सकेको देखिदैन । विद्यार्थीहरुले विद्यालयमा भर्ना भएर अध्ययन गर्नुको मुख्य उद्देश्य औपचारिक अध्ययनमा निरन्तरता प्रदान गरी प्रत्येक शैक्षिक सत्र पार गर्दै जानु हो तापनि विभिन्न कारणले गर्दा विद्यालयमा अध्ययन गर्नको लागी भर्ना भएका विद्यार्थीहरुले बीचैमा कक्षा छाड्ने गरेको पाइन्छ । विद्यालयमा कक्षा छाड्ने दर सम्बन्धमा शिक्षक तथा प्र.अ.संग सोधिएको प्रश्नको जवाफमा कक्षा छाड्ने खासै छैनन्, ज्यादै न्युन, घट्दै गइरहेको छ भने कसैले दश प्रतिशतले कक्षा छाडेको पनि स्थिति दर्शाएका थिए भने वि.व्य.स.का अध्यक्षहरु सबैले कक्षा छाड्ने दर कम भइरहेको बताए । शि.अ.सं.का अध्यक्षलाई भराइएको प्रश्नावलिमा विद्यालयमा रहेका शैक्षिक समस्याहरु के हुन् ? भन्ने प्रश्नको जवाफमा कक्षा छाड्ने दर बढी हुनु भन्ने विकल्पमा ५ जना मध्ये २ जनाले अभिमत व्यक्त गरे  सोहि कुरालाई तालिकाबाट हेर्दा कक्षा छाड्ने संख्या तीन सालमा तीन तहमा निम्नानूसार छ ।

तालिका ४.३ विद्यालयको विद्यार्थी कक्षा छाड्ने विवरण

| क्र. स. | विद्यालयको तह | जम्मा विद्यार्थी संख्या | | | अन्तिम परीक्षामा संमिलित संख्या | | | कक्षा छाड्ने संख्या | | | औषत कक्षा छाड्ने दर % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ०६४ | ०६५ | ०६६ | ०६४ | ०६५ | ०६६ | ०६४ | ०६५ | ०६६ | |
| १ | प्रा. वि. | १९४१ | १९४३ | १८९१ | १८७६ | १७७६ | १७२२ | ६५ | १६७ | १६९ | ६.९३ |
| | प्रतिशत | | | | ९६.६ | ९१.४ | ९१.०६ | ३.३ | ८.६ | ८.९ | |
| २ | नि.मा.वि. | १८०३ | १९०८ | १८२९ | १७०५ | १८०६ | १७८२ | ९८ | १०२ | ४७ | ४.४३ |
| | प्रतिशत | | | | ९४.५ | ९४.६५ | ९७.४३ | ५.३४ | ५.३ | २.५६ | |
| ३ | मा. वि. | १३७५ | १३९४ | १३७५ | १३०७ | १३११ | १२६९ | ६८ | ८३ | १०६ | ६.२ |
| | प्रतिशत | | | | ९५.१ | ९४ | ९२.३ | ४.९ | ६ | ७.७ | |
| कुल जम्मा | | ५११९ | ५२४५ | ५०९५ | ४८८८ | ४८९३ | ४७७३ | ३३१ | ३५२ | ३२२ | ५.८५ |
| प्रतिशत | | | | | ९५.५ | ९३.३ | ९३.७ | ४.५ | ६.७ | ६.३ | |

विद्यालयको अभिलेख , २०६७

तालिका ४.२ लाई विष्लेशण गर्दा अध्ययन गरिएका पाँच विद्यालयको तीन तहमा औसत कक्षा छाड्ने दर तीन सालको समष्टिमा प्रा.वि.मा ६.९३ प्रतिशत, नि.मा.वि.मा ४.४३  प्रतिशत तथा मा.वि.मा ६.२ प्रतिशत र कुल जम्मा विद्यार्थीको ५.५८ प्रतिशत देखिन्छ । प्रा.वि.मा भन्दा नि.मा.वि.मा यो दर कम भएको तर मा.वि.मा फेरि बढेकोले आन्तरिक दक्षतामा केही सूधार आवश्यक भएको देखिन्छ ।

कुल जम्मा अन्तिम परीक्षामा सम्मिलित क्रमशः ०६४, ०६५ र ०६६ का विद्यार्थी मध्ये २३१ जना अर्थात ४.५प्रतिशतले, ३७१ अर्थात् ६.७ प्रतिशतले र ३२२ अर्थात् ६.३ प्रतिशतले कक्षा छाडेको देखिन्छ। कक्षा छाड्ने दर सबैभन्दा बढी प्राथमिक तहमा देखिन्छ भने सबैभन्दा कम नि.मा.वि. तहमा देखिन्छ। यो क्रम प्राथमिक तथा माध्यमिक तहमा क्रमशःबढ्दै गएको देखिन्छ भने नि.मा.वि. तहमा घट्दै गएको देखिन्छ। तथ्याङ्कलाई केलाउदा ०६४ को तुलनाम ०६५ मा कक्षा छाड्ने विद्यार्थी संख्या घटेको देखिन्छ। शिक्षा विभाग (२०६४) द्वारा प्रकाशित विद्यालय स्तरीय शैक्षिक तथ्याङ्कमा प्रा.वि. तहमा यो दर १२.५ उल्लेख गरेको छ भने अध्ययन गरिएका विद्यालयमा यो दर आधाभन्दा कम देखिन्छ। कक्षा छाड्ने दर कम हुनुमा विद्यालयको भौतिक तथा प्रशासनिक पक्ष राम्रो हुनु, अभिभावकमा चेतनाको विकास, शिक्षक नियमितता तथा देशमा आएको शान्तिलाई लिन सकिन्छ।

### ४.१.४ कक्षा दोहोऱ्यउने दर

परीक्षामा सम्मिलित सम्पुर्ण विद्यार्थीहरु उतीर्ण हुदैनन् र केही अनुत्तीर्ण भई कक्षा दोहोऱ्याउने गर्दछन्। अध्ययनका क्रममा कक्षा दोहोऱ्याउने दरको सम्बन्धमा प्र.अ. संग सोधिएको प्रश्नमा २ जनाले सामान्य र ३ जनाले घट्दो भएको जवाफ पाइयो। शि.अ.संघ का अध्यक्षलाई भराइएको प्रश्नावलीमा विद्यालयमा रहेका शैक्षिक समस्याहरु के हुन ? भन्ने प्रश्नको जवाफमा कक्षा दोहोऱ्याउने दर बढी हुनु भन्ने विकल्पमा ५ जनामध्ये ३ जनाले आफ्नो अभिमत व्यक्त गरे। यो स्थिति नि.मा.वि.मा बढी र मा.वि.मा. कम भएको जनाए। जसलाई तालिकाबाट हेर्दा निम्नानुसार छ।

### तालिका ४.४ विद्यालयको विद्यार्थी कक्षा दोहोऱ्याउने विवरण

| क.स. | विद्यालयको तह | अन्तिम परीक्षामा संमिलित जम्मा विद्यार्थी संख्या | | कक्षा दोहाऱ्याउने संख्या | | औसत कक्षा दोहाऱ्याउन दर |
|---|---|---|---|---|---|---|
| | | ०६४ | ०६५ | ०६५ | ०६६ | |
| १ | प्रा. वि. | १८६७ | १७७६ | १५२ | १८० | ९.१ |
| | प्रतिशत | | | ८.१ | १०.१ | |
| २ | नि.मा.वि. | १७०५ | १८०६ | ११४ | १२० | ६.६६ |
| | प्रतिशत | | | ६.६८ | ६.६४ | |
| ३ | मा. वि. | १३०७ | १३११ | ८३ | १०६ | ७.२१ |
| | प्रतिशत | | | ६.३५ | ८.०८ | |
| कुल जम्मा | | ४८८८ | ४८९३ | ३४९ | ४०६ | ७.६५ |
| | | | | ७.१ | ८.२९ | |

विद्यालयको अभिलेख , २०६७

तालिका ४.४ लाई विश्लेषण गर्दा ०६५ र ०६६ मा औसत कक्षा दोहोऱ्याउने दर क्रमशः प्रा.वि., नि.मा.वि.र मा.वि.मा ९.१ प्रतिशत, ६.६६ र ७.२१ प्रतिशत देखिन्छ। तीन तहको समग्रमा कक्षा दोहोऱ्यउने दर ७.६५ प्रतिशत पाईयो। तहगत रुपमा हेर्दा नि.मा.वि.मा सबैभन्दा कम र प्रा.वि.मा सबै भन्दा बढी देखिन्छ। यसका बारेमा बुझ्दा कमजोर तथा न्युन आय भएका परिवारका केटाकेटी भएकोले घरको कामको आवश्यकता, भाइवहिनी हेर्नु पर्ने बाध्यता र शिक्षाको महत्व बारे थाहा नपाएका कारणले अभिभावकले बच्चालाई नियमित विद्यालय पठाउदैनन्। विद्यार्थी नियमित नभएपछि परीक्षामा अनुतीर्ण संख्या धेरै भएको हो भन्ने राय अधिकांश शिक्षकहरुको छ। कक्षा दोहोऱ्याउने दर प्रा.वि. तहमा बढेको, नि.मा.वि. मा घटेको र मा.वि तहमा ०६६ मा बढेको देखिन्छ। शिक्षा विभाग (२०६४) द्वारा प्रकाशित विद्यालय स्तरीय शैक्षिक तथ्याङ्कमा प्रा.वि. तहमा यो दर १७.२ उल्लेख गरेको छ भने अध्ययन गरिएका विद्यालयमा यो दर आधा नै कम देखिन्छ।

## ४.१.५ प्रवेशिका परीक्षाको परीणामको विश्लेषण

विद्यालयहरुको आन्तरिक दक्षताका वारेमा जानकारी दिन विगत तीन वर्षको प्रवेशिका परीक्षाको परीणामलाई पनि लिइएको थियो । जसलाई राष्ट्रिय नतिजासंग तुलना गरिएको छ ।

तालिका ४.५ प्रवेशिका परीक्षा परिणाम विवरण (२०६४-२०६६)

| क्र.स. | साल | उत्तीर्ण प्रतिशत | राष्ट्रिय तहम उत्तीर्ण प्रतिशत | फरक |
|---|---|---|---|---|
| १ | २०६४ | ५८.८ | ४६.५१ | १२.२९ |
| २ | २०६५ | ५३.६ | ५८.४६ | -५.०४ |
| ३ | २०६६ | ६८.२ | ६३.७३ | ४.४७ |

विद्यालयको अभिलेख , २०६७

माथिल्लो तालिका अनुसार विगत तीन वर्षको विद्यालयहरुको प्रवेशिका परीक्षाको नतिजा ५८.८, ५३.६ र ६८.२ प्रतिशत तथा राष्ट्रियस्तरको नतिजा क्रमशः ४६.५१, ५८.६४ र ६३.७३ प्रतिशत रहेको छ । प्रवेशिका परिणामलाई राष्ट्रिय स्तरसंग तुलना गर्दा ०६४ मा विद्यालयहरुको उतीर्ण प्रतिशत १२.२९ ले बढी देखिन्छ भने ०६५ मा ५.०४ काम र ०६६ मा ४.४७ बढी देखिन्छ । यसरी यी विद्यालयहरुको नतिजा ०६४मा राम्रो, ०६५ मा नराम्रो र ०६६ मा राम्रो देखिएकोले समग्रमा भन्दा विद्यालयको प्रवेशिका परिणाम राम्रो देखिन्छ जुन राष्ट्रिय नतिजाको प्रतिसतसंग तूलना गर्दा सन्तोष जनक देखिन्छ ।

## ४.१.६ विद्यार्थी शिक्षक अनुपात

विद्यालयको आन्तरिक दक्षता वृद्धि गर्ने तत्वको रुपमा विद्यार्थी शिक्षक अनुपातलाई लिइन्छ । विद्यालमा विद्यार्थी संख्याको तुलनामा शिक्षक कम भएमा पनि विद्यालयको भौतिकस्तर राम्रो हुदैन । त्यसैले अध्ययन गरिएका विद्यालयको स्थिति बुझ्दा निम्नानुसार रहेको पाइयो । जसलाइ तालिका ४.६ मा देखाइएको छ ।

तालिका ४.६ विद्यार्थी शिक्षक अनुपात

| क्र.स. | तह | विद्यार्थी संख्या | शिक्षक संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | प्रा.वि. | १८९१ | ७८ | १:२४ |
| २ | नि.मा.वि. | १८२९ | ४५ | १:४० |
| ३ | मा.वि. | १३७५ | ५८ | १:२४ |
| **जम्मा** | | **५०९५** | **१८१** | **१:२८** |

विद्यालयको अभिलेख , २०६७

माथिल्लो तालिकालाई विश्लेषण गर्दा समष्टिमा जम्मा विद्यार्थी संख्या ५०९५ रहेको देखिन्छ भने शिक्षक संख्या १८१ जना रहेको देखिन्छ। जसको विद्यार्थी शिक्षक अनुपात १:२८ हुन आउछ। शिक्षा नियमावली २०५९ ले सामुदायिक विद्यालय तर्फ विद्यार्थी शिक्षक अनूपात उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा १:५०, १:४५,र १:४० उल्लेख गरेको छ भने सबैका लागि शिक्षा कार्यक्रम (२००४-२००९) प्रा.वि. तहमा विद्यार्थी शिक्षक अनुपात १:३० पूऱ्याउने लक्ष्य राखेको पाइन्छ। यसैगरी शिक्षा मन्त्रालयले २०६४ मा प्रकाशित गरेको तथ्याङ्कमा सामुदायिक विद्यालयतर्फ विद्यार्थी शिक्षक अनुपात प्राथमिक तहमा १:४२, नि.मा.वि.मा १:६९ , मा.वि.मा १:४२ र जम्मा १:४६ रहेको उल्लेख गरेको छ। यसरी अध्ययनको छनोटमा परेका विद्यालयको विद्यार्थी शिक्षक अनुपात शिक्षा नियमावलीमा उल्लेख भए अनुसार कम भएको देखिन्छ। त्यसैले विद्यालयहरुमा विद्यार्थी शिक्षक अनुपात उपयुक्त भएको मानिन्छ।

## ४.१.७ तहगत शिक्षक उपस्थिति दर

विद्यालयको आन्तरिक दक्षता वृद्धि गर्न शिक्षकहरुको महत्वपूर्ण भूमिका हुन्छ। शिक्षकको पठनपाठन कार्यमा प्रत्यक्ष सम्बन्ध हुने हुनाले उसको उपस्थिति विना विद्यालयहरु सुचारु रुपले सञ्चालन हुन सक्दैनन्। विद्यालयहरुमा पठनपाठन कार्यमा प्रत्यक्ष प्रभाव पार्ने तत्व भनेको शिक्षक उपस्थिति भएकोले कुन तहमा कति शिक्षक कति दिन उपस्थित वा अनुपस्थित भएकाछन भनेर अध्ययन गर्दा प्राप्त तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छ।

तालिका ४.७

तहगत शिक्षक उपस्थिति दर -२०६६

| तह | शिक्षक संख्या | शिक्षक उपरुिथति दर | विद्यालय सञ्चालन दिन | शिक्षकको औसत उपरुिथति दर % |
|---|---|---|---|---|
| प्रा.वि. | ७८ | १६३९४ | २२० | ९५.५४ |
| नि.मा.वि. | ४५ | ९५०५ | २२० | ९६.०१ |
| मा.वि. | ५८ | १२१२५ | २२० | ९५.०२ |
| जम्मा | १८१ | ३८०२४ | २२० | ९५.४९ |
| शिक्षक औसत उपस्थिति दिन | | २१० | २२० | ९५.४५ |

विद्यालयको अभिलेख : २०६७

तालिका ४.७ अनुसार २०६६ मा शिक्षकको औषत उपस्थिति दर ९५.४९ प्रतिशत देखिन्छ। वर्षमा एक जना शिक्षकले औषतमा तलबी विदामा क्या. वि.,पर्व ६।६ दिन जुन बचत नहुने अर्थात् खर्च गर्नुपर्ने विदा हुन् र सञ्चित गर्न पाउने विरामी विदा गरी जम्मा १२ दिन गरी जम्मा २४ दिन विदा पाउछन्। यसैले सुबिधा लिएर बिदामा बस्ने हुदा पूरै दिन (२२०) दिन केहि शिक्षक उपस्थित भएको पाइए पनि धेरै जसोले बिदा बसेको हुदा औषत उपस्थित दिन २१० दिन र प्रतिशतमा ९५.४५ हुन आउछ। यो उपस्थिति दर प्रशंसनीय देखिन्छ। शिक्षकले पाउने १२ दिन विदा जुन सञ्चित नहुने अर्थात् खर्चभएर जाने बिदामा समेत बिदा नबसी उल्लेख्य उपस्थिति हुने गरेको पाइयो। यसरी बढी उपस्थिति हुनुको कारण प्र.अ. संग सोध्दा विशेष सुविधा उपलब्ध गराउने भएकोले हो। शिक्षकहरुको बिदा बचाए बापत शुरु तलब स्केलको आधारमा हिसाब गरी बचत दिनको परिश्रमिक उपलब्ध गराउने व्यवस्था छ भन्ने जवाफ छलफलका क्रममा पाइयो। अध्ययन गरिएको एक विद्यालयमा अनुपस्थित हुने शिक्षकहरुको नाम सुचनापाटीमा लेख्ने चलन रहेको पाइयो।

## ४.२ विद्यालयको आन्तरिक दक्षताको सुचकहरु

यस अध्यायमा आन्तरिक दक्षताको लेखाजोखा गर्न आवश्यक पर्ने कुराहरु जस्तै विद्यार्थी भर्नाको आधार तथा समय, कक्षा छाड्ने कारण , कक्षा दोहोऱ्याउने कारण , अनुत्तीर्ण हुने कारण, आदिको विश्लेषण , व्याख्या तथा छलफल समेत गरिएको छ। खास गरी के कस्ता कारणले विद्यार्थीहरु अनुत्तीर्ण हुने, कक्षा छाडेने र कक्षा दोहोऱ्याउने गर्दछन् ? भन्ने सम्वन्धमा प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स.का अध्यक्ष, शि.अ. संघका अध्यक्ष, वि.नि.

तथा स्रोत व्यक्ति सँग गरिएको प्रश्नावली, अन्तरवार्ता तथा छलफलका आधारमा विश्लेषण तथा व्याख्या गरिएको छ ।

### ४.२.१ विद्यार्थी भर्नाको आधार र समय

विद्यार्थीले विद्यालय अध्ययन गर्नको लागि भर्ना हुन जरुरी हुन्छ । त्यसको लागि विद्यालयले केहि नियम बनाई भर्नाको आधार र समय तोकेको हुन्छ भनी त्यसैको आधारमा भर्ना लिने गरेको हुन्छ । विद्यार्थी भर्नाको सम्बन्धमा तपाइको विद्यालयमा कुन समयमा भर्ना लिनुहुन्छ ? भन्ने प्रश्नको जवाफमा ५ जना प्र.अ. मध्ये ४ जनाले शैक्षिक शत्र सुरुहुनु भन्दा अगाडि र एक जनाले शैक्षिक सत्रको बीचमा भन्ने विकल्पमा आफ्नो राय व्यक्त गरे त्यसैगरी कक्षा ६ र ९ मा के का आधारमा भर्ना लिने गर्नुहुन्छ ? भन्ने प्रश्नको जवाफमा ५ जना मध्ये ३ जनाले कक्षा ५ र ८ को जिल्ला स्तरीय परीक्षा उत्तीर्ण गरेको प्रमाण पत्रको आधारमा र २ जनाले अन्य अर्थात् प्रवेश परीक्षा लिएर तथा मार्कसिट हेरेर भन्नेमा आफ्नो धारण व्यक्त गरे । विद्यार्थी भर्नामा देखिएको मुख्य समस्या के हो ? भन्ने प्रश्नको जवाफमा ५ जना मध्ये २ जनाले विद्यार्थीको क्षमता भन्दा बढी भर्ना लिनुपर्ने र ३ जनाले अन्य अर्थात बाह्य विद्यालयबाट फेल भएर आएका विद्यार्थीहरुलाई भर्ना लिनुपर्ने र माथिका सबै भन्ने विकल्पमा आफ्नो धारण व्यक्त गरे ।

### ४.२.२ उतीर्ण गराउने आधार

विद्यार्थी विद्यालयमा भर्ना भएपछि केहि निश्चत समयपछि उसले अध्ययन गरेका कुराहरु के कति मात्रामा सिक्यो भनेर परीक्षा लिइन्छ र त्यसैको आधारमा उसलाई त्यस भन्दा माथिल्लो कक्षामा कक्षोन्नति गरिन्छ । सर्वेक्षण फारमबाट प्राप्त सुचनाका आधारमा अध्ययन गरिएका विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक उपलब्धिको मुल्याङ्कन त्रैमाशिक, अर्धवाषिक तथा बार्षिक परीक्षाको प्राप्ताङ्कको आधारमा कक्षा चढाउने गरेको देखिन्छ । जसमा प्रथम त्रैमाशिक २० प्रतिशत, द्वितीय त्रैमाशिक २० प्रतिशत र अन्तिम परीक्षा ६० प्रतिशतको हुने गरेको र समय त्रमशः २ घण्टा, २ घण्टा र ३घण्टा परीक्षा को समय हुने गरेको पाइन्छ ।

परीक्षालाई विद्यार्थीहरुको कक्षोन्नतिको मूल आधार मानेपनि यसका अतिरिक्त विद्यर्थीको नियमितता, अनुशासन, कक्षाकार्य र गृहकार्यको मुल्याङ्कन पनि समेट्नु पर्दछ । अध्ययन गरिएका विद्यालयहरुमा पनि यिनै कूरालाई ध्यानमा राखेर कक्षोन्नतीको आधार बनाइएको देखियो । जसमा कक्षा १ देखि ७ सम्म उदार कक्षोन्नतिको आधारमा र कक्षा ८

र ९ मा मार्कसिटका आधारमा ज्यादै कमजोर विद्यार्थी बाहेक अरुलाई कक्षा चढाउने गरेको पाइयो । विशेष गरी अंग्रेजी र गणित विषय लागेको विद्यार्थी वाहेक अन्यलाई २५ नं. सम्म थप गरी कक्षा चढाउने गरेको पाइयो । ८ र १० मा कस्ता विद्यार्थीलाई कक्षा चढाउने भन्ने सन्दर्भमा कक्षा शिक्षक, बिषय शिक्षक र प्र.अ.बसेर छलफल गरी निचिश्त नियमहरु पारित गराई सोही अनुसार मूल्याङ्कन गर्ने गरेको पइयो भने सोही विद्यालयमा अतिरिक्त क्रियाकलापमा संम्लग्न भएका विद्यार्थीहरुलाई पढाइमा कमजोर भएपनि कक्षा चढाउने गरेको पाईयो । कक्षा १ देखि ९ सम्म आन्तरिक मूल्याङ्कन अन्तिम परीक्षामा समावेश नगरीने भएपनि कक्षा ८ र १० को आन्तरिक मूल्याङ्कन अन्तिम परीक्षामा समावेस नगरिने कुरा प्र.अ. संग गरिएको कुराकानीमा पाइन्छ । प्रथम र द्वितीय त्रैमासिक परीक्षालाई सुधारात्मक तथा अन्तिम परीक्षालाई निर्णायात्मक उपलब्धि मापनको लागि लिने गरेको देखिन्छ र त्यसैको आधारमा विद्यार्थीलाई कक्षा उत्तीर्ण गराउने गरिन्छ ।

### ४.२.३ कक्षा छाड्ने कारण

भर्ना भएका र उतीर्ण भएका सबै विद्यार्थीले सोही विद्यालयमा अध्ययनलाई निरन्तरता नदिई परिस्थिति जन्य कारणहरुले एउटा विद्यालय छाडी अर्को विद्यालयमा गई अध्ययन गरेको पाइन्छ भने यदाकदा केही विद्यार्थीले पढाइ नै त्याग्ने गरेको पनि पाईन्छ । कस्ता पृष्ठभूमि भएका विद्यार्थीहरुले बीचैमा कक्षा छाड्छन् ? भन्ने प्रश्नको जवाफमा सहभागि शिक्षकहरुको निम्नानुसारको प्रतिक्रिया पाइयो । जसलाई तालिकामा देखाइएको छ ।

**तालीका ४.२.१ कक्षा छाड्ने विद्यार्थीहरुको पृष्ठभूमि**

| क्र.स. | कारण | प्रतिक्रिया |
|---|---|---|
| १ | आर्थिक अवस्था कमजोर | ३० |
| २ | शारीरिक तथा मानसिक रुपले अशक्त | ३ |
| ३ | फरक सामाजिक तथा पारिवारिक पृष्ठभूमि | १० |
| ४ | अन्य | ७ |
| **जम्मा** | | **५०** |

सर्वेक्षण फारम, २०६७

कक्षा छाड्ने विद्यार्थीहरुको पृष्ठभूमिका बारेमा सोधिएको प्रश्नमा अधिकांश शिक्षकहरुले आर्थिक अवस्था कमजोर भएका गरीब, सुकुम्बासी तथा दलित परीवारका बालबालिका भएको बताए । पढाईको महत्व नबुझ्केका परिवारका केटाकटीहरुले बिषेश गरी

कक्षा छाड्ने गरेको धरणा वि.नि. तथा स्रोतब्यक्तिहरुको छ । कक्षा छाड्ने कारणको सन्दर्भमा शिक्षकलाई भराइएको प्रश्नावली फारामबाट प्राप्त प्रतिक्रियाहरुलाई तल तालिकामा प्रश्तुत गरेको छ ।

**तालिका ४.२.२ विद्यार्थीले कक्षा छाड्नुका कारण**

| क.स. | कारण | प्रतिक्रिया |
|---|---|---|
| १ | भौगोलिक अवस्थिति | ३ |
| २ | वसाईंसराई | २९ |
| ३ | अन्य | १८ |
| **जम्मा** | | **५०** |

सर्वेक्षण फारम २०६७

विद्यार्थीहरुले कक्षा छाड्ने कारणहरुमा गरीबी, आन्तरिक बसाँईसराई, तथा बिरामी हुनुलाई शिक्षकहरुले मुख्यरुपले लिएको पाइन्छ । विद्यार्थीहरुलाई आवश्यक शैक्षिक तथा अन्य सामाग्रीहरु अभिभावकले दिन नसक्नु, परीक्षामा असफल हुनू तथा बढी उमेरले गर्दा विद्यार्थी स्वयंमले अपमान ठान्नु पनि हो भन्ने कुरा शिक्षकहरुले छलफलको क्रममा बताए । यसै गरी प्र.अ.को धारणा बुझ्दा विद्यार्थी स्वयम् तथा अभिभावकमा शिक्षाप्रति चासो नभएर भन्ने विकल्पमा ३ जना र अन्यमा भन्ने २ जना पाइयो । अन्यमा अस्थायी बसाईसराई, सुकुम्बासी, घरेलु कामदार, आर्थिक अबस्था कमजोर भएका तथा निम्न स्तरीय विद्यार्थीहरुको सहभागीता भन्ने कारण ब्याख्यामा खुलाइएको छ । त्यसै गरी वि.व्य.स.को अध्यक्षले आमाबुबाको निरक्षरता र शैक्षिक पछौटेपन बालबालिकाको बीचैमा कक्षा छाड्ने दरसगं अन्तरसम्बन्धित हुन्छ भने गरीबीका कारणले बालबालीकाहरु विद्यालय नजाने , अनियमित हुने हुनाले पढाइमा कमजोर हुने र आखिरमा विद्यालय छाड्ने गरेको देखिन्छ भन्ने कुरा अर्न्तरवार्ताका क्रममा वताए ।

## ४.२.४ कक्षा दाहोऱ्याउने कारण

विद्यालयको अन्तिम परीक्षामा सम्मीलित भएका विद्यार्थी सबै उतीर्ण नभई केहि अनुत्तीर्ण पनि हुने गर्दछन । विद्यार्थी अनुतिर्ण हुनु भनेको शिक्षामा गरिएको लगानी खेर जानु हो । त्यसैले कस्ता पृष्ठभूमि भएका बालबालिका अनुत्तीर्ण हुदा रहेछन भन्ने प्रश्नको जवाफमा शिक्षकहरुबाट प्राप्त प्रतिक्रियालाई तलको तालीकामा देखाएको छ ।

**तालिका ४.२.३ अनुत्तीर्ण हुने विद्यार्थीको प्रकार**

| क्र.स. | पृष्ठभूमि | प्रतिक्रिया |
|---|---|---|
| १ | नियमित विद्यालय आउने | २६ |
| २ | सामाजिक तथा आर्थिक रुपले पिछडिएका परिवारका | १६ |
| ३ | अन्य | ८ |
| **जम्मा** | | **५०** |

सर्वेक्षण फारम ,२०६७

शिक्षकहरुबाट प्राप्त प्रतिक्रियामा नियमित विद्यालय नआउने तथा सामाजिक तथा आर्थिक रुपले पिछडिएका परिवारका बालबालिकाहरु पर्दछन् भन्ने विचारहरु पाइए । यसै सन्दर्भमा विधार्थीहरुले के कस्ता कारणले कक्षा दाहोऱ्याउछन् ? भन्ने प्रश्नमा घरको वातावरण ठीक नभएकोले भन्नेमा ४ जना र अन्य (सबै) भन्नेमा १ जना प्र.अ.ले आफ्नो राय व्यक्त गरे । त्यसै गरी विद्यार्थीसंग गरिएको छलफलमा आर्थीक स्थिति कमजोर हुनु पारिवारिक कारण, मानसिक तनाव, दुर्व्यसनिमा लागेर, साथीभाई तथा कूसंगतमा लागेर, शिक्षकले बढी कडा गरेमा भन्ने जस्ता विचारहरु आए । विद्यालयहरुमा भर्ना भै अध्ययन गर्ने विद्यार्थी शत प्रतिशत उत्तीर्ण हुने केहि संस्थागत विद्यालयहरुमा देखिए पनि सामूदायिक विद्यालयहरुमा प्राय सबैमा केहि न केही विद्यार्थी अनुत्तीर्ण हूने गरेको देखिन्छ । यस अध्ययनमा समेत सबै विद्यालयहरुमा अनुत्तीर्ण हुने गरेको पाइयो । विद्यार्थी अनुत्तीर्ण के कति कारणले हुदा रहेछन ? भनेर सहभागी शिक्षकसंग भराइएको प्रश्नावली फारमबाट निम्नानुसारको प्रतिक्रिया पाइयो ।

**तालिका ४.२.४ विद्यार्थी अनुत्तीर्ण हुनाको कारण**

| क्र.स. | कारण | प्रतिक्रिया |
|---|---|---|
| १ | घरको वातावरण | २४ |
| २ | विद्यालयको वातावरण | ८ |
| ३ | कुसंगतको कारण | ९ |
| ४ | शिक्षकको लापरवाही | २ |
| ५ | अन्य | ७ |
| **जम्मा** | | **५०** |

सर्वेक्षण फारम ,२०६७

यसै सम्वन्धमा अधिकांश शिक्षकहरुले घरको वातावण राम्रो नहुनुलाई लिएको पाईयो । विद्यार्थीको राय बूझ्दा विद्यार्थी लगनशील तथा परिश्रमी नभएर, परीक्षा केन्द्रित पढाई भएर, समयको महत्व नबुझ्नने विद्यार्थीहरु भएर अनुतीर्ण दर बढी हुन्छन् भन्ने प्रतिक्रिया छलफलका क्रममा पाइयो । घरको वातावरण भन्ने विकल्पमा धेरै जनाले आफ्नो प्रतिक्रिया दिएकोले यसबारेमा बूझ्दा गरीबी तथा अभिभावकमा शिक्षाको कमी, परिवारमा मदीरा पान र यस्तै विषयको कारणले हुने झैझगडाले विद्यार्थीको पढाइलाई असर पार्दछ । त्यसैगरी वावुले अर्को विवाह गर्दा सौतेनी आमाले गर्ने दुव्यवहारले पनि विद्यार्थी नियमित उपस्थित हुदैन र परीक्षामा असफल हुन्छन् भन्ने राय शिक्षकबाट प्राप्त भयो ।

## ४.२.५ विद्यार्थी अनुशासन तथा पुरस्कार सम्बन्धि व्यवस्था

विद्यालयमा विद्यार्थीले पालन गर्नू पर्ने नियमहरु बनाइएको हुन्छ । तापनि विद्यालयमा विद्यार्थी अनुशासन सम्बन्धी समस्याहरु देखिन्छन् । अध्ययनको क्रममा विद्यार्थी अनुसासन सम्बन्धि देखिने समस्याको बारेमा सोधिएको प्रश्नको जवाफमा सहभागि पाँच जना प्र.अ. मध्ये एक जनाले विद्यार्थी विद्यार्थी झगडा तथा ४ जनाले अन्यमा आफ्नो प्रतिक्रिया व्यक्त गरे भने विद्यार्थी अनुशासन सम्बन्धी कारवाही गर्दा अपनाईने प्रतिक्रियाका बारेमा सोधिएको प्रश्नको जवाफमा सम्बन्धित अभिभावक र विद्यार्थीबीच छलफल गरेर भन्ने ४ जना र विद्यार्थी प्रतिनिधि र शिक्षकहरु बीच छलफल गरेर भन्नेमा १ जना ले आफ्नो प्रतिक्रिया जनाए । अनुशासन सम्बन्धि समस्या आउछन् कि आउदैनन् ? भनी शिक्षकसंग गरिएको छलफलमा कहिलेकाही आउने गर्दछन् । कक्षामा अनुशासनम्बन्धि समस्या आईपरेमा सर्वप्रथम शिक्षकले सम्झाईबुझाई समाधान गर्ने, त्यसबाट नभएमा प्र.अ. ले समाधान गर्ने र त्यति गर्दा पनि समाधान नभएमा अभिभावकलाई बोलाएर जानकारी गराई समाधान गरिन्छ भने प्रतिक्रिया पाईयो । शारिरीक सजायले विद्यार्थी नकारात्मक असर पर्दछ भन्ने थाहा हुदाहुदै पनि कहिले काहि सामान्य गाली तथा पिट्ने गरिन्छ भन्ने जवाफ पाईयो ।

परामर्श तथा निर्देशन सेवा कस्ता विद्यार्थीलाई दिइन्छ ? भनि सोधिएको प्रश्नको जवाफमा ५ जना प्र.अ. मध्ये २ जनाले पढाइमा कमजोर विद्यार्थीलाई, १ जनाले खराब आचरण भएका विद्यार्थीलाई तथा २ जनाले विद्यालयका सबै राम्रा नराम्रा विद्यार्थीलाई दिनेगरेको प्रतिक्रया व्यक्त गरे । त्यसै गरी विद्यार्थीलाई पुरस्कृत गर्ने चलन तथा तिनको पृष्ठभूमिका बारेमा सोधिएका प्रश्नको जवाफमा सहभागि ५ जना प्र.अ. मध्ये ३ जनाले

पढाइमा लगनशील भएकालाई र २ जनाले अन्यमा अभिमत जाहेर गरे भने राम्रो पढ्ने विद्यार्थीलाई के कस्तो सुविधा दिइन्छ भन्ने प्रश्नमा छात्रवृत्तिको व्यबस्था भन्नेमा ४ जना र अन्य भन्ने १ जना भेटियो ।

## ४.२.६ विद्यालयको अनुगमन तथा निरीक्षण

कुनै पनि संगठन नियमित रुपमा सञ्चालन भए नभएको मुल्याङ्कन गर्न नियमित अनुगमन तथा निरीक्षण गर्नु पर्दछ । विद्यालयपनि एउटा संगठन भएकोले यसको सञ्चालन प्रभावकारी ढंगले भए नभएको हेर्नु पर्दछ । यसको लागि सम्बन्धित पक्षले बिशेष ध्यान दिनु पर्दछ । निरीक्षणा तथा अनुगमनका सम्बन्धमा प्र.अ.को प्रतिक्रिया बुझ्दा ३ ।४ दिनमा १ पटक र समय पाएमा जुनसुकै बेलामा पनि आकस्मिक निरीक्षण गर्ने गरेको प्रतिक्रिया पाइयो । विद्यालयको दैनिक प्रशासनिक क्रियाकलाप तथा कार्य व्यस्तता र अध्यापन कार्य पनि गर्नु पर्ने भएकोले दिनहु निरीक्षण गर्न नसकिने प्रतिक्रिया अन्तर्रबार्ताका क्रममा प्राप्त भयो ।

त्यसै गरी वि.व्या.स.का अध्यक्षहरु ५ जना मध्ये तीन जनाले हप्ताको एकपटक र २ जनाले १५ दिनको एक पटक निरीक्षण गर्ने गरेको र आवश्यक परे जुनसुकै बेला पनि गरिन्छ । अनुगमन तथा निरीक्षण गर्दा विद्यालयको प्रसासनिक, भौतिक, आर्थिक तथा शैक्षिक पक्षको निरीक्षण गर्ने कूरा प्रश्नावली फारममा उल्लेख गरिएको छ । शि.अ.सं.का अध्यक्षहरु ५ जनाले पनि नियमित अनुगमन गर्ने गरेको बताए । ति मध्ये २ जनाले प्रायजसो, २ जनाले २ हप्ताको २ पटक र १ जनाले भर्खरै मात्रै शि.अ.सं. को गठन भएको हुनाले यसको बारेमा आफुलाई धेरै ज्ञान नभएको बताए । विषेश गरी शैक्षिक पक्षसंग सम्बन्धित विषयमा निरीक्षण केन्द्रित रहने बताए । वि. नि. तथा स्रोतव्यक्तिले निरीक्षण कार्यक्रममा उल्लेख भए बमोजिम निरीक्षण गर्ने र यसको कुनै निश्चित समय सिमा नहुने प्रतिक्रिया दिए । त्यसैगरी निरीक्षण गर्ने पक्षका बारेमा सोधिएको प्रश्नमा भौतिक, शैक्षिक, व्यवस्थापकीय, मानवीय तथा सामाजिक समन्वयका पक्षहरुमा कन्द्रित रहने कुरा वि.नि. तथा स्रोतव्यक्तिलाई भराइएको प्रश्नावली फारमबाट जान्न सकिन्छ ।

## ४.३ विद्यालयको आन्तरिक दक्षता व्यवस्थापनको कठिनाई तथा समाधानका उपाय

विद्यालयको आन्तरिक दक्षता व्यवस्थापनमा देखापरेका कठिनाईहरु र तिनिहरुको समाधानका निमित्त अवलम्वन गर्नुपर्ने उपायाका सम्वन्धमा नमूनामा परेका व्यक्तिहरुबाट प्राप्त विचारहरुलाई उपयुक्त शीर्षक राखि यस अध्यायमा प्रस्तुत गरिएको छ ।

### ४.३.१ विद्यालयको आन्तरिक दक्षता व्यवस्थापनका कठिनाई

संगठनलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न विभिन्न तत्वहरुले अवरोध पुऱ्याएका हुन्छन् । विद्यालय पनि एउटा संगठनात्मक ढांचाको संस्था भएकोले त्यस भित्र विभिन्न समस्याहरु रहेका हुन्छन । जसले गर्दा अपेक्षित लक्ष्य हासिल गर्न बाधा पुगेको हुन्छ । यहाँ विद्यालयको आन्तरिक दक्षता ब्यवस्थापन गर्नमा कुनकुन तत्वले बाधा सिर्जना गरेकाछन् भन्ने कूरा पत्तालगाउन सरोकारवालाबाट प्राप्त प्रतिक्रियालाई छुट्टाछुट्टै रुपमा प्रस्तुत गरिएको छ ।

### क) निरीक्षक तथा स्रोत व्यक्तिको धारणा

विद्यालयको आन्तरिक दक्षता वृद्धि हुन नसक्नुमा विद्यालयको भौतिक अवस्था कमजोर हुनु तथा स्रोत र सामाग्रीको अभाव, विद्यालय नियमित रुपमा सञ्चालन नहुनु र अभिभावकबाट कम सहयोग हुनुलाई वि.नि. तथा स्रोत व्यक्तिले प्रमुख करण हरुको रुपमा लिइएको पाइयो । यसै गरी शैक्षणिक योजना निर्माण र र्कायन्वयनको अभाव, बालमैत्री शिक्षणका लागि शिक्षकहरुमा दक्षताको कमीलाई लिन सकिन्छ भन्ने प्रतिक्रिया प्रश्नावली फरमबाट बूझ्न सकिन्छ । यसै सन्दर्भमा बूझ्न खोज्दा एकजना सहभागीको प्रतिक्रिया यस्तो पाइयो, "विद्यार्थी केन्द्रित शिक्षण विधि नअपनाउनू, विद्यार्थीहरुमा अध्ययन गर्ने बानी कम हूनु, शिक्षकले तालिममा सिकेका सीप प्रयोग नगर्नू र शिक्षा क्षेत्रबाट मुक्त हुन नसक्नु नै हुन् । "

यसरी वि.नि. तथा स्रोत व्यक्तिले विद्यालयप्रति अभिभावकको कम सहयोग, बन्द हड्तालले गर्दा विद्यालयहरु नियमित सञ्चालन नहुनू तथा शैक्षणिक योजना अनुसार कार्य नगर्नूलाई मानेको पाइयो ।

## ख) विद्यालय व्यवस्थापन समितिका अध्यक्षको धारणा

विद्यालयको आन्तरिक दक्षता कम हुनुमा कमजोर आर्थिक स्थिति तथा गरीब परिवारका बालबालिकाहरु बढी हुनु, विद्यालयमा अध्ययनरत शिक्षक शिक्षिकाका छोराछोरी समेत निजि विद्यालयमा पढाउनु, वि.व्य.स.को अधिकार भौतिक साधन र स्रोत जुटाउनमा सीमित हुनु, तथा विद्यालय निरीक्षक र स्रोत व्यक्ति केवल औपचारिकता तथा तलब पकाउन विद्यालय छिर्ने गर्नुले पनि परिस्थिति बिग्रेको हो भन्ने भनाई भराइएको प्रश्नावली फारम बाट पाईयो । यसै सन्दर्भमा एकजना वि.व्य.स.का अध्यक्षको धारणा यस्तो पाइयो "विद्यालय प्रशासन तथा शिक्षकहरुमा जवाफ देहिताको कमीले शहरी क्षेत्रका सामुदायिक विद्यालयहरु निम्न आर्थिक स्तर भएका सर्वसाधारणका छोराछोरी पढाउने संस्थाको रुपमा परिणत भएका छन् ।" यसरी शहरी क्षेत्रका सामुदायिक विद्यालयहरुको आन्तरिक दक्षता वृद्धि हुन नसक्नुको प्रमुख कारणमा विद्यालय प्रशासन तथा शिक्षकमा जवाफ देहिपन नहुनुलाई लिएको पाइयो ।

## ग) शिक्षक अभिभावक संघका अध्यक्षको धारणा

विद्यालयका आन्तरिक व्यबस्थापनका कठिनाईहरुमा कक्षा छाड्ने तथा दहोर्‍याउने दर बढी देखिएको छ । सामुदायिक विद्यालयमा विशेष गरी सामान्य परिवार, घरेलु कामदार र अस्थायी बसोबास गर्ने मानिसका बालबालिकाको बाहुल्यता छ । सुकुम्बासी, गरीब, र दलितका छोराछोरी भएपनि यस्तो स्थिति आएको छ भन्ने तर्क शि.अ.सं.का अध्ययक्षको पाइयो ।

यसरी शि.अ.सं.का अध्यक्षले दलित, निम्न आय तथा कमजोर आर्थिक स्थिति भएका बालबालिका बढी हुनुलाई नै आन्तरिक दक्षता वृद्धि हुन नसक्नुको कारक तत्व मानेको पाइयो ।

### घ) प्र.अ.को धारणा

विद्यालयमा भएका शैक्षिक समस्याहरुका बारेमा व्यक्त विचारहरुमा विद्यार्थी संख्या बढी, अभिभावको चासो कम ,दुर्व्यवसनिको प्रभाव, शिक्षक दरवन्दिको कमी र न्यून आय भएका अभिभावकलाई लिएको पाइयो । आन्तरिक दक्षता कम हुनुमा व्यवस्थित प्रयोगशाला, पुस्तकालय तथा कम्प्यूटर ल्यावको अभाव, कक्षाकोठा कम फर्निचर अपर्याप्त, कक्षा व्याबस्थापन र बसाई बैज्ञानिक नहुनु तथा छलफलमा निस्केका बुंदाहरुको कार्यान्वयन गराउन कठिनाई हुनु भन्ने प्रतिक्रिया प्रश्नावली फारमबाट पाइयो । विद्यालयमा आन्तरिक दक्षता वृद्धि हुन नसक्नाका प्रमुख कारणहरु के ठान्नुहुन्छ ? भनी सोधिएको प्रश्नको जवाफमा एकजना प्र.अ. को धारणा यस्तो पाइयो "आर्थिक अवस्था कमजोर एवम् नाजूक भएका विद्यार्थीको वाहुल्यता तथा स्थानीय हुने खाने अभिभावकका बच्चाहरु कम भर्ना हुनु र विद्यालय आर्थिक रुपले मजबुत नहुनुलाई ठान्ने गरेको छु । " त्यसै गरी शत प्रतिशत विद्यार्थी उत्तीर्ण गराउन शिक्षक तालिमको व्यबस्था, उपचारात्मक कक्षाको व्यबस्था, लामो बिदामा अतिरिक्त कक्षाको सञ्चालन हुदाहुदै पनि उत्तिर्ण गराउन नसकिएको जवाफ अन्तरवार्ताका क्रममा प्र.अ.ले व्यक्त गरे ।

यसरी समग्रमा विद्यालयको आन्तरिक दक्षतामा वृद्धि हुन नसक्नुमा आर्थिक अवस्था कमजोर भएका बालबालिकाहरु बढी हुनु, विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी कम हुनु, स्थानीय अभिभावकको चासो कम तथा विद्यालयहरु आर्थिक रुपमा सम्पन्न नहुनुलाई प्र.अ. ले कारक तत्वको रुपमा लिएको पाइयो ।

### ङ.) शिक्षकको धारणा

विद्यालयको आन्तरिक दक्षता वृद्धि गर्न अवरोध पुऱ्याउने तत्वका सम्बन्धमा सोधिएको खुला प्रश्नको जवाफमा ५० जना शिक्षकमध्ये कमजोर तथा न्यून आय र पढाइप्रति चासो कम भएका परिवारका बालबालिका बढी हुनु भन्नेमा १७ जना, शैक्षिक तथा भौतिक सुविधाको कमी भन्नेमा १३ जना, कक्षामा विद्यार्थी संख्या बढी हुनु भन्नेमा १० र विविध सामाजिक परिवेशका विद्यार्थीको उस्थिति भन्नेमा ६ जना रहेको पाइयो । विद्यालयको आन्तरिक दक्षता वृद्धि हुन नसक्नुका कारणहरु के होलान भनि सोधिएको प्रश्नमा एक जना सहभागि शिक्षकको भनाई यस्तो छ, "कक्षामा विद्यार्थी संख्या बढी हुनु, विभिन्न वर्ग ,उमेर र सामाजिक परिवेशका विद्यार्थीको उपस्थितिले समायोजनमा कठिनाई, विभिन्न वौद्धिक स्तर भएका विद्यार्थीहरु कक्षामा रहने हुनाले पनि तह अनुसारको सिकाई

प्रक्रिया हुन सक्दैन । ती वाहेक कक्षाभार धेरै हुनाले विशुद्ध अध्यापन कार्यमा केन्द्रित हुन अन्य जिम्मेवारीले बाधा पुऱ्याउनु र नियमित अनुगमनको व्यवस्था नहुनु नै हुन् ।"

त्यसैगरी प्रश्नावली फारमबाट प्राप्त अन्य प्रतिक्रियामा शैक्षिक सामाग्रीको कम प्रयोग दक्ष प्रशासन तथा व्यवस्थापनको कमजोरीले शिक्षक विद्यार्थीको अनुपात नमिल्दा पनि आन्तरिक दक्षतालाई प्रभाव पार्ने बताएको छ । अवैज्ञानिक परीक्षा तथा मूल्याङ्कन प्रणालीको अबलम्बन, विना सूचना विभिन्न संघ संस्थाका कार्यक्रमहरु सञ्चालन गर्दा कोर्स पूरा गर्न कठिनाई हुनुका साथै शिक्षकमा बालमनोविज्ञानको कमी, सरोकारवालाको विद्यालयप्रतिको नकारात्मक सोचाई, अध्ययनशील विद्यार्थीहरुको कमी, र तहगत सिकाइ उपलब्धि हासिल नगरी कक्षा चढाइएका विद्यार्थी हुनुलाई नै आन्तरीक दक्षता वृद्धि हुन नसक्नुका कारक तत्तका रुपमा शिक्षकहरुले लिएको पाइयो ।

यसरी शिक्षकको धारणामा कक्षामा विद्यार्थी संख्या बढी हुन, आबश्यक शैक्षिक सामाग्रीको अभाव, निरन्तर मूल्याङ्कनको कमी, कक्षा भार बढी तथा सरोकारवालाको विद्यालयप्रतिको नकरात्मक सोचाइ हुनुलाई आन्तरिक दक्षता बृद्धि हुन नसक्ने कारक तत्वको रुपमा लिएको पइयो ।

## ४.४. आन्तरिक दक्षता बृद्धिका उपाय

विद्यालयको आन्तरिक दक्षता वृद्धि गर्न सरोकारवालाको भूमिका अहम् हुने भएकोले यस सम्बन्धमा छलफल गर्दा मूख्यतया देहायका उपाय अपनाउनु पर्ने सम्बन्धित पक्षको राय पाइयो

### क) निरीक्षक तथा स्रोत व्यक्तिको धारणा

आन्तरिक दक्षता बृद्धि गर्न आबश्यक पर्ने तत्वहरुका सम्बन्धमा सोधिएको खूला प्रश्नको जवाफमा अभिभावकको संम्लग्नतामा बृद्धि, विद्यालय सुधार योजनाको उचित कार्यान्वयन, शिक्षक विद्यार्थी सम्बन्ध तथा विद्यालय समुदाय सम्बन्ध राम्रो हुनु पर्दछ । शैक्षिक क्रियाकलापका अतिरिक्त अन्य सह क्रियाकलापहरु सञ्चालन, मूल्याङ्कन तथा परीक्षा प्रणलीमा सुधार गरी योजनाबद्ध शिक्षण कार्य सञ्चालन गरिनु पर्दछ । त्यसैगरी शिक्षक विद्यार्थी आचारसंहिताको पालना, प्र.अ. तथा शिक्षक, शिक्षक तथा विद्यार्थी, अभिभावक तथा व्याबस्थापन समिति बीच पारस्परिक सहकार्य तथा सकरात्मक सोच हुनु पर्दछ भने शिक्षण

शिकाइको लागि उपयुक्त वातावरण सृजना गरी विद्यार्थीहरुको शिक्षण सिकाइको क्रियाकलापमा सुधार गर्नु पर्दछ भन्ने भावना जागृत हुन आवश्यक छ भन्ने धारणा वि.नि. तथा स्रोतव्यक्तिको पाइयो । यसरी वि.नि. तथा स्रोतव्याक्तिको धारणामा कुशल प्रशासन, योजनाबद्ध शिक्षण, परीक्षा तथा मूल्याङ्कन प्रणालीमा सुधार र अभिभावकको सहभागितामा बृद्धि जस्ता कुरा लाई लिएको पाइन्छ ।

## ख) विद्यालय व्यावस्थापन समिति तथा शिक्षक अभिभवक संघको धारणा

आन्तरिक दक्षता वृद्धि गर्न आवश्यक पर्ने तत्वका सम्बन्धमा राखिएको खुला प्रश्नको जवाफमा कामको आधारमा दण्ड र पुरस्कारको व्यवस्था, दक्ष जनशक्ति, प्र.अ.बाट दह्रिलो प्रशासन, नियमित निरीक्षण तथा अनुगमन, वि.व्य.स.बाट उचित सहयोग तथा सरोकारवालासँग राम्रो सम्बन्धका साथै जि.सि.अ.बाट उचित व्यबस्थापन हुन जरुरी छ भन्ने प्रतिक्रिया प्रश्नावली फारमबाट पाउन सकिन्छ । यसै बिषयमा छलफल गर्दा अभिभावकहरुको विद्यालयमा नियमित उपस्थिति, बेलाबेलामा शिक्षक, अभिभावक तथा वि. व्य.स.का सदस्यहरु बसी छलफल गरेर विद्यालय, शिक्षक र विद्यार्थीबीच अन्तरक्रिया गरी अतिरिक्त कक्षाको व्यबस्था गर्नु पर्दछ भन्ने राय वि.व्य.स.का अध्यक्षको पाइयो । शि.अ.संघका अध्यक्षको विचारमा शिक्षकलाई तालिमको व्यवस्था शिक्षक छनोट गर्दा योग्य छनोट प्रक्रिया अपनाई गर्नु पर्ने र विद्यालयले वार्षिक रुपमा क्यालेण्डर बनाई खेलकुद तथा वौद्धिक क्षमता बढाउने कार्यक्रमहरु नियमित सञ्चालन गर्नु पर्दछ र शि.अ. सं.लाई केही कार्यक्षेत्र तथा अधिकार हुनु पर्दछ । यसै सन्दर्भमा एकजना शि.अ.संघका अध्यक्षको भनाई यस्तो छ, "प्र.अ.ले जिम्मेवारी बाडफाँड गरी अनुगमनमा बढी समय दिनुपर्छ, वि.व्य.सं.र शिक्षकहरु राजनैतिक चरित्र विहिन हुनुपर्दछ । शिक्षकहरुले आफ्ना छोराछोरीलाई सरकारी विद्यालयमै पढाउनु पर्ने तथा आफ्ना बच्चा भएको व्याक्तिमात्र सदस्य हुन पाउने नियम अनिवार्य भए मात्र विद्यालयको आन्तरिक दक्षतामा सुधार आउछ । "

यस सम्बन्धि वि.व्य.स. तथा शि.अ.संघका अध्यक्षको धारणामा कामको आधारमा दण्ड र पुरस्कारको व्यवस्था जिम्मेवारीको बाडफाड, नियमित अनुगमन, शिक्षकका छोराछोरी सरकारी विद्यालयमा पढाउनुपर्ने नियम तथा केही कार्यक्षेत्र तथा अधिकार हुनुपर्ने भन्ने पाइन्छ ।

## ग) प्रधानाध्यापकको धारणा

विद्यालयको आन्तरिक दक्षता बढाउन कुन कुन तत्वहरुको सुधार गर्न आबश्यक छ ? भन्ने खुला प्रश्नको जवाफमा आर्थिक स्रोत, अभिभावक संगको अन्तरक्रिया, नियमित स्टाफ बैठक, वि.व्य.सं. संगको छलफल, विद्यालयप्रतिको शिक्षकको लगाव भन्ने जस्ता कूराहरु प्रश्नावली फरममा उल्लेख गरेको पाइयो । यसैगरी विद्यलयको आन्तरिक दक्षता वृद्धि गर्न तपाइको विद्यालयले के प्रयास गर्दै अएको छ ? भनी सोधिएको प्रश्नमा अतिरिक्त कक्षाको व्यवस्था, शैक्षिक पुरस्कारको व्यवस्था, समय समयमा शिक्षक तालिकाको व्यावस्था तथा लग बुक प्रयोगमा ल्याउने गरिएको भन्ने जस्ता प्रतिक्रिया छलफलका क्रममा पाइयो । उल्लेखित समस्याहरु समाधान गर्न के कस्ता कदमहरु चल्नुपर्ने ठान्नुहुन्छ ? भन्नेमा व्यवस्थित प्रयोगशाला तथा पुस्तकालयको निर्माण गर्ने, कोचिङक्लासको व्यबस्था मिलाउने, उपयुक्त शैक्षिक वातावरणको निमार्ण, छात्रवृत्तिको बढी व्यवस्था, आर्थिक श्रोत जुटाउन पहल गर्ने, समूह कार्यलाई राम्रो बनाउन प्रयास गर्ने, शिक्षक अभिभावकहरुबीचको अन्तरक्रिया कार्यक्रमहरु बढाउने, हरेक समय सजग रहेर समस्या समाधान गर्न सतर्क हुने जस्ता कुराहरु व्यक्त गरेको पाइयो ।

यसरी अध्ययनमा सहभागि प्र.अ. हरुको धारणामा आन्तरिक दक्षता वृद्धि गर्न आवश्यक पर्ने तत्वहरुमा अभिभावकसंग नियमित अन्तरक्रिया, समूह कार्यमा जोड, विद्यालयको आर्थिक तथा भौतिक पक्षमा सूधार र अतिरिक्त कक्षको संञ्चालनलाई लिएको पाइयो ।

## घ) शिक्षकको धरणा

शिक्षकलाई के कस्ता सुबिधा उपलब्ध गराएमा शिक्षण कार्यमा जिम्मेवारीका साथ लाग्नेछन ? भन्ने खूला प्रश्नको जवाफमा सहभागी ५० जना शिक्षकहरुमध्ये पेशागत दक्षता वृद्धि गर्न तालिम, पूनरताजगी तालिम तथा अन्य सुविधाको व्यबस्था भन्नेमा १९ जना, शैक्षिक तथा भौतिक साधनहरुको पर्याप्तता भन्नेमा १३ जना, शिक्षण पेशालाई सुरक्षित, मर्यादित तथा कामको उचित मूल्याङ्कन गर्ने भन्नेमा ११ जना प्रशासनिक निकायको सकारात्मक सोच तथा शैक्षिक वातावरण अनुकुल भन्नेमा ७ जना शिक्षक रहेको पाइयो । विद्यार्थी उतीर्ण प्रतिशत वृद्धि गर्न के गर्नु पर्दछ ? भन्ने खुल्ला प्रश्नको जवाफमा ५० जना सहभागी शिक्षक मध्ये विद्यार्थी केन्द्रित शिक्षण विधि तथा निरन्तर मूल्याङ्कन प्रक्रिया

अपनाउने भन्नेमा १६ जना प्रोत्साहन मुलक तथा छात्रवृत्ति कार्यक्रमको व्यावस्था भन्नेमा ११ जना, शैक्षिक सामग्रीको अधिक प्रयोग भन्नेमा ९ जना विद्यालयको वातावरणमा सूधार भन्नेमा ८ जना र शिक्षक विद्यार्थीको नियमित उपस्थिती भन्नेमा ६ जनाले आफ्नो प्रतिक्रिया व्यक्त गरे । त्यसैगरी आन्तरिक दक्षता कसरी सन्तुलित राख्न सकिएला ? भन्ने प्रश्नको जवाफमा  एकजना सहभागि शिक्षक भन्दछन् *"बालमैत्री कार्यक्रम लागु गर्ने, नियमित हुने विद्यार्थीलाई विषेश आर्थिक राहतको व्यावस्था, विद्यार्थी संख्याको अनुपातमा शिक्षक राख्ने र राज्यले न्यूनतम १० कक्षा अनुतीर्ण विद्यार्थीलाई कूनै पनि क्षेत्रमा प्रवेश निषेधित गराउनु पर्दछ ।"*

आन्तरिक दक्षता सन्तुलित राख्न आवश्यक पर्ने तत्वहरुका सम्बन्धमा सोधिएको खूला प्रश्नको जवाफमा ५० जना शिक्षकमध्ये १५ जनाले भर्ना अभियान, चेतनामूलक कार्यक्रम, परामर्श तथा खाजाको व्यवस्था, १२ जनाले गरीब तथा जेहेन्दार विद्यार्थीको लागि छात्रवृत्तीको व्यवस्था, ९ जनाले विद्यार्थीको अवस्थावारे अभिभावकालाई जानकारी गराउने, ७ जनाले नियमित मूल्याङ्कन तथा शिक्षण प्रक्रियामा सुधार र ७ जनाले विद्यालयको व्यावस्थापन पक्ष राम्रो हुनुपर्ने भन्ने तर्कहरु प्रश्नावली फारमबाट प्राप्त गर्न सकिन्छ ।

त्यसै गरी प्रश्नावलीबाट प्राप्त अन्य तर्कहरुमा उपयुक्त कक्षा तथा भौतिक व्यवस्थापन, आर्थिक स्थिति सबल र विद्यालय प्रशासन बलियो हुनु पर्दछ । विद्यालय प्रशासन र व्यवस्थापन राजनीतिबाट टाढा रही शिक्षक, प्रशासक र व्यवस्थापकबीचमा सुमधुर सम्बन्ध हुनु पर्दछ । त्यस्तै विद्यार्थी रेकर्ड अध्यावधिक राख्नु पर्ने, कक्षामा विद्यार्थी संख्या कम हुनु पर्दछ । अभिभावक, शिक्षक र विद्यार्थीबीच त्रिकोणात्मक सम्वन्ध कायम राखी निरन्तर अन्तरक्रिया गर्नु पर्दछ । यसका लागि विद्यालयले अभिभावक तथा समुदाय संग नियमित सम्पर्क गर्दै विद्यालयको अवस्था वारे जानकारी गराउनु पर्दछ भने समय समयमा शैक्षिक बाहेक मनोरञ्जनात्मक अतिरिक्त क्रियाकलपहरु भइरहेमा आन्तरिक दक्षता सन्तुलित राख्न सकिन्छ भन्ने कुराहरु थाहापाउन सकिन्छ ।

यसरी विद्यालयको आन्तरिक दक्षता बृद्धि गर्न कक्षामा विद्यार्थी संख्या कम हुनु पर्ने, निरन्तर मूल्याङ्कन प्रणालीमा जोड, गरिव तथा कमजोर आर्थिक स्थिति भएका बालबालिकालाई विशेष छत्रवृत्तिको व्यवस्था, विद्यालय प्रशासन तथा व्यवस्थापनबीच सुमधुर सम्बन्ध हुनु पर्दछ भन्ने धारणा शिक्षकको पाइन्छ ।

### ङ) विद्यार्थीको धारणा

यस सम्बन्धमा विद्यार्थीको धारणा बुझ्दा विद्यार्थीले समयको महत्व बुझेर अध्ययनमा बढी ध्यान दिनु पर्ने, परीक्षाको बेलामा मात्रै नभै हरेक दिन पढ्ने बानी बसाल्ने गर्नुपर्दछ भने शिक्षकहरुले पनि विद्यार्थीको भावना बुझेर सोही अनुसार कार्य गर्नुपछ । यी बाहेक विद्यालयको नीति नियम कडा हुनु पर्ने अभिभावकले पनि आफ्ना छोराछोरीको पढाईका बारेमा ध्यान दिनुपर्छ । यसैगरी कमजोर विद्यार्थीलाई बढी प्रोत्साहन तथा हौसला दिने र गृहकार्य चेक गर्ने व्यबस्था भएमा विद्यालयको आन्तरिक दक्षता वृद्धि हुनसक्छ भन्ने राय छलफलकाक्रममा व्यक्त गरे ।

यसैगरी विद्यार्थीको धारणामा विद्यार्थी स्वयम् लगनशील हुनु पर्ने, अभिभावकले बच्चाहरुको पढाईप्रति रुचि राख्नु पर्ने, शिक्षकले कमजोर विद्यार्थीलाई विशेष ख्याल गर्नु पर्ने भन्ने पाइन्छ ।

## ४.५ आन्तरिक दक्षता वृद्धिमा सरोकारवालाको भूमिका

विद्यालयको आन्तरिक दक्षता वृद्धि गर्न कस्ले के कस्तो भूमिका निर्वाह गर्नु पर्दछ भन्ने प्रश्नको जवाफमा देहायका प्रतिक्रिया पाइयो ।

### क) सरकारी निकायको भूमिका

यस सम्बन्धमा सरकारले भवन निर्माण्मा सहयोग गर्ने, शिक्षकमा आवश्यकता अनुसार लगानी बढाई विद्यालयलाई कम्तिमा न्यूनतम आवश्यकता परिपूर्ति गर्न सक्ने आयस्रोत प्रदान गर्नु पर्ने, विद्यार्थी संख्या अनुसार दरबन्दि दिनु पर्ने, समयमा सरकारी सहयोग उपलब्ध गराउनु पर्ने जस्ता कुराहरु विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरुले व्यक्त गरे ।

सरकारको भूमिका सम्बन्धमा शिक्षकलाई सोधिएको प्रश्नको जवाफमा ५० जना, सहभागी मध्ये नीति निर्माता, निरीक्षण तथा अवलोकन गरी पृष्ठपोषण दिने संस्था भन्ने २५ जना, पाठ्यपुस्तक तथा आवश्यक सहयोग उपलब्ध गराउने भन्नेमा २० जना, शिक्षालाई राज्यको मुल दायित्व सम्झी प्राथमिकतामा राख्नु पर्ने भन्नेमा ५ जना शिक्षकहरुले अफ्नो अभिमत जाहेर गरेको पाईयो । त्यसैगरी शिक्षण सस्थालाई राजनैतिक क्षेत्रबाट मुक्त राखी शान्तिपूर्ण वातावरण बनाउन कटिबद्ध हुनुपर्ने, राम्रो जनशक्ति उत्पादनको लागि विभिन्न प्रोत्साहनमुलक कार्यक्रम ल्याउनुपर्ने भन्ने रहेको छ । गरीब, असाहाय, दलित,तथा असक्षमलाई निशुल्क  पाठ्यपुस्तक, पोशाक, खाजा, सर्न्दभ सामाग्रीको प्रबन्ध गरिदिनुपर्छ ।

छात्रवृत्तिको व्यावस्था गर्दा जातियताका आधारमा नभई वर्गीय आधारमा गर्नु पर्ने जस्ता कार्य सरकारको हुने धारणा छलफलका क्रममा शिक्षकहरुले व्यक्त गरे ।

सरकारको भूमिका सम्बन्धमा विद्यालयलाई समयमा बजेट उपलब्ध गराउनु, आवश्यक दरबन्दि उपलब्ध गराउनु, शैक्षिक सामाग्रीको व्यवस्था गर्नु, विद्यालयलाई शान्तिक्षेत्रको घोषणा गर्नु नै मुख्य मानेको पाइयो ।

### ख) निरीक्षक तथा स्रोतव्यक्तिको भूमिका

विद्यालयको आन्तरिक व्यवस्थापनको लागि वि.नि.तथा स्रोत व्यक्तिहरुको पनि अहम् भूमिका हुने कुरालाई ध्यानमा राख्दै निरीक्षकले विद्यालय निरीक्षण गर्नुको मुख्य उद्देश्य के हो ? भनि सोधिएको प्रश्नमा विद्यालय व्यवस्थापन सञ्चालनमा प्रभावकारिता ल्याउन, पठनपाठनमा सहयोग पुऱ्याउने, नीतिनिर्देशन र नियम विनियमको पालना गराउनुको साथै शैक्षिक गुणस्तरमा सुधार ल्याउन, नयाँ बिषयबस्तु, पाठ्यक्रम, मूल्याङ्कन, शिक्षण सिकाइ क्रियाकलावको बारेमा जानकारी लिन छलफल अन्तरक्रिया गर्ने तथा सुधार गर्न सहयोग पुऱ्याउने हुन् भन्ने प्रतिक्रिया वि.नि. तथा स्रोत व्यक्तिलाई भराइएको प्रश्नावली फारामबाट पाइयो ।

यसरी वि.नि. तथा स्रोतव्यक्तिको भूमिकामा आफ्ना मातहतका विद्यालयहरुको नियमित निरीक्षण गरी आवश्यक सल्लाह सुझाव दिने, विद्यार्थी मुल्याङ्कनका लागि नियमित परीक्षा सञ्चालन तथा नियमित बैठकको व्यवस्थाका साथै बिषयगत तालिम प्रदान गरिरहेको छ ।

### ग) अभिभावक तथा समुदायको भूमिका

यस सम्बन्धमा पाइएका भनाइहरुमा समूदायले विद्यालयले माग गरेको सहयोग उपलब्ध गराउनु पर्ने, आर्थिक तथा मनोवैज्ञानिक सहयो गर्नु पर्ने, आफ्नो बच्चाको पढाईको बारेमा बेलाबेलामा जानकारी लिनु पर्ने भन्ने जस्ता तर्कहरु वि.व्य.स.का अध्यक्षहरुले प्रश्नावली फारममा व्यक्त गरेका छन् । त्यसै गरी शिक्षकको प्रतिक्रिया बुझ्दा ५० जना शिक्षकहरु मध्ये समय समयमा विद्यालय गई छोराछोरीको अबस्था बारे जानकारी लिने भन्नेमा १४ जना, विद्यालयको भौतिक तथा विकाश निर्माणका काममा सहयोग पुऱ्याउने भन्नेमा १० जना, विद्यालयप्रति चासो राख्दै नियमित अनुगमन गरी आवश्यक सल्लाह सुझाव दिनु पर्ने भन्नेमा १० जना, बालबालिकाको पठनपाठन प्रति बिहान बेलुका निगरानी राख्नु पर्ने भन्नेमा १२ जना, र आवश्यक कापी कलम जुटाई दिने भन्नेमा ४ जना भेटियो ।

अध्ययनको क्रममा सम्बन्धित पक्षहरुको अभिभावक र समुदायलाई लगानी तथा उपभोग कर्ता भएकोले विद्यालयसंग नियमित सम्पर्कमा रही छोराछोरीलाई सफा सुग्घर बनाएर नियमित गराउनु पर्छ भन्ने जस्ता तर्क शिक्षकले अघि सारे । छोराछोरीलाई शिक्षाको महत्व तथा अनुशासनको बारेमा बुझाई उनिहरुका हरेक क्रियाकलापको वारेमा बुझाई उनिहरुको बारेमा जानकारी लिने तथा विद्यालयको नियमित निरीक्षण गरी आवश्यक सल्लाह र सुझाव दिनु पर्दछ भन्ने पाइयो । यसका लागि समय समयमा अभिभावक र समुदायबीच अन्तरक्रिया गरेर सकारात्मक सोचबाट अघि बढ्न लगाउने, विद्यालयप्रति जिम्मेवार रही प्रेरणाका स्रोत तथा अभिभावकत्व प्रदान गर्ने व्यक्तिको रुपमा लिएको कुरा प्रश्नावली फारमबाट पाईयो ।

यसरी अभिभावकले आफ्ना छोराछोरीको अध्ययनमा रुचि राख्ने, घरमा अध्ययन गर्न सहयोग गर्ने, विद्यालयको भौतिक सुधारमा सहयोग गर्नु पर्दछ भने विद्यालयको नियमित अनुगमन गर्नु, शिक्षाप्रति जनचेतना अभिवृद्धि गर्नु, बिद्यालयको हरेक क्रियाकलापमा सहभागी हुनु समूदायको भूमिका हुने देखिन्छ ।

## घ) विद्यालयको भूमिका

विद्यालयको भूमिका सम्बन्धमा राखिएका प्रश्नको जवाफमा शिक्षक कर्तव्य परायण हुनु पर्ने, प्र.अ.ले प्रशासनिक दक्षता देखाई शिक्षण क्रियाकलापलाई विशेष जोडदिनुपर्दछ । त्यसैगरी विद्यालयको सम्पत्तिको संरक्षण गर्नु पर्ने, विद्यालय प्रशासन र वि.व्य.स. बीच राम्रो सम्बन्ध हुनुपर्दछ भन्ने जस्ता विचार वि. व्य.स. का अध्यक्षहरुबाट प्राप्त भए ।

आन्तरिक दक्षता वृद्धि गर्न विद्यालयको भूमिका कस्तो हुनुपर्छ भन्ने खुला प्रश्नको जवाफमा सहभागी ५० शिक्षकहरुमध्ये भौतिक, शैक्षिक तथा आर्थिक व्यवस्थापन गरी उपयुक्त शैक्षिक वातावरण सृजना गर्ने भन्ने अर्थात् सबैभन्दा बढी ३५ जना, सरोकारवाला संग समन्वय कायम गर्ने भन्नेमा १० जना, शैक्षिक कार्यक्रमहरु निर्माण गरी कार्यन्वयन पक्षमा जोड भन्नेमा ५ जना भेटियो । यसै सर्न्दभ एक जना शिक्षकको धारणा यस्तो छ ,

" कक्षाकोठाको उचित व्यवस्थापन, शौचालय तथा पिउने पानीको व्यवस्था तथा दक्ष प्रशासनिक संयन्त्र निर्माण गरी प्रभावकारी शिक्षण गराउन उपयुक्त वातावरणको सृजना गरिनुपर्दछ । "

यसै गरी व्याक्त अन्य प्रतिक्रियाहरुमा विद्यालय पाठ्यक्रमका उद्देश्य पूरा गराउने ठाउँ भएकोले विद्यार्थी तथा शिक्षकहरुको मनोभावना बुझेर अध्यापन तथा अध्ययन गर्न प्रत्साहित गर्ने विद्यार्थी प्रति जिम्मेवार, शिक्षकहरुलाई समान रुपमा सुविधा प्रदान गराउने, आवश्यक शैक्षिक सामाग्री समयमा उपलब्ध गराउने, कामको उचित मूल्याङ्कन तथा सूपरीवेक्षण गर्ने सस्थाको रुपमा विद्यालयलाई निर्माण गर्न सकेमा आन्तरीक दक्षता व्यवस्थापन राम्रो हुने प्रतिक्रिया शिक्षकहरुलाई

भराइएको प्रश्नावली फारमबाट जान्न सकिन्छ । त्यसै गरी शैक्षिक कार्यक्रम वैज्ञानिक रुपमा तयार गरी कार्यन्वयन पक्षलाई महत्व दिनपर्छ भन्ने राय अन्तरवार्ताका क्रममा वि.नि.ले बताए ।

यसरी आन्तरिक दक्षता वृद्धि गर्न विद्यालयहरु साधन र स्रोतले सम्पन्न हुनु पर्दछ । सबै पक्ष सगं सुमधुर सम्बन्ध स्थापित गरी उपलब्ध भएका साधन र स्रोतको उचित परिचालन, उपयुक्त शैक्षिक वातावरणको निर्माण गरी शिक्षण सिकाई कार्यलाई जोड दिने ब्यबस्था मिलाउने कार्य विद्यालयको हुने देखिन्छ ।

## ङ.) शिक्षकको भूमिका

शिक्षकहरु नियमित, दृढ संकल्पित,निष्पक्ष, सहयोगी र पथ प्रर्दशकको रुपमा प्रश्तुत हुनु पर्दछ भन्ने तर्क वि.व्य.स.का अध्यक्ष तथा शि.अ.संघका अध्यक्षले अन्तर्रवार्तका क्रममा व्यक्त गरे । यसैगरी योजना अनुसार कार्य गर्ने, उपयुक्त कक्षा ब्यवस्थापन गर्न सक्ने, विशेष तयारीका साथ कक्षामा प्रश्तुत हुनु पर्ने, शैक्षिक सामाग्रीको अत्यधिक प्रयोग गरी बढी भन्दा बढी सिकाई उपलब्धि हासिल गराउन शिक्षक प्रयत्नशील रहनु पर्दछ भन्ने राय वि.नि.तथा स्रोत ब्यक्तिले अन्तरवार्ताका क्रममा बताए ।

शिक्षकलाई सोधिएको खुल्ला प्रश्नमा सहभागी ५० जना मध्ये पेशाप्रति बफादार, नियमित कर्तव्य परायण तथा बिषयबस्तुमा पोख्त भन्नेमा २५ जना उपयुक्त शिक्षण विधि तथा शैक्षिक सामाग्रीको प्रयोग गरी शिक्षण गर्ने भन्नेमा १५ जना र बालमनोविज्ञानको ज्ञान भएको भन्नेमा १० जना शिक्षकले अफ्नो प्रतिक्रिया व्यक्त गरे । त्यसैगरी शिक्षाको तहगत तथा राष्ट्रिय उद्देश्य परिपूर्तीमा निम्ति पाठ्यक्रमलाई मूर्तरुप प्रदान गर्ने मुख्य समुह भएकोले प्रभावकारी तरीकाले शिक्षण गर्दै स्तर अनुसारको मूल्याङ्कन गरी अध्यापन गराउने व्याक्तिको रुपमा स्थापित हुनुपर्दछ भन्ने विचार प्रश्नावली फारमबाट पाइयो ।

यसरी कक्षाकोठाको उपयुक्त व्यवस्थापन गर्न सक्ने, कमजोर विद्यार्थीलाई विशेष ध्यान दिने, विद्यार्थीको समस्याबारे आमा बावुलाई जानकारी दिने, इमान्दार, सहयोगी, जिम्मेवार तथा मायालु स्वभावको व्यक्तित्वको रुपमा शिक्षकको भूमिका हुनेदेखिन्छ ।

# परिच्छेद पाँचः प्राप्ति, निष्कर्ष र सुझाव

## ५.१. अध्ययनको प्राप्ति

विगत तीन शैक्षिक वर्ष (०६४-०६६)को भर्नादरमा केही असमानता तथा उतारचढाव देखिन्छन् । अन्तिम परीक्षामा सम्मिलित विद्यार्थी संख्या तहगत रुपमा सर्वेक्षण गर्दा प्रा.वि.मा क्रमशःघटेको, नि.मा.वि.र मा.वि.मा दोस्रो सालमा बढेको र तस्रो सालमा घटेको देखिन्छ । त्यसै गरी उतीर्ण दर प्रा.वि.मा तीन सालमा ऋमशः घटेको देखिन्छ भने नि.मा.वि.र मा.वि.मा दोस्रो सालमा बढेको र तेस्रो सालमा घटेको देखिन्छ । साथै कक्षा छाड्ने दर प्रा.वि.मा र मा.वि.मा ऋमशः बढ्दै गएको छ भने नि.मा.वि.मा ०६४मा भन्दा ०६५ मा बढेको र ०६६ मा घटेको देखिन्छ । यसै गरी कक्षा दोहोऱ्याउने दर प्रा.वि. तहमा ऋमशः घटेको र नि.मा.वि. र मा.वि. तहमा दोस्रो वर्षमा घटेको र तेस्रो वर्षमा बढेको देखिन्छ । यसरी कक्षा छाड्ने दर कम हुनुमा विद्यालको भौतिक तथा प्रशासनिक पक्ष राम्रो हुनु, अभिभावकमा चेतनाको विकाश तथा शिक्षक नियमिततालाई मान्न सकिन्छ भने दोहोऱ्याउने दर बढ्नुमा गरीवि, अध्यनशील विद्यार्थीको कमी, बन्दहड्ताल तथा विद्यार्थी अनियमितता तथा अवैज्ञानिक परीक्षा प्रणालीलाई मान्न सकिन्छ ।

यसरी स्थलगत तथ्याङ्कको अध्ययन तथा सरोकारवालाको धारणा बुझ्दा विद्यालयमा कस्ता खालका विद्यार्थी बढी भर्ना हुने गर्दछन् ? भन्ने प्रश्नको जवफमा यहां एक जना वि.व्य.स.का अध्यक्षको भनाईलाई उद्धृत गरिएको छ, धेरै जसो न्यून आय भएका परिवारका विद्यार्थी अउने गर्दछन् । दलित घरेलु कामदार, सुकम्बासी र पिछडिएका वर्गका विद्यार्थीको हिस्सा ठूलो छ । सामान्य परिवारबाट आएका विद्यार्थीको चाप बढी भएपनि पढ्नमा रुचि राख्ने तथा मेहनती विद्यार्थीहरु पनि छन् र जसो तसो समय मिलाएर विद्यालयमा उपस्थित हुनेहरु धेरै छन् । जुन कुरा सैद्धान्तिक खाकामा उल्लेख गरिएको आन्तरिक दक्षता कम हुनुलाई सेरिड (२००१) ले घरपरिवार तथा विद्यार्थी संग सम्बन्धित तत्वहरुले प्रभाव पारेको भन्ने तथ्य संग मेल खाने देखिन्छ ।

विद्यालयको समग्र शैक्षिक अवस्थाको बारेमा सोधिएको प्रश्नमा एक जना प्र.अ.को धारण यस्तो रहेको छ *समग्रमा राम्रो छ । विद्यार्थी संख्या राम्रै छ । पठनपाठन तथा अतिरिक्त क्रियाकलाप भईरहेका छन् । शिक्षकहरु तालिम प्राप्त तथा दक्ष छन् । पढ्न चाहनेलाई शैक्षिक वातावरण उपलब्ध गराउन हामी प्रतिबद्ध छौं ।* आन्तरिक दक्षता

सम्बन्धि प्रश्नमा विद्यालयमा भर्ना राम्रो छ भन्नुहुन्छ तर तथ्याङ्कको अध्ययन गर्दा विद्यार्थी भर्ना दर घटेको देखिन्छ नि भनी प्रश्न सोध्न नपाउदै *च्याउ उम्रेसरी उम्रिएका बोर्डिङ्ग स्कुलहरुले हाम्रो विद्यालयलाई घेरे पनि यत्तिका संख्यामा विद्यार्थी हुनु निकै राम्रो हो* भन्ने जवाफ पाइयो । यसरी सरकारी विद्यालयमा विद्यार्थी भर्ना कम हुनुमा विद्यालय वरिपरि खुलेका बोर्डिङ्ग स्कुललाई मान्न सकिन्छ ।

त्यसै गरी उर्तीण दर प्रा.वि.तहमा क्रमशः घटेको देखिन्छ नि भन्ने प्रश्नको जवाफमा अनियमित हुने विद्यार्थीहरुलाई पनि परीक्षामा सामेल गराइने हुनाले यस्तो स्थिति आएको हो । यसलाई कम गर्न उदार कक्षोन्नतिको व्यवस्था, तल्लो कक्षामा खाजा तथा छात्रवृत्तिको व्यवस्था गर्ने गरिएको हुनाले यस समस्यालाई छिट्टै समाधान हुन्छ भन्ने जस्ता विचार प्राप्त भए । कक्षा छाड्ने दर पनि विगत तीन वर्षमा बढ्दै गइरहेको देखिन्छ नि भनी साधिएको प्रश्नको जवाफमा " विशेष गरी न्यून आय तथा शिक्षाप्रति कम चासो भएका बालबालिका भर्ना हुने भएकोले यो अवस्था सृजना भएको हो । यसलाई कम गर्न बारम्बार अभिभावकसंग सर्म्पक गर्ने आमाको नाम तथा फोन नम्बर लिएर उनिहरुलाई खबर गर्ने चलनको सुरुवात गरिएको छ । " भन्ने जस्ता प्रतिक्रिया पाइयो । कक्षा छाड्ने विद्यार्थी संख्या बड्दै गइरहेकोमा विद्यालय प्रशासन गम्भिर भएको देखिन्छ । यसलाई कम गर्न समय समयमा अभिभावकलाई जानकारी गराउने तथा विशेष गरी आमालाई नै खबर गर्ने चलनको सुरुवात भएको देखिन्छ जसलाई कक्षा छाड्ने दर कम गराउने प्रमुख रणनीतिको रुपमा लिन सकिन्छ । कक्षा दोहोऱ्याउने विद्यार्थी विशेष गरी नियमित विद्यालय नआउने, ज्याला मजदुरी गरेर खाने र दलित, विपन्न परिवारका बालबालिका नै बढी हुनुलाई मान्न सकिन्छ । *अतिनै गरीब समूदायका नै हुन् ती वालवालिका ती मध्ये अधिकांश वालवालिका तिनका अभिभावक संग विहान वेलुकाको छाक टार्न सगै काम गर्दछन* । विद्यालय सर्वेक्षण फारमबाट प्राप्त तथ्यहरुमा विद्यालयको भौतिक पक्ष राम्रो देखिन्छ । विद्यालयमा ब्राम्हण, क्षेत्री, गुरुङ्ग, मगर, तामाङ, दमाई, कामी, सार्की, थारु, धिमाल, राई, लिम्वू, सुनुवार, मिया, नेवार, आदि जातिका बालबालिका अध्ययन गर्ने गरेको देखिन्छ भने धर्म हिन्दु बौद्ध, क्रिस्चियन तथा मुस्लिम मान्ने गरेको पाइन्छ । अध्ययन गरिएका विद्यालयहरुमा सबै विद्यार्थीले नेपाली भाषा बोल्ने गरेको पाइयो भने न्यून आय किसान, ज्यालामजदुरी गर्ने तथा सामान्य आर्थिक पृष्ठभूमि भएका बालबालिका नै विद्यालयमा बढी भर्ना हुने गर्दछ । यसै सर्न्दभमा अधिकारी (२०६१) ले भनेझै शिक्षा प्राप्त गर्नु मानव जातिको जन्मसिद्ध अधिकार

भए पनि वर्तमान समाजमा राष्ट्रका सबै नागरिकहरुलाई शिक्षा प्राप्त गर्ने समान अबसर छैन भन्ने बुदाहरुसंग मेलखाने देखिन्छ (स्रोत केन्द्र स्मारिका, २०६१) ।

प्रवेशिका परीक्षाको परिणाम पनि राष्ट्रिय स्तर भन्दा बढी देखिन्छ । यसको कारण वुझ्दा विद्यालयको वातावरण सुधार हुनु, कक्षाहरु नियमित रुपमा सञ्चालन हुनु, शैक्षिक सामाग्रीको बढी प्रयोग, अभिभावक तथा व्यवस्थापन समितिको सहयोग हुनुलाई मानिएको छ । विद्यार्थी शिक्षक अनुपात राम्रो देखिन्छ । विद्यालयले शिक्षकहरुलाई थप पारिश्रमीक उपलब्ध गरउने हुनाले उपस्थिति दर धेरै देखिन्छ । जुन कुरा सैद्धान्तिक खाकामा उल्लेख भएझै शिक्षकहरुको मनोबल बढाउन विशेष सुविधा उपलब्ध गराउने भएकोले शिक्षकको नियमितता बढी देखिन्छ । जसले कक्षाहरु सुचारु रुपमा सञ्चालन हुन सक्छन् र आन्तरिक दक्षता वृद्धि गर्न सहयोग पुऱ्याउछन । त्यसैले यस्ता कार्यलाई विद्यालयको सबल पक्षको रुपमा लिन सकिन्छ ।

यसरी समग्रमा भन्दा विद्यालयको आन्तरिक दक्षताको स्थिति राम्रो देखिन्छ विद्यर्थी भर्ना दरमा विगत तीन वर्षमा उतारचढाव आएको देखिन्छ । कक्षा छाड्ने दर नि.मा.वि.र मा.वि.मा भन्दा प्रा.वि.मा बढी देखिन्छ । जग बलियो भयो भने घर बलियो हुन्छ भने झै विद्यार्थीको उर्तीर्णदर बढाउन आधारभूत तह नै मजबुद हुनुपदर्छ भन्ने कुरालाई महत्व दिएको देखिदैन भने कक्षा दोहोऱ्याउने दर नि.मा.वि तहमा बढी देखिन्छ । त्यसै गरी शिक्षा विभागको अध्ययनमा पाइएका कुराहरुमा सरकार, स्थानीय सरकार, विद्यालय प्रशासन र समुदायलाई आन्तरिक दक्षता कम र बढी गराउनमा भुमिका खेल्ने प्रमुख पक्षका रुपमा लिईएको छ ।

अनुसन्धानमा छनौट गरिएका धेरै विद्यालयमा विद्यार्थी भर्ना शैक्षिक सत्र सुरु हुनु भन्दा पहिले र केहिले शैक्षिक सत्रको बीचमा पनि भर्ना लिने गरेको पाइन्छ जुन कुरा शिक्षा नियमावली २०५९ मा उल्लेख भए बमोजिम देखिएन । यसरी शैक्षिक सत्रको बीचमा पनि भर्ना लिने काम नियम विपरीत भएन र भनी सोध्दा अभिभावकको सरुवा तथा अन्य विशेष पस्थितिवस अन्यत्र जानु पर्दा बालक पढाईबाट बञ्चित हुनु नपरोस् भन्ने मनसायले यस्तो ब्यावस्था गरेको धारणा एक जना प्र.अ. ले व्यक्त गरे । जसलाई बालकले पढ्न पाउने अधिकारलाई सुनिश्चित गरेको देखिन्छ । भर्नाको आधारमा प्रा.वि.तहमा मार्कसिट तथा नि.मा.वि. र मा.वि.मा जिल्ला स्तरीय परीक्षा उर्त्तीण गरेको प्रमाणपत्रको साथै प्रवेश परीक्षा

लिएको देखिन्छ । जुन शिक्षा नियमावली (२०५९ को नियम ( ७८ मा उल्लेख गरे अनुसार पाइन्छ ।

अनुसन्धानबाट प्राप्त तथ्याङ्क तथा सूचनाका आधारमा विद्यालयको आन्तरिक दक्षताको विश्लेषण तथा व्याख्या गर्दा नेपालका सम्पूर्ण सरकारी विद्यालयहरुले भोग्नु परेका समस्याहरु संग मिल्दा जुल्दा छन् । विशेष गरी शहरी क्षेत्रका सामुदायिक विद्यालयहरुमा यी समस्याहरु अझ वढी देखिन्छन् । जसमा भर्नादर घट्दै जानु, अनुत्तीर्ण तथा कक्षा दोहोऱ्याउने दर बढ्दै जानु प्रमुख रुपमा रहेको पाइन्छ । अनुसन्धानको क्रममा भर्ना सम्बन्धि सोधिएको प्रश्नको जवाफमा सरोकारवालाहरु सबैको धारणा एकै किसिमको पाइयो अर्थात् सबैले शहरी क्षेत्रमा वसोवास गर्ने शिक्षित वर्ग तथा स्थानीय अभिभावकका छोराछोरी बोर्डिङ्ग स्कुलतिर आर्कषित भएकोले दक्ष र स्तरीय विषय शिक्षक तथा पढाईको गुणस्तर राम्रो हुदाहुदै पनि सरकारी विद्यालयमा पढाउन नचाहेको धारणा राख्दछन् तर पूँजीवादको "मक्का" मानिने अमेरिकामा ८९ प्रतिसत र बेलायतमा ९० प्रतिशत विद्यार्थीहरु पब्लिक स्कुलमा पढ्छन (माथेमा, शिक्षक स्मारिक, २०६५:३८) त्यसैगरी थाइल्याण्डमा सरकारी विद्यालयहरुमा पढ्न पाउनु गर्वको विषय मानिन्छ ।

त्यसै गरी विद्यार्थी उतीर्ण गराउने आधारमा परीक्षालाई विद्यार्थीहरुको कक्षोन्नतिको मूल आधार माने पनि यसका अतिरिक्त विद्यार्थीको नियमिता, अनुशासन, गृहकार्यको मूल्याङ्कन पनि समेट्नु पर्छ । अध्ययन गरिएका विद्यालयहरुमा पनि यिनै कुरालाई ध्यानमा राखेर कक्षोन्नतिको आधार बनाइएको देखिन्छ । केही विद्यालयमा अतिरिक्त क्रियाकलापमा सम्लग्न भएका विद्यर्थीहरुलाई पढाइमा कमजोर भए पनि कक्षा चढाउने गरेको पाइन्छ जसले विद्यार्थीको पढाइ बाहेक खेलकुद तथा अन्य प्रतिभाको प्रश्फुटन गराउनमा मद्दत गरेको देखिन्छ जुन कुरा विद्यालय तहदेखि नै खेलकूद तथा युवा विकास सम्बन्धि कार्यक्रममा समायोजन गर्दै लैजाने भन्ने अन्तरिम योजना (२०६४–२०६७) को रणनीतिलाई विद्यालयहरुले अबलम्बन गरेको देखिन्छ भने अर्कातिर कमजोर तथा नम्बर थपेर पास गराइएका विद्यार्थीलाई उत्तीर्ण गराउदा उत्तीर्ण प्रतिशत बढी देखिए पनि माथिल्ला कक्षा तथा बाह्य परीक्षामा बढि फेल हुने हुनाले कक्षा दोहोऱ्याउने तथा छाड्ने दर धेरै भएको देखिन्छ ।

त्यसै गरी अनुर्तीर्ण तथा कक्षा दोहोऱ्याउने समस्याका बारेमा शिक्षक संग गरिएको कुराकानीमा *विद्यार्थीहरु कक्षामा नियमित नहुनु, दिएको कक्षा कार्य तथा गृहकार्य गर्ने बानी*

*नहुनु, अभिभावकहरु कमजोर आर्थिक अवस्था भएका हुनाले समयमा आवश्यक शैक्षिक सामाग्री उपलब्ध गराउन नसक्नु र विशेष गरी पढाई प्रति कम चासो भएका गरिव, दलित, सकुम्बासी तथा अन्य विद्यालयबाट फेल भएर आउने विद्यार्थीहरुको बाहुल्यता हुनु हो ।* भन्दछन् । कक्षा छाड्ने दरका सम्बन्धमा विद्यार्थीको धारणा बुझ्दा पारिवारिक तथा आर्थिक कारण, दुर्व्यसनी, साथीभाईको कुसंगतमा लागेर, शिक्षकले शारीरिक तथा मानसिक यातना दिनुलाई लिएको पाइन्छ । समग्रमा कक्षा दोहोर्‍याउने तथा छाड्ने कारणहरुमा सैद्धान्तिक खाकामा कार्की (२०४७) ले उल्लेख गरेझै सामाजिक, आर्थिक र शैक्षिक कारणलाई नै मुख्य मान्न सकिन्छ ।

विद्यार्थी अनुशासन सम्बन्धी विद्यालयमा सामान्य खाले समस्या आउने र त्यलाई शिक्षक, विद्यालय प्रशासन तथा अभिभावकको सहयोगमा समाधान गर्ने गरेको पाइन्छ । विद्यालयको वातावरण राम्रो राख्न कहिले काँहि अनुसासनहीन विद्यार्थीहरुलाई विद्यालय प्रशासनबाट नै निष्कासन गरिने कुरा सहभागी एक वि.व्य.स.का अध्यक्षले बताए । विद्यार्थी भनेको काचो माटो हो जसलाई हामीले जस्तो आकार बानाउन चाहान्छौं त्यस्तै बनाउन सकिन्छ । त्यसैले खराब आचारण भएका विद्यार्थीलाई विद्यालयबाट निष्काशन गर्नु भन्दा के कारणले उसलाई उक्त आचरण गर्न प्रेरित गरेको छ, पत्ता लगाई उचित परामर्श, सल्लाह तथा सुझव दिएमा कक्षा छाड्ने दर घटाउन सकिन्छ । अध्ययन गरिएका विद्यालयमा पनि विद्यार्थीलाई अनुशासनमा राख्न बेलाबेलामा परामर्श तथा निर्देशन दिने गरेको कुरा प्र.अ. संग भराइएको प्रश्नावली फारमबाट थाहा पाउन सकिन्छ भने शिक्षक हरुले पनि समय समयमा नैतिक शिक्षा दिने गरेको कुरा छलफलका क्रममा अधिकांश शिक्षकहरुले बताए । विद्यालयमा विद्यार्थीहरु लाई पढाई प्रति आकर्षित गराउन विभिन्न किसिमका पुरस्कार तथा छात्रवृत्तिको व्यवस्था गरेको पाइन्छ । विशेष गरी पढाइमा लगनशील र सरकारले उपलब्ध गराउने सबै खाले छात्रवृत्ति विद्यालयले विद्यार्थीलाई दिने गरेको कुरा प्र.अ. तथा विद्यार्थीसंग गरिएको छलफलबाट थाहा पाउन सकिन्छ । त्यसै गरी विद्यालयको अनुगमन तथा निरीक्षण सम्बन्धि व्यवस्थामा सम्बन्धित पक्षले नियमित अनुगमन गर्ने गरेको देखिन्छ । विद्यालयको निरीक्षण गर्दा भौतिक, आर्थिक, प्रशासनिक व्यवस्थापकीय तथा शैक्षिक पक्षको निरीक्षण गर्ने गरेको पाइएता पनि विद्यालयको आन्तरिक दक्षता वृद्धि गर्नको लागि आश्यक पर्ने शैक्षिक पक्ष जस्तै कक्षा आलोकन, पाठयोजनाको प्रयोग, कक्षा कार्य तथा गृहकार्य परीक्षणलाई विशेष जोड दिएको देखिदैन ।

यहाँ प्राप्तिहरुसंग हेर्दा पाठ्यक्रम, पुस्तक, शिक्षण सम्बन्धी दस्तुरमा सरकारले सहुलियत दिए पनि भर्ना दर घट्दै गएको देखिन्छ । भर्ना भएका सम्पूर्ण विद्यार्थीलाई अन्तिम परीक्षामा सम्मिलित गराउन नसकिएकोले उत्तीर्ण दर कम, कक्षा छाड्ने दर बढी हुनु र कक्षा दोहोऱ्याउने दरमा पनि उतार चढाव आएको देखिन्छ । जसको प्रमुख कारणमा विद्यार्थीको पारिवारिक स्थिति, पढाउने विधि, बिद्यार्थी मूल्याङ्कनको आधार तथा व्यवस्थापन पक्षलाई लिन सकिन्छ । यसरी नियमित आउन प्रोत्साहन हुने गरी पठनपाठन गराउने भन्दा कक्षा चढाउने प्रयासले शिक्षाको लक्ष्य कसरी पुरा गर्ला ? भन्ने प्रश्नको उत्तर खोज्नु जरुरी देखिन्छ ।

## ५.२. अध्ययनको निष्कर्ष

शिक्षाको गुणस्तर वृद्धि गर्न अर्थात् पाठ्यक्रममा निर्देशित सिकाइ उपलब्धि विद्यार्थीहरुमा हासिल गराई त्यस अनूरुप व्यवहारमा देखाउन सक्ने बनाउनको लागि केवल ठूलो धनराशि खर्च गरेरमात्र हुदैन । त्यसकोलागि विद्यालयमा उपलब्ध स्रोत र साधनको समुचित ब्यवस्थापन हूनु पर्दछ । एक हातले तालि बज्दैन भने झै प्र.अ.एक्लैले मात्र विद्यालयलाई सम्पूर्ण कार्य गर्न सक्दैन । यसका लागि शिक्षक, अभिभावक तथा समुदायको पनि महत्वपूर्ण भूमिका रहन्छ ।

समुदाय बिना विद्यालय नहुने र विद्यालय बिना समूदायको विकास नहुने हुनाले विद्यालयलाई सञ्चालन गर्न विशेष योग्यता भएको व्यक्तिको आवश्यकता पर्दछ । जसले उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गरी उच्च प्रतिफल प्राप्त गर्न सक्छ । यसरी साधनहरुको अधिकतम् उपयोग गर्नका लागि विद्यालयसंग प्रत्यक्षरुपमा संलग्न हुने सबै पक्षसंग समन्वत्मक भावनाको विकाश गराउनु पर्दछ ।

विद्यालयको आन्तरिक दक्षता भन्नाले मुख्य गरी सो विद्यालयको भर्नादर, उत्तिर्णदर,कक्षा छाड्ने तथा कक्षा दोहोऱ्याउने दरलाइ जनाउँछ । जसले त्यस विद्यालयको शैक्षिक गुणस्तरको स्थितिबारे बताउछ । विद्यालयको आन्तरिक दक्षता राम्रो भएमा मात्र विद्यालयप्रति समुदायको सकारात्मक धारणाको विकास हुन्छ र विद्यालयको हरेक पक्षमा सहयोग गर्न तत्पर हुन्छन् । विद्यालयको आन्तरिक दक्षताको वृद्धि गर्न सरोकारवालाहरुमा सकारात्मक सोचको विकाश हुनु पर्दछ भने प्र.अ. तथा शिक्षकहरु आफ्नो पेशाप्रति लगनशील भएर कार्य गर्नु पर्दछ । विद्यालयको सु-व्यबस्थापनकालागि विद्यार्थी, शिक्षक, भौतिक, आर्थिक तथा शैक्षिक व्यवस्थापनमा विशेष ध्यान पुऱ्याउनु पर्दछ । यी सबै

पक्षहरुमा प्र.अ. ले शिक्षा ऐन नियम समाजको आवश्यकता र चाहना तथा  विद्यालयको भूमिकालाई विशेष ध्यान पुर्‍याई कार्य गर्नु पर्दछ ।

विद्यार्थी भर्ना गर्ने तरिका, कक्षा कोठाको व्यबस्थापन, विद्यार्थी अनुशासन,परीक्षा सञ्चालन तथा त्यसको मूल्याङ्कन र कक्षा चढाउने बारेमा प्र.अ.ले शिक्षक वि.व्य.सं.का अध्यक्ष तथा अभिभावकसंग राम्रो छलफल गरी निचोडमा पुगेर काम गर्नु पर्छ । त्यसै गरी विद्यालयले शिक्षककहरुलाई वृत्ति विकासको अवसर प्रदान गर्नु पर्दछ । प्रजातान्त्रिक तरिकाले बदलिदो परिस्थिति संग शिक्षकलाई समायोजन गर्न तालिमको व्यवस्था तथा उनिहरुका समस्या बुझी आबश्यक दरबन्दिकोलागि सम्बन्धित पक्षसंग छलफल तथा माग गर्नु  पर्दछ ।

विद्यालयको आन्तरिक दक्षता बृद्धि गर्नका लागि भौतिक पक्षकको पनि अत्यन्त महत्वपुर्ण भूमिका रहने हुनाले त्यसकालागि वि.व्य.स., अभिभावक तथा समुदायलाई सहभागी बनाई सहयोग लिनु पर्दछ र तिनिहरुको राय, सल्लाह तथा सुझाव अनुसार कार्य गरेर रकम संकलन गरी त्यसको उचित व्यवस्थापन गर्नु पर्दछ । त्यसै गरी आन्तरिक दक्षता वृद्धिका लागि विद्यालयले विभिन्न किसिमका शैक्षिक कार्यत्रमहरु सञ्चालन गराउनु पदछ । यस्ता कार्यक्रममा समुदायका व्यक्तिलाई सरिक गराउन सकेमा विद्यालयप्रति सरोकारवालाको सकारात्मक धारणाको विकास हुन पुग्ने देखिन्छ ।

यसरी समग्रमा भन्ने हो भने विद्यालय व्यवस्थापन उचित रुपमा हुन सकेमा विद्यालयको आन्तरिक दक्षता वृद्धि हुन सक्ने कुरामा दुई मत देखिदैन यसका लागि जिम्मेवार पक्ष प्र.अ., शिक्षक तथा निरीक्षक र स्रोत व्याक्तिले आफ्नो काममा निस्वार्थी बनेर लाग्नु पर्दछ भने विद्यार्थीहरु पनि अध्ययनशील, मेहनती तथा लगनशील हुनुपर्दछ । यसैगरी सरोकारवाला पक्षले पनि यसलाई आफ्नो दायित्व संम्झी विद्यालय व्यावस्थापनमा आइपरेका कठिनाइहरु लाई समाधान गर्नु पर्दछ । काम गर्दा आइपरेका समस्याहरुलाई सबै पक्षको सहयोग लिई सहज र सरल ढंगले समाधान गरेमा विद्यालयले राखेको उद्देश्य प्राप्त गर्न सजिलो हुने देखिन्छ ।

## ५.३ सुझावहरु

यस अध्ययनबाट प्राप्त निष्कर्षको आधारमा शिक्षा क्षेत्रका विभिन्न तहमा उपयोगी हुने निम्न सुझावहरु प्रस्तुत गरिन्छ । सामुदायिक माध्यमिक विद्यालयहरुमा आन्तरिक दक्षताको स्थिति सन्तोषजनक बनाउन समुदायको भूमिका अझ सक्रीय तुल्याउन प्रेरित गर्ने

। यसका  लागि निम्न कार्य गर्ने आन्तरिक दक्षता उच्च वनाउनुको मुख्य उद्देश्यको वारेमा चेतना जगाउन प्र.अ., वि.व्य.स.तथा शि.अ.संघका पदाधिकारीहरु, अभिभावकहरु र सरोकारवालाहरु समक्ष एक सशक्त कार्यक्रम संचालन गर्ने ।

सरकारी निकायबाट शिक्षाका कार्यक्रम ल्याउदा , निर्माण गर्दा तल्लो निकायवाट पनि सल्लाह र सुझाव वटुल्न आवस्यक हुन्छ । ती सल्लाह र सुझावहरु उपयुक्त देखिए शैक्षिक कार्यक्रममा सहभागी गराउनु पर्दछ । यसले तल्लो निकायका व्यक्तिहरुलाई वढी जिम्मेवार वनाउने गर्दछ ।

उत्कृष्ट दक्षता व्यवस्थापन र विद्यालयको समग्र विकासका लागि विद्यालयले खेलेको भूमिका र शैक्षिक प्रगतिका आधारमा त्यस्ता विद्यालयहरुलाई थप प्रोत्साहन अनुदान उपलव्ध गराउदै जाने । ताकी अन्य विद्यालयहरुलाई समेत यसले प्रभाव पारोस । वि.व्य.स., शि.अ.संघ लगायत अन्य सांगठनिक क्रियाकलापहरुमा समावेशीकरणको सुनिश्चितता गर्ने । सरकारी विद्यालयमा भौतिक सुविधाको अवस्था अत्यन्तै कमजोर छ । पर्याप्त मात्रामा कक्षाकोठाहरु र कक्षाकोठाभित्र आवस्यक पर्ने फर्निचर र शिक्षण सामग्रीहरु छैनन् । यी सम्पूर्ण कुराहरुमा सुधार गर्नु पर्दछ । त्यसका लागि सरकारले आर्थिक लगानी वढाउनु पर्दछ ।

समय समयमा विद्यालयको अनुगमन तथा निरीक्षण गर्ने । टेलरले भनेझै राम्रो कार्यकोलागि पुरस्कार र नराम्रो कार्यकोलागि दण्डको व्यवस्था गर्ने । यसबाट शिक्षकहरु विद्यालय नियमित आउने, उच्च मनोवलका साथ काम गर्ने गर्दछन् । यस्ता कार्यले विद्यालयको व्यवस्थापन एवं आन्तरिक दक्षतामा समेत सुधार ल्याउन सकिन्छ

उत्कृष्ट र उदाहरणीय विद्यालय व्यवस्थापन समितिलाई पुरस्कारको व्यवस्था गर्ने र त्यस्ता वि.व्य.स.ले गरेका कार्यहरुका वारेमा अन्य वि.व्य.स. समक्ष उदाहरणको रुपमा प्रचार प्रसार गर्ने । सेरिड (२०६४) ले भनेझै वि.व्य.स.का लागि वेलावेलामा अभिमुखिकरण कार्यक्रम र तालिम सञ्चालन गर्ने ।

विद्यालय आफैले आफ्नो आयस्रोतको परिचालनबाट आम्दानी जुटाउने कार्यमा लाग्नु पर्दछ । जसले गर्दा विद्यालयलाई सधैभरी अर्काको मुख ताक्ने अवस्था आउदैन र विद्यालय सञ्चालनमा समेत सरलता आउछ । विद्यालयसँग संवन्धित सम्पूर्ण गतिविधिहरु सरोकारवालाहरुको प्रत्यक्ष सहभागितामा सञ्चालन गर्ने । विद्यालयले अभिभावकलाई विद्यालयको नियमित भ्रमण गर्न उत्साहित गर्नुका साथै समय समयमा अभिभावक भेलाको आयोजना गर्ने ।

# सन्दर्भ ग्रन्थ


कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०५९), **शैक्षिक व्यावस्थापन र संगठनात्मक व्यवहार,** काठमाडौं विद्यार्थी पुस्तक भण्डार ;

अधिकारी, गोविन्द प्रसाद (२०६१), **स्रोतकेन्द्र स्मारिका,** उदयपुर मुर्कुची स्रोतकेन्द्र, उदयपुर ;

ढकाल, माधवप्रसाद (२०५६) **शैक्षिक प्रशासन,** काठमाण्डौ : रत्न पुस्तक भण्डार ;

भट्टराई, ईश्वरीप्रसाद (२०६१), **विद्यालय शिक्षा सुधारका लागी प्रधानाध्यापक, शिक्षक तथा समाजसेवीको भूमिकाको अध्ययन** (अप्रकाशित शोधपत्र), महेन्द्ररत्न क्याम्पस, ताहाचल ;

सिग्देल, बासुदेव, श्रेष्ठ, चन्द्र बहादुर तथा साथीहरु (२०६०),**शैक्षिक प्रशासन र सुपरीवेक्षण,** काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ;

मैनाली, रमेश प्रसाद (२०५६), **विद्यालय सुव्यवस्थापनमा प्रधानाध्यापकहरुले सामना गर्नु परेका कठिनाइहरु एक अध्ययन,** अप्रकाशित सोधपत्र, काठमाण्डौ, त्रि.वि. केन्द्रिय क्याम्पस, किर्तिपुर ;

आधारभूत प्राथमिक शिक्षण परीयोजना, (२०५५), **प्राथमिक तालिम पुस्तिका,** सानोठिमीः लेखक

अधिकारी (भट्टराई), विष्णुमाया (२०५९), **ललितपुर जिल्लाका सार्वजनिक विद्यालयहरुमा सञ्चालित उच्चमाध्यमिक विद्यालयहरुका समस्या समाधान : एक अध्ययन, महेन्द्ररत्न क्याम्पस ताहाचलमा प्रस्तुत शोधपत्र ;**

लम्साल, हरिप्रसाद (२०५६) , **शैक्षिक प्रशासन, व्यवस्थापन र निरीक्षण,** काठमाण्डौ : उत्सव वुक प्रकासन ;

आचार्य , रामप्रसाद (२०६४) **नेपालमा शिक्षा योजना अवधारणा तथा प्रयोग पुस्तिका,** भक्तपुरः शिक्षा विभाग, सानोठीमी ;

शैक्षिक जनशक्ति विकास केन्द (२०६४) , **सक्षमतामा आधारित एक महिने विद्यालय व्यवस्थापन तालिम पुस्तिका,** भक्तपुर, सानोठिमीः लेखक

कार्की, हरिवहादुर(२०४७), **पौवेगौडा गा.वि.स.का कामी जातिको अध्ययन,** अप्रकाशित शोधपत्र , काठमाण्डौ : शिक्षाशास्त्र संकाय, त्रि. वि. ;

शर्मा, गोपिनाथ, (२०५९), **नेपालका शिक्षा आयोगका प्रतिवेदनहरु** , काठमाण्डौ : मकालु वुक्स एण्ड स्टेसनर्स **;**

अधिकारी, विष्णुप्रसाद (२०६४), **शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणली,** काठमाण्डौः आशिष वुक्सहाउस प्रा.लि. **;**

पौडेल, लेखनाथ ( २०५४) **नेपालमा शिक्षाको विकास,** काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार **;**

राष्ट्रिय योजना आयोग, **सातौ पञ्चवर्षिय योजना** ( **२०४२ -२०४७**) , काठमाण्डौः लेखक

राष्ट्रिय योजना आयोग, **आठौ पञ्चवर्षिय योजना** ( **२०४७ -२०५४**) **,** काठमाण्डौः लेखक

राष्ट्रिय योजना आयोग, **नवौ पञ्चवर्षिय योजना** ( **२०५४ -२०५९**) , काठमाण्डौः लेखक

राष्ट्रिय योजना आयोग, **दशौ पञ्चवर्षिय योजना** ( **२०५९-२०६४**) , काठमाण्डौः लेखक

राष्ट्रिय योजना आयोग, **तीन वर्षे अन्तरिम योजना** ( **२०६४ -२०६७**) **,** काठमाण्डौः लेखक

**फल्यास रिपोर्ट (२०६६)** ,नेपाल सरकार, पूर्वाञ्चलक्षेत्रिय शिक्षा निर्देशनालय, धनकुटा **;**

**शैक्षिक दर्पण** (२०६३) , जिल्ला शिक्षा कार्यालय उदयपुर **;**

पाण्डे, सूर्यप्रसाद (२०६६ कार्तिक १७) , **ढुकढुकीमा मात्र जीवित विद्यालयका व्यथा,** अन्नपूर्ण पोष्ट, मंगलवारे परिशिष्टांक (शिक्षा) पृष्ठ ४,५ ,

फर्मेटिभ अनुसन्धान परियोजना (२०६४) , **सवैका लागि शिक्षा (२००४ - २००९)** , सेरिड, त्रि.वि.**;**

**अध्ययन प्रतिवेदन(०५८/०५९)** , नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, अनुसन्धान तथा विकास शाखा **;**

**शिक्षा विभागद्वारा गरिएका अध्ययन प्रतिवेदन** ( **२०६१/०६२**) **,** नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन शाखा , सानोठिमी **;**

**एजुकेशनल फोरम, वर्ष १, अंक २** त्रैमासिक पत्रिका **;**

**शिक्षक मासिक वर्ष १ अंक ४** , वैशाख २०६५, पाटनढोका ललितपुर, : हिमाल एसोसिएसन

**अन्तराष्ट्रिय शैक्षिकमञ्च** , **वर्ष १, अंक ३ (२०५९)** , अनामनगर, काठमाण्डौ **;**

**सोपान मासिक (२०६४)** , डिल्लीवजार , काठमाण्डौ : मकालु प्रकासन गृह **;**

**एजुकेशनल पेजेज** (पाक्षिक ) भाद्र २०६६ **;**

CERID (2010) **InstutionImprovement in Primary School** Kritipur, CERIDD ;

Department of Education ***, School Level Educational Stastistics of Nepal, at a glance 2064 (2007-2008)*** , Sanothimi, Bhaktapur, Author ;

Department of Education, **Flash 1 Report 2063 ( 2006-2007) ,** Sanothimi, Bhaktapur ;

## (विद्यालयको आन्तरिक दक्षता सम्वन्धि अध्ययन )

अनुसूची १

बिद्यालय सर्वेक्षण फारम

**१. परिचय :** सर्वेक्षण मिति :

विद्यालयको नाम :
ठेगाना : स्थापना मिति :
विद्यालयको प्रकृति : सेवाक्षेत्र :

### २ विद्यार्थी भर्ना विवरण ( ०६४,०६५,०६६)

| साल | तह | जम्मा विद्यार्थी संख्या | नयाँ भर्ना संख्या | नयाँ भर्ना प्रतिशत |
|---|---|---|---|---|
| २०६४ | प्रा.वि. | | | |
| | नि.मा.वि. | | | |
| | मा.वि. | | | |
| | जम्मा | | | |
| २०६५ | प्रा.वि. | | | |
| | नि.मा.वि. | | | |
| | मा.वि. | | | |
| | जम्मा | | | |
| २०६६ | प्रा.वि. | | | |
| | नि.मा.वि. | | | |
| | मा.वि. | | | |
| | जम्मा | | | |

### ३ तहगत विद्यार्थी उत्तीर्ण विवरण ( ०६४, ०६५,०६६)

| साल | तह | अन्तिम परीक्षमा सम्मिलित विद्यार्थी संख्या | उत्तीर्ण संख्या | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|
| २०६४ | प्रा.वि. | | | |
| | नि.मा.वि. | | | |
| | मा.वि. | | | |
| | जम्मा | | | |
| २०६५ | प्रा.वि. | | | |
| | नि.मा.वि. | | | |
| | मा.वि. | | | |
| | जम्मा | | | |
| २०६६ | प्रा.वि. | | | |
| | नि.मा.वि. | | | |
| | मा.वि. | | | |
| | जम्मा | | | |

## ४ तहगत रुपमा कक्षा छाड्ने विद्यार्थीको विवरण ( ०६४,०६५, ०६६)

| साल | तह | जम्मा विद्यार्थी भर्ना | अन्तिम परीक्षामा संमिलित विद्यार्थी संख्या | कक्षा छाड्ने विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| २०६४ | प्रा.वि. | | | | |
| | नि.मा.वि. | | | | |
| | मा.वि. | | | | |
| | जम्मा | | | | |
| २०६५ | प्रा.वि. | | | | |
| | नि.मा.वि. | | | | |
| | मा.वि. | | | | |
| | जम्मा | | | | |
| २०६६ | प्रा.वि. | | | | |
| | नि.मा.वि. | | | | |
| | मा.वि. | | | | |
| | जम्मा | | | | |

## ५ तहगत रुपमा कक्षा दोहोऱ्याउने विद्यार्थी विवरण ( ०६४,०६५,०६६)

| साल | तह | जम्मा विद्यार्थी संख्या | कक्षा दोहोऱ्याउने विद्याथीसंख्या | प्रतिशत |
|---|---|---|---|---|
| २०६४ | प्रा.वि. | | | |
| | नि.मा.वि. | | | |
| | मा.वि. | | | |
| | जम्मा | | | |
| २०६५ | प्रा.वि. | | | |
| | नि.मा.वि. | | | |
| | मा.वि. | | | |
| | जम्मा | | | |
| २०६६ | प्रा.वि. | | | |
| | नि.मा.वि. | | | |
| | मा.वि. | | | |
| | जम्मा | | | |

## ६ प्रवेशीका परीक्षा परिणाम विवरण

| क्र.स. | साल | परीक्षामा सहभागी संख्या | उत्तीर्ण संख्या | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|
| १ | २०६४ | | | |
| २ | २०६५ | | | |
| ३ | २०६६ | | | |

## ७ शिक्षक विद्यार्थी अनुपात

| क्र.स. | तह | विद्यार्थी संख्या | शिक्षक संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | प्रा.वि. | | | |
| २ | नि.मा.वि. | | | |
| ३ | मा.वि. | | | |
| | | | | |

## ८ विद्यालयमा सञ्चालन गरिने परीक्षा

| क्र.स. | परीक्षाको किसिम | समय | पूर्णाङ्क | उद्देश्य (सुधारात्मक/ निर्णयात्मक) |
|---|---|---|---|---|
| १ | एकाई | | | |
| २ | त्रैमासिक | | | |
| ३ | अर्धवार्षिक | | | |
| ४ | वार्षिक | | | |

## ९ मूल्याङ्कन प्रक्रिया

| क्र.स. | प्रतिक्रिया | समय | पूर्णाङ्क | उद्देश्य (सुधारात्मक/ निर्णयात्मक) |
|---|---|---|---|---|
| १ | आन्तरिक मूल्याङ्कन | | | |
| २ | वाह्य मूल्याङ्कन | | | |
| ३ | दुवै | | | |
| ४ | अन्य | | | |

## १० तहगत शिक्षकको औषत उपस्थिति दर

| क्र.स. | तह | जम्मा शिक्षक उपस्थिति दिन | जम्मा विद्यालय सञ्चालन भएको दिन | शिक्षकको औषत उपस्थिति दर |
|---|---|---|---|---|
| १ | प्रा.वि. | | | |
| २ | नि.मा.वि. | | | |
| ३ | मा.वि. | | | |

## ११ विद्यालयमा कार्यरत शिक्षक विवरण

| क्र.स. | नाम | लिङ्ग | तह | विषय | योग्यता | तालिम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |

## १२ विद्यालयको भौतिक सुविधा

क) भवन संख्या अवस्था

ख) कक्षाकोठा संख्या आकार प्रतिविद्यार्थी क्षेत्रफल अवस्था

ग) पिउने पानी पर्याप्त / अपर्याप्त

घ) शौचालय पुरुष महिला संयुक्त

ङ.) खेल मैदान संख्या क्षेत्रफल

च) फर्निचर पर्याप्त अपर्याप्त

**१३ विद्यालयमा उपलव्ध शैक्षिक सामग्री विवरण** पर्याप्त अपर्याप्त

## १४ विद्यार्थीको सामाजिक आर्थिक अवस्था

क) कुन कुन जात जातिका :

ख) कुन कुन धर्म मान्ने :

ग) कुन भाषा वोल्ने :

घ) कस्तो पारिवारिक पेशा :

ङ.) कस्तो आर्थिक पृष्ठभूमिका :

## १५ विद्यालयको आर्थिक अवस्था

क) कुल वार्षिक आय विवरण र आम्दानिका श्रोतहरु

ख) कुल वार्षिक खर्च विवरण र खर्चका क्षेत्रहरु

ग) नाफा / नोक्सान

## १६ अतिरिक्त क्रियाकलाप

हाजिरी जवाफ, वक्तृत्वकला, नाटक, कविता, निवन्ध, वादविवाद, नृत्य, शैक्षिक भ्रमण, मनोरञ्जन, खेलकुदको व्यवस्था छ कि छैन

## (विद्यालयको आन्तरिक दक्षता सम्वन्धि अध्ययन )

### अनुसूची २

(प्रधानाध्यापकका लागि प्रश्नावली)

प्रधानाध्यापकको नाम : मिति :
विद्यालयको नाम : योग्यता :

**कृपया तलका प्रश्नहरुको उपयुक्त विकल्पमा ठीक (√) चिन्ह लगाउनुहोस् ।**

१ तपाइको विद्यालयमा विद्यार्थी भर्ना कुन समयमा लिनु हुन्छ ?
(क) शैक्षिक सत्रको बीचमा (ख) शैक्षिक सत्र सुरु हुनु भन्दा अगाडि

२ कक्षा ६ र ९ मा नयाँ भर्ना केका आधारमा लिने गर्नु हुन्छ ?
क) जिल्लास्तरीय परीक्षा उत्तीर्ण गरेको प्रमाण पत्रको आधारमा
ख) कुनै आधार नलिइकन ग) अन्य …………

३ विद्यार्थी भर्नामा देदिएको मुख्य समस्या के हो ?
क) योग्यता नपुगेकालाई पनि भर्ना लिनु पर्ने ख) विद्यालयको क्षमता भन्दा वढि भर्ना लिनु पर्ने
ग) कम उमेरका विद्यार्थी भर्ना लिनु पर्ने घ) अन्य ……….

४ तपाइको विद्यालयमा प्राय के कस्ता कारणले विद्यार्थीले कक्षा छाड्छन् ?
क) उमेर नपुगेका विद्यार्थी भर्ना भएर ख) विद्यालयको वातावरण राम्रो नभएर
ग) विद्यार्थी स्वयम् तथा अभिभावकमा शिक्षा प्रति चासो नभएर घ) अन्य …….

५ विद्यार्थीको कक्षा छाड्ने दर क मगर्न के कूतो पहल गर्नु भएको छ ?
क) शिक्षकको प्रचार प्रसार ख) विद्यालयको वातावरणमा सुधार
ग) समय समयमा अभिभावक संग अन्तरक्रिया घ) छात्रवुत्तिको व्यवस्थ ।गर्ने
ड.) अन्य …….

६ तपाइको विद्यालयमा विद्यार्थी अनुत्तीर्ण वा कक्षा दोहोऱ्याउने दर कस्तो छ ?
क) सामान्य ख) वट्दो ग) घट्दो

७ प्राय के कति कारणले विद्यार्थीले कक्षा दोहोऱ्याउछन् ?
क) वैज्ञानिक शिक्षण विधिको अभावका कारण ख) घरको वातावरण ठीक नभएका कारण
ग) विद्यार्थीहरुनै कमजोर वा मेहनती नभएका कारण घ) अन्य …………

८ तपाइको विद्यालयमा Guidance & Counseling Service प्रदान गर्ने चलन छ कि, छैन ? यदि छ भने कस्ता विद्यार्थीलाई यो सेवा प्रदान गरिन्छ ?
क) पढाइमा कमजोर विद्याथीृलाई ख) खराव आचरण भएका विद्यार्थीलाई
ग) विद्यालयका राम्रा नराम्रा विद्यार्थीलाई घ) अन्य …………

९ विद्यालयमा अनुशासन सम्वन्धि प्राय कस्ता समस्याहरु देखिन्छन् ?
क) शिक्षक विद्यार्थी वीच झगडा ख) विद्यार्थी विद्यार्थी वीच झगडा
ग) विद्यार्थीबाट चोरी घ) अन्य …….

१० विद्यार्थीहरुलाई अनुशासन सम्वन्धि कार्वाहि गर्दा कुन प्रक्रिया अपनाउने गर्नु भएको छ ?
क) शिक्षक स्टाफ वैठक वसेर ख) विद्यालय व्यवस्थापन समितिको वैठक वसेर

ग) सम्वन्धित अभिभावक र विद्यार्थी बीच छलफल गरेर घ) विद्यार्थी प्रतिनिधि र शिक्षकहरु बीच छलफल गरेर
ङ.) अन्य .

११ विद्यालयमा विद्यार्थीलाई पुरस्कृत गर्ने व्यवस्था छ कि छैन ? यदि छ भने कस्ता विद्यार्थीलाई छ ?
क) पढाइमा लगनशील ख) नियमित उपस्थित हुने
ग) अनुशासित घ) अन्य........

१२ विद्यालयमा राम्रो पढ्ने विद्यालयलाई केही सुविधा छ ?
क) निःशुल्क शिक्षा ख) शैक्षिक सामग्री मात्र दिने ग) छात्रवृत्तिको व्यवस्था घ) अन्य ......

सहयोगका लागि धन्यवाद ।

## कृपया तलका प्रश्नहरु राम्रोसंग अध्ययन गरी आफ्नो प्रतिक्रिया दिनु होला ।

१ तपाइको विद्यालयको समग्र शैक्षिक अवस्था कस्तो छ ?
प्रतिक्रिया :

२ विद्यालयमा केकस्ता शैक्षिक समस्या छन् ?
प्रतिक्रिया :

३ विद्यालयको विद्यार्थी भर्ना , कक्षा उत्तीर्ण , अनुत्तीर्ण तथा कक्षा छाड्ने दर कस्तो छ ? यसबाट तपाई सन्तुष्ट हुनुहुन्छ ? हुनु हुन्न भने किन ?
प्रतिक्रिया :

४ तपाइको विद्यालयमा विद्यार्थी भर्नाको अवस्था कस्तो छ ? घट्दो विद्यार्थी भर्ना दर भए भर्नादर बृद्धिगर्न के कस्तो पहल गर्नु भएको छ ?
प्रतिक्रिया :

५ विद्यार्थी उत्तीर्ण , अनुत्तीर्ण दर कस्तो छ ? शत प्रतिशत विद्यार्थी उत्तीर्ण गराउन के कस्ता कदमहरु चाल्दै आउनु भएको छ ?
प्रतिक्रिया :

६ विद्यालयमा कक्षा छाड्ने दर कस्तो छ ? यसलाई क मगर्न के कस्तो पहल गर्नुभएको छ ?
प्रतिक्रिया :

७ तपाइको विचारमा विद्यालयको आन्तरिक दक्षता बृद्धि गर्न कुन कुन पक्षको भूमिका महत्वपूर्ण रहन्छ ?
प्रतिक्रिया :

८ विद्यालयको आन्तरिक दक्षता वृद्धि गर्न तपाएको विद्यालयले के कस्ता प्रयास गर्दै आएको छ ?
प्रतिक्रिया :

९ विद्यालयमा आन्तरिक दक्षता वृद्धि हुन नसक्नुका कारणहरु के के हुन् ?
प्रतिक्रिया :

१० माथि उल्लेखित समस्याहरु समाधान गर्न के कस्ता कदमहरु चाल्नुपर्ने ठान्नुहुन्छ ?
प्रीक्रिया :

सहयोगका लागि धन्यवाद ।

# (विद्यालयको आन्तरिक दक्षता सम्वन्धि अध्ययन )

## अनुसूची ३

(शिक्षकका लागि प्रश्नावली)

शिक्षकको नाम :
मिति :
विद्यालयको नाम : तह :
शैक्षिक योग्यता :

**कृपया तलका प्रश्नहरुको उपयुक्त विकल्पमा ठीक (√) चिन्ह लगाउनुहोस् ।**

१ तपाइको विचारमा शिक्षण कार्यलाई प्रभावकारी वनाउन के गर्नु पर्ला ?
क) तालिम प्राप्त शिक्षक र भौतिक सामग्रीको व्यवस्था ख) पुस्तकालय
ग) समुदायको सहयोग र सुझाव घ) अन्य.........

२ तपाइको विषय वा कक्षामा विद्यार्थी उत्तीर्ण, अनुत्तीर्ण तथा कक्षा छाड्ने दर कस्तो छ ?
क) धेरै ख) कम ग) छैन

३ अनुत्तीर्ण प्राय कस्ता पृष्ठभूमीका विद्यार्थीहरु हुने गर्दछन् ?
क) नियमित विद्यालय नआउने ख) शरीरिक तथा मानसिक रुपले असक्त
ग) सामाजिक तथा आर्थिक रुपले पिछडिएका घ) अन्य ......

४ तपाइको विचारमा विद्यार्थी अनुत्तीर्ण हुने मुख्य कारण के ठान्नु हुन्छ ?
क) घरको वातावरण ख) विद्यालयको वातावरण
ग) कुसंगतको कारण ड.) शिक्षकको लापरवाही च) अन्य....

५ तपाइको विचारमा प्राय कस्ता पृष्ठ भूमी भएका विद्यार्थीहरुले कक्षा छाड्ने गरेको पाउनु भएको छ ?
क) आर्थिक अवस्था कमजोर ख) शारीरिक तथा मानसिक रुपले असक्त
ग) फरक सामाजिक तथा पारिवारिक पृष्ठभूमि भएका घ) अन्य ........

६ तपाइको अनुभवमा विद्यार्थीले के कति कारणले कक्षा छाड्ने गर्दछन् ?
क) भौगोलिक कारण ख) वसाँइसराईको कारण ग) विवाह घ) अन्य .......

७ विद्यार्थी अनुत्तीर्ण दर घटाउन तपाई के सुझाव दिनुहुन्छ ?
क) शिषण विधिमा परिवर्तन गर्नु पर्छ ख) शैक्षिक सामग्रीको प्रयोग
ग) नियमित मौखिक तथा लिखित परीक्षा घ) अन्य ........

८ विद्यार्थीको उपलब्धि मूल्याङ्कन र शिक्षण कार्यमा सुधार ल्याउन के कस्ता कार्य गर्न सकिन्छ ?
क) मौखिक परीक्षा लिने ख) नियमित रुपमा एकाई तथा मासिक परीक्षा लिने
ग) शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग घ) अन्य .........

**कृपया तलका प्रश्नहरु राम्रोसंग अध्ययन गरी आफ्नो प्रतिक्रिया दिनु होला ।**

१ शिक्षकलाई के कस्ता सुविधा उपलव्ध गराए ऊ विद्यार्थीको पठा पाठन प्रति अझ जिम्मेवारीका साथ लाग्न सक्छ ?
प्रतिक्रिया :

२ तपाईको विचारमा विद्यालयमा विद्यार्थीको उत्तीर्ण प्रतिशत वढाउन के गर्नु पर्छ ?
प्रतिक्रिया :

३ तपाईलाई आफ्नो कक्षामा प्रभावकारी रुपमा शिक्षण गर्न के कस्ता तत्वहरुले अवरोध पुऱ्याउछन् ?

प्रतिक्रिमा :

४ विद्यालयको आन्तरिक दक्षता ( विद्यार्थी भर्ना , उत्तीर्ण दर , कक्षा तथा तहमा रहिरहने दर , कक्षा छाड्ने दर ) सन्तरलित राख्न के कस्ता तत्वहरु आवस्यक हुन्छन् ?

प्रतिक्रिया :

५ विद्यालयको आन्तरिक दक्षता वृद्धि गर्न तपाइको् विचारमा निम्न पक्षहरुको के भूमिका हुन सक्छ भन्ने ठान्नु हुन्छ ?

प्रतिक्रिया :

क) शिक्षक ख) विद्यालय

ग) अभिभावक तथा समुदाय घ) सरकार

## (विद्यालयको आन्तरिक दक्षता सम्वन्धि अध्ययन )

अनुसूची ४

(विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि )

नाम : मिति :

विद्यालयको नाम : योग्यता

**कृपया तलका प्रश्नहरु राम्रोसंग अध्ययन गरी आफ्नो प्रतिक्रिया दिनु होला ।**

१ तपाई अध्यक्ष रहेको विद्यालयको शैक्षिक अवस्था कस्तो छ ?

प्रतिक्रिया :

२ तपाईले विद्यालयको नियमित अनुगमन गर्नु भएको छ, छैन ? छ भने कति कति समयमा ?

प्रतिक्रिया :

३ तपाई सम्वद्ध विद्यालयमा विद्यार्थी भर्ना , उत्तीर्ण र कक्षा छाड्ने दर कस्तो छ ?

प्रतिक्रिया :

४ विद्यालयको आन्तरिक दक्षता वृद्धिगर्न के कस्ता तत्वहरुको आवस्यकता ठान्नु हुन्छ ?

प्रतिक्रिया :

५ यहाको विचारमा विद्यालयको विचारमा विद्यालयको आन्तरिक दक्षता वृद्धि गर्न क कसले के कस्ता प्रयासहरु गर्नु पर्दछ ?

प्रतिक्रिया :

क) विद्यालय स्वयंले

ख) समुदाय

ग) सरकार

६ विद्यालयको आन्तरिक दक्षता वृद्धि गर्न विद्यालय व्यवस्थापन समितिले के कस्तो कदम चालेको छ ? वा विद्यालय व्यवस्थापनमा के सुधार गर्नु भएको छ ?

प्रतिक्रिया :

सहयोगका लागि धन्यवाद ।

## (विद्यालयको आन्तरिक दक्षता सम्वन्धि अध्ययन )

अनुसूची ५

(निरीक्षक तथा स्रोत व्यक्तिका लागि )

कार्यरत सस्थाको नाम : मिति :

ठेगाना : उत्तर

दाताको नाम :

**कृपया तलका प्रश्नहरु राम्रोसंग अध्ययन गरी आफ्नो प्रतिक्रिया दिनु होला ।**

१ तपाईले विद्यालयको निरीक्षण गर्दा कुन कुन पक्षको निरीक्षण गर्नु हुन्छ र कति कति समयमा ?
प्रतिक्रिया :

२ तपाईको विचारमा विद्यालया निरीक्षण गर्नुको मुख्य उद्देश्य के हो ?
प्रतिक्रिया :

३ तपाईले निरीक्षण गर्ने विद्यालयको आन्तरिक दक्षता कस्तो पाउनु भएको छ ?
प्रतिक्रिया :

४ विद्यालयको आन्तरिक दक्षता वृद्धि गर्न के कस्ता तत्वहरु आवस्यक हुन्छ ?
प्रतिक्रिया :

५ विद्यालयको आन्तरिक दक्षता वृद्धि हुन नसक्नुमा के कस्ता कठिनाइहरु छन् ? र ती कठिनाइहरु कम गर्न के कस्ता उपायहरु अपनाउन आवस्यक छ ?
प्रतिक्रिया :

६ विद्यालय निरीक्षकको नाताले निरीक्षण व्यवस्थामा के कस्तो सुधार गरेको खण्डमा विद्यालयको आन्तरिक दक्षतामा सुधार ल्याउन सकिन्छ ?
प्रतिक्रिया :

सहयोगका लागि धन्यवाद ।

## (विद्यालयको आन्तरिक दक्षता सम्वन्धि अध्ययन )

अनुसूची ६

(शिक्षक अभिभावक संघका अध्यक्षका लागि )

नाम : मिति :

विद्यालयको नाम : ठेगाना :

**कृपया तलका प्रश्नहरुको उपयुक्त विकल्पमा ठीक (√) चिन्ह लगाउनुहोस् ।**

१ तपाई अध्यक्ष रहेको विद्यालयमा के कस्ता शैक्षिक समस्याहरु प्रमुख छन् ?
क) कम विद्यार्थी भर्ना दर ख) बढी विद्यार्थी अनुत्तीर्ण
ग) विद्यार्थी कक्षा छाड्ने दर वढी घ) अन्य ......

२ विद्यालय शिक्षलाई गुणस्तरीय वनाउन शिक्षक अभिभावक संघको भूमिका कस्तो रहन्छ ?
क) अति आवस्यक ख) आवस्यक ग) खासै आवस्यक हुदैन घ) अन्य ......

३ यस विद्यालयमा शिक्षक अभिभावक संघको वैठक कति अवधिमा वस्छ ?
क) महिनाको एक पटक ख) दुई महिनाको एक पटक
ग) तीन महिनाको एक पटक घ) अन्य ......

४ उक्त वैठकमा प्राय कुन विषयमा केन्द्रित रहेर छलफल गर्नु हुन्छ ?
क) भौतिक पक्ष ख) शैक्षिक पक्ष ) प्रशासनिक पक्ष घ) अन्य .......

५ बैठकमा उपस्थित शिक्षकले विद्यालयका कुन कुन पक्षका वारेमा छलफलमा कुरा उठाउछन् ?
क) विद्यार्थीको पढाई ख) शिक्षकका सुविधा ग) प्र. अ. का वारेमा गुनासो
घ) विद्यालयको भौतिक सुविधा ङ.) अन्य ......

६ तपाईको विद्यालयमा विद्यार्थीको भर्ना दर कस्तो पाउनु भएको छ ?
क) वड्दो ख) घट्दो ग) अन्य ........

७ विद्यार्थीले वीचैमा पढाई छाड्नुको कारण के हुन सक्छ ?
क) विद्यालयको वातावरण ठीक नभएर ख) विद्यार्थी आफै पढाईमा कमजोर भएर
ग) कुसंगतमा लागेर घ) परिवारको हेलचेक्र्याई ङ.) अन्य .........

८ विद्यार्थी उत्तीर्ण दर उकास्न के गर्नु पर्ला ?

क) व्यवस्थापनमा सुधार ख) शिक्षकहरुलाई तालिम तथा पुरस्कारको व्यवस्था
ग) गैह्रजिम्मेवार शिक्षकहरुलाई दण्डको व्यवस्था घ) सवै ङ.) अन्य ..................

९ विद्यालयको आन्तरिक दक्षता ( भर्ना , उत्तीर्ण र कक्षामा रहिरहे अवस्था ) वृद्धि गर्न शिक्षक अभिभावक संघले के गर्न सक्छ ?
प्रतिक्रिया :

१० आन्तरिक दक्षता वृद्धि गर्न के कस्ता तत्वहरुको आवस्यकता हुन्छ ?
प्रतिक्रिया :

११ विद्यार्थीको उत्तीर्ण दर वढ्न नसक्नु , भर्ना गुणात्मक र संख्यात्मक रुपमा वढ्न नसक्नु , कक्षा छाड्ने दर वढ्दै जानुको पछाडि के कस्ता कारणहरु हुन सक्छन् ? उक्त कारणहरुको समाधान गर्न के गर्न सकिन्छ ?
प्रतिक्रिया :

१२ तपाईले विद्यालयको नियमित अनुगमन गर्नु भएको छ , छैन ? छ भने कति कति समयमा गर्नुहुन्छ ?
प्रतिक्रिया :

## (विद्यालयको आन्तरिक दक्षता सम्वन्धि अध्ययन )

### अनुसूची ७

(शिक्षकसंग गरिने छलफलका विषयवस्तुहरु )

१ विद्यार्थी भर्ना

२ विद्यार्थी उत्तीर्ण तथा अनुत्तीर्ण दर

३ विद्यार्थीको शैक्षिक सत्रको वीचैमा कक्षा छाड्ने दर

४ विद्यार्थीको कक्षामा रहिरहने अवस्था

५ विद्यालयको समग्र शैक्षिक अवस्था

६ विद्यालयको आन्तरिक दक्षता वृद्धि हुन नसक्नुका कारणहरु

७ विद्यालयको आन्तरिक दक्षता वृद्धि गर्न आवस्यक पर्ने तत्वहरु

८ आन्तरिक दक्षता वृद्धिका निम्ति चाल्न सकिने कदमहरु

क) सैद्धान्तिक कदम ख) व्यवहारिक कदम

# (विद्यालयको आन्तरिक दक्षता सम्वन्धि अध्ययन )

## अनुसूची ८

(विद्यार्थीसंग गरिने छलफलका वुदाँहरु)

१ अनौपचारिक रुपवाट परिचय गर्ने

२ पारिवारिक पृष्ठभूमि : वुवा आमाको नाम , परिवारका सदस्य संख्या

३ सवैभन्दा मन पर्ने र नपर्ने विषय : किन ?

४ सवै विषय पढाएको वुझिन्छ वुझिदैन ? किन ? वोलिको कारण , शिक्षकले आफ्नै सुरतालमा पढाउने भएर वा अन्य ।

५ तिमीहरुलाई पढाउने शिक्षकले कस्तो व्यावहार गर्नु हुन्छ ? साथीको जस्तै वा कडा ।

६ हाजिर, गृहकार्य परीक्षण नियमित हुन्छकि हुदैन ?

७ मासिक तथा एकाई परीक्षा लिने चलन छ कि छैन ? शिक्षकले मूल्याङ्कन के कसरी गर्नु हुन्छ ?

८ शिक्षण सिकाई गरिसकेपछि प्रश्न कसरी सोधिन्छ ? जान्ने नजान्ने दुवैलाई वा जान्नेलाई मात्र

९ कक्षामा विद्यार्थीको वसाई कस्तो छ ? जहा मन लाग्यो त्यही वस्ने वा रोटेसन गरेर वा जान्ने नजान्ने गरेर

१० यस विद्यालयबाट विद्यार्थीलाई शैक्षिक तथा छात्रवृत्ति सुविधा दिएको छ कि छैन ?

११ तिम्रो विद्यालयमा अतिरिक्त क्रियाकलाप नियमित रुपमा हुन्छकि हुदैन , के कति सहभागिता सहभागिता हुन्छ ? यसले पढाईमा के कस्तो प्रभाव पार्दछ ?

१२ आफ्नो पढाईको वारेमा सम्वन्धित शिक्षक तथा अभिभावकलाई भन्ने गर्छौ ि कगर्दैनौ ?

१३ अन्त्यमा विद्यालयको पढाइ राम्रो वनाउन के गर्नु पर्ला ?